साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ३ ✪ २७ माघ २०८२, मङ्गलबार ✪ 10 February 2026, Tuesday ✪ मूल्य रू. १०।-

# नेमकिपाको विचारमा जनताको सेवा नै गौरवको विषय

भक्तपुर। "जनताको सेवा गर्ने दुःखको कुरा होइन, गौरवको विषय हो। स्वार्थरहित सेवा गर्दा डराउनुपर्दैन। नेपाल मजदुर किसान पार्टी निःस्वार्थपूर्वक देश र जनताको सेवा गरी अगाडि बढ्छ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेमकिपाको स्थापना दिवसको अवसरमा नेपाल कर्मचारी समाजको आयोजनामा 'आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास' पुस्तकबारे माघ २३ गते भएको अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको हो।

आत्मनिर्भरतालाई ध्यानमा राखी काम गर्न सकेमा नेपाल आत्मनिर्भर हुन सम्भव भएको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "आत्मनिर्भर हुन हाम्रो सीप र स्रोतलाई हामीले नै उपयोग गर्ने नीति लिनुपर्छ। हामीले जनतालाई दुःख हुने काम कहिल्यै गर्नुहुन्न।"

"नेमकिपाले लेनिनवादी नीतिअनुसार पञ्चायतकालदेखि निर्वाचनलाई जनताको पक्षमा उपयोग गर्दै आएको छ। 'उग्रवादी विचार केटाकेटीको खेल' भनी लेनिनले उदाङ्ग्याउनुभएको छ", उहाँले स्पष्ट पार्नुभयो।

पार्टी सङ्गठन विस्तार गर्न सकेमात्र जनताबिच जान सकिने भएकोले सङ्गठन विस्तारमा कार्यकर्ता लाग्नु जरुरी भएको अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो।

उहाँले भन्नुभयो, "पार्टीका अग्रज कार्यकर्ताहरूको योगदान र निःस्वार्थपूर्वक जनताको सेवा गर्ने शिक्षाकै कारण भनपाले भ्रष्टाचाररहित विकास निर्माण गर्न सकेको हो जुन अरू स्थानीय तहको लागि उत्सुकताको विषय भइरहेको छ।"

"जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्न नसके क्रान्ति भए पनि असफलतामा टुङ्गिने भएकोले जनताको राजनीतिक र सांस्कृतिक स्तर उच्च बनाउन कार्यकर्ताहरू जनताबिच जानुपर्छ", अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "पहिलो विश्व युद्धपछि संसारमा रुसी समाजवादी सभ्यताको विकास भयो भन्ने दोस्रो विश्व युद्धपछि चीन, क्युवा, प्रजग कोरियालगायत पूर्वी युरोपमा समाजवादी लहर नै स्थापित भयो। त्यसैले साम्राज्यवादको विरुद्धमा लडाइँ गर्न डराउनुहुन्न।"

बाँकी पृष्ठ १२ मा

# जनतालाई मार्क्सवाद बुझाउन निरन्तर लागिरहने

भक्तपुर। "हामी देशको निम्ति अन्तिम दमसम्म लडछौँ। हामी कुनै शक्तिसामु झुक्ने कुरा गर्दैनौँ र इमानदारीपूर्वक काम गर्छौं। आकाशमा थुप्रै तारा छन्। चन्द्रमा एउटैमात्र छ। नेमकिपा त्यो चन्द्रमा हो, त्यो उज्यालो हो।" यो भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिले आयोजना गरेको महिला भेलामा राख्नुभएको हो।




उहाँले भन्नुभयो, "नेपालमा विभिन्न भाषाभाषी र जातजाति छन्। तिनका आ-आफ्नै परम्परा, संस्कृति र समस्या छन्। सबैलाई मार्क्सवादजस्तो अत्यन्त जटिल र बौद्धिक विषय बुझाउन समय लाग्नु स्वाभाविक हो। तर, हामी निरन्तर अगाडि बढ्छौँ।"

उहाँले भन्नुभयो, "हामी तत्कालको फाइदाका लागि होइन। दीर्घकालीन हितको लागि काम गर्छौं।" आफ्नो अडानमा बस्दा दुःख पाइए पनि त्यो दुःखले नयाँ पुस्तालाई सजिलो बनाउने तर्क उहाँले राख्नुभयो।

पार्टी अध्यक्ष बिजुक्छेँले महिलाहरूलाई पार्टीको इतिहास, पार्टी स्थापनाका आधार, पार्टी स्थापना हुनुपूर्वका भूमिगत गतिविधिबारे प्रशिक्षण दिनुभयो।

किसान सङ्घर्ष, सरसफाइ आन्दोलन, शैक्षिक आन्दोलन, भ्रष्टाचारविरोधी सङ्घर्षको जगमा नेमकिपा उभिएको चर्चा उहाँले गर्नुभयो।

उहाँले भन्नुभयो, "हामीले २०१५-२० सालदेखि जनताको राजनीतिक चेतनास्तर, शैक्षिकस्तर, जीवनस्तर उठाउने काम गर्‍यौँ। त्यतिबेला दलितलाई भन्दा बढी किसानलाई हेला गरिन्थ्यो। यहाँका किसानहरूलाई बेलायत, इजिप्टका दासहरूलाई जस्तो व्यवहार गरिन्थ्यो। हामीले तल्लो तहदेखि राजनीति, भूगोल र इतिहास पढायौँ। जनताको सेवा नै राजनीति हो भन्ने विचार हुर्कायौँ।"

नेमकिपालाई विदेशीको मात्र कुरा गर्ने पार्टी भन्ने आरोप पनि छ। संसारको कुनै पनि कुनामा भएको अन्याय अत्याचारको विरोध हामी गर्छौं। आज छिमेकीको घरमा चोर पस्दा नबोलेपछि भोलि हाम्रै घरमा चोर लाग्दा कसले बोल्ने, कसलाई गुहार्ने ? उहाँले प्रश्न गर्नुभयो।

उहाँले भन्नुभयो, "जमिन जोत्नेलाई मोहियानी हक दिलाउन संसद्मा आवाज दिने पार्टी नेमकिपा हो। कमैयालाई आफूले जोत्दै आएको जमिनको हक नदिन मुक्तिको घोषणा गरेको हो। पुँजीवादी देशमा सस्तो ज्यामी मजदुर पठाएको विरोधमा नेमकिपाले संसद्मा आवाज उठायो।"

उहाँले जोड दिनुभयो, "संसदीय व्यवस्था र राजनीतिक कुरा थाहा भएकाहरूले संसद्मा प्रतिनिधित्व गरे देश र जनताको लागि राम्रो योगदान दिन सक्छन्।"

उहाँले थप्नुभयो, "हामीले महिलाहरूलाई साक्षर र शिक्षित बनाउन मेहनत गर्‍यौँ। फलस्वरूप २०४५ सालको भक्तपुर काण्डमा यहाँका महिलाहरू सङ्घर्ष गर्न सक्षम बने।"

"छोरीहरूलाई राम्रो शिक्षा र व्यवहार सिकाउँदा समाज राम्रोसँग अगाडि बढ्छ", उहाँले जोड दिनुभयो।

नेमकिपाका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई उपयोग गरेर २०१९ सालयता भ्रष्टाचारविरोधी आन्दोलन, मोहियानी हकको आन्दोलन, सुस्तामाथि भारतीय विस्तारवादको हस्तक्षेपको विरोधमा सार्वभौमिकता रक्षा आन्दोलन, साम्राज्यवादको सार्वभौम देशमाथिको नाकाबन्दी, धम्की, अपहरण, आक्रमणको विरोध गर्दै आएको छ भन्नुभयो।

देश हितविपरीतका सन्धि-सम्झौताको सडकमा विरोध एवं संसद्मा

बाँकी पृष्ठ १२ मा

# नेमकिपाले संसद्लाई प्राज्ञिक थलोको रूपमा उपयोग गर्ने

काठमाडौँ। नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा माघ २६ गते 'प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ उम्मेदवार प्रशिक्षण' कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "नपाली जनताबाट जहानियाँ निरङ्कुश शासनको विरोध भएपछि सामन्त र पुँजीपति वर्गले माटो सुहाउँदो भन्दै स्थापना गरेको निर्दलीय पञ्चायती सरकारबाट देश र जनताको सेवा नभएपछि पुँजीपति वर्गले पञ्चायती व्यवस्था फालेर बहुदलीय प्रजातन्त्रको नाममा देश र जनतामाथि शासन र शोषण गर्‍यो। यो व्यवस्थामा नेका, एमाले, माओवादी, रास्वपा, राप्रपासमेत प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भए तर देश र जनताको सेवा भएन। गत भदौ २३ र २४ गतेको नयाँ पुस्ताको आन्दोलनमा घुसपैठ र आगजनी भएपछि विस्तारवाद र साम्राज्यवादका दलालहरू 'नयाँ' को नाममा निर्वाचन जितेर प्रधानमन्त्री र मन्त्री हुने तयारीमा छन्।"

उही संविधानअनुसार सरकारमा प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूको दल र नेता फरक भए पनि काम एउटै भएको उल्लेख गर्नुहुँदै सचिव सुवालले पुँजीवादी व्यवस्थामा पुँजीपति वर्गले थाकेको घोडा फेर्ने बताउनुभयो।

उहाँले बताउनुभयो, "संसद् देशको नीति र कार्यक्रम बनाउने, बजेट र विधेयक पारित गर्ने, विदेशसँगको सन्धि सम्झौताबारे छलफल गर्ने एक प्राज्ञिक थलो हो। सडक, पुल, घोडेटो-गोरेटो बनाउने काम स्थानीय पालिकाको हो।"

"संसद्मा देशको सन्तुलित विकासलगायत जनताको शिक्षा-स्वास्थ्य, रोजगारीबारे छलफल हुन्छ। युवालाई वैदेशिक रोजारीमा पठाएर दाल, चामल, तरकारी, फलफूल सबै विदेशबाट किन्ने सरकारहरूको आलोचना गर्ने र फाल्ने काम संसद्को हो। नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरूले संसद्मा पुगेर यही कर्तव्य निर्वाह गर्नुभएको हो" सचिव सुवालले उल्लेख गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीको मत देशैभरि नबढेसम्म सुन्दर भविष्य, नयाँ युगको सुरुआत, स्थीर सरकार, सुशासन, लोकतन्त्रको जीत नहुने उल्लेख गर्नुहुँदै उहाँले लोकतन्त्र वा प्रजातन्त्र भनेको जीवन पद्धति, आर्थिक समानता र सामाजिक न्याय रहेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् काठमाडौँ जिल्ला समितिका अध्यक्ष नारायण महर्जनले जनताको प्रजातन्त्र हुँदै समाजवादबाट साम्यवादसम्म पुग्ने नेपाल मजदुर किसान पार्टीको विचार जनतामाझ पुर्‍याउन सबै कार्यकर्ता लाग्नु जरुरी रहेको बताउनुभयो।

नेमकिपाका अर्का केन्द्रीय सदस्य राजवीर डङ्गोलले शासक दलहरूले आचारसंहिता उल्लङ्घन गरी जनताको मत प्रभावित पार्ने गलत बाटो अपनाएको बारे नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता सचेत भई जनतासामु उनीहरूको गलत गतिविधि उदाङ्ग्याउन लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समितिका शैलेश डङ्गोलले पनि बोल्नुभएको थियो।

# के स्वास्थ्य बीमा कार्यक्रम बन्द हुँदै छ ?

स्वास्थ्यमन्त्री डा. सुधा शर्माले 'तत्काल १४ अर्ब बजेट नदिए स्वास्थ्य बीमा कार्यक्रम बन्द हुन्छ, अर्थ मन्त्रालयले रकम दिन नसक्ने भए कार्यक्रम बन्द गर्न अनुमति दिनुपर्‍यो' भनी हालै एक सार्वजनिक कार्यक्रममा बोलेकी छन्।

स्वास्थ्य बीमा कार्यक्रमले विपन्न नेपाली जनतालाई निकै राहत दिएको छ। २०७२ सालदेखि लागू भएको उक्त बीमा कार्यक्रम हाल देशका ७७ वटै जिल्लाका ५०० भन्दा बढी अस्पतालमा लागू भइसकेको छ। ती अस्पतालहरूले मासिक २ अर्बभन्दा बढी भुक्तानी माग गर्ने गरेको बीमा बोर्डको कुरा सही मान्य हो भने स्वास्थ्य बीमा बोर्डले अस्पतालहरूलाई वार्षिक २४ अर्बभन्दा बढी भुक्तानी गर्नुपर्ने देखिन्छ। तर, नेपाल सरकारले चालू आ.व.२०८२।८३ बजेटमा भने स्वास्थ्य बीमा शीर्षकमा जम्मा १० अर्ब मात्र विनियोजन गरेको छ। आवश्यकताको हिसाबले त्यो अत्यन्त न्यून रकम हो। आ.ब. को आधा समय व्यतित भई नसक्दादेखि नै बीमा बोर्डले भुक्तानीमा समस्या आएको बताउँदै आएको छ। बीमा बोर्डमा रकम कम भएको भनी स्वास्थ्यमन्त्री स्वयम्ले बीमा कार्यक्रम बन्द गर्ने प्रस्ताव सार्वजनिक रूपमै आउनु दुःखद पक्ष हो। स्वास्थ्यमन्त्रीको कुरा सरकारलाई दबाब दिनमात्र हो या बीमा कार्यक्रम बन्द गर्ने आशयले नै आएको हो त्यो भने प्रस्ट हुन सकिएको छैन।

स्वास्थ्य बीमाको लागि आवश्यक स्रोतको सुनिश्चितता नेपाल सरकारले गर्ने हो। प्रति ५ जनाको परिवारसँग ३५००। लिएर रु.१ लाखसम्मको बीमाको प्रतिबद्धता गरी सकेपछि स्वास्थ्य बीमा बोर्ड त्यो जिम्मेवारीबाट भाग्न मिल्दैन। नेपालको संविधानमा नै आधारभूत स्वास्थ्य उपचार निःशुल्क गर्ने मौलिक हकमा राखिएको छ। त्यो पूरा गर्ने जिम्मेवारी सरकारकै हो। जनतालाई दिइरहेको सुविधा बन्द गरिएमा त्यो जनघात हुनेछ। युवाहरूको विध्वंसात्मक प्रदर्शनपछि गठन भएको सरकारले स्वास्थ्य सेवा बन्द गरेमा त्यसले सरकारलाई त नराम्रो असर पार्ने नै छ। त्योभन्दा पनि 'हामी सुशासन दिन्छौँ' भनेर जनताको घर दैलोमा गएर भोट मागिरहेका उम्मेदवारहरू बढी प्रश्नको घेरामा पर्नेछन्।

ललितपुर महानगरका प्रमुख चिरिबाबु महर्जनले सरकारले बीमाबापतको भुक्तानी नगरे महानगरले दिने सार्वजनिक रूपमै बोले। त्यो बोल्न जति सजिलो छ, कार्यान्वयन गर्न त्यत्तिकै गाह्रो विषय हो। सरकारले स्रोत भर्ना दिन्छ कि दिँदैन सरकारको कुनै विश्वास छैन। किनभने, यो जनताको सरकार होइन।

नेपालमा १६ लाखभन्दा बढी परिवार लक्षित वर्गमा पर्छन्। ती परिवारको निःशुल्क बीमा हुन्छ। अन्य ७० लाखभन्दा बढी जनता बीमामा आबद्ध छन्। उनीहरूले तिरेको रकमले मात्र सरकारले बीमा बापतको भुक्तानी सम्भव छैन। आवश्यक स्रोत जुटाउनका लागि नियमित आयस्रोत भएका निजामती कर्मचारी, शिक्षक, बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी, सेना, प्रहरी र सशस्त्र प्रहरी बलका जवानहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउनु राम्रो विकल्प हुन सक्छ।

स्वास्थ्य बीमाको सुविधा अस्पतालहरूले बन्द गरेको खण्डमा बिरामीहरू निजी अस्पताल वा क्लिनिकमा जान बाध्य हुनेछन्। निजी क्षेत्रको उपचार अत्यन्त महँगो पर्छ। ठूलो रोग लाग्यो भने लाखौँ रुपैयाँ खर्च हुन्छ। गरिबहरूले घर खेत बेचेर खर्च गर्न बाध्य हुनेछन्। व्यक्तिगत उपचार खर्चकै कारण वार्षिक ५।६ लाख नेपालीहरू गरिबीको रेखामुनि झर्छ भने तथ्याङ्क सार्वजनिक भएको छ।

माघ १ गतेदेखि सूचना दिएरै टिचिङ अस्पतालले बीमा सुविधा बन्द गर्‍यो। धेरै सर्व साधारण जनताले अत्यन्त समस्या भोगिरहेका छन्। अन्य ठूल्ठूला सरकारी अस्पतालहरू पनि बन्द गर्ने क्रममा छन्। यही अवस्था रही रह्यो भने वीर अस्पताल, पाटन अस्पताललगायत देशका महत्त्वपूर्ण सरकारी अस्पतालहरूले समेत अबको केही समयपछि बीमा सुविधा बन्द गरेका समाचार आएमा आश्चर्य नमान्ने हुन्छ। यस्तो अवस्थामा स्वास्थ्यमन्त्री स्वयम्ले बीमा बोर्डले भुक्तानी दिन नसक्ने र बीमा कार्यक्रम बन्द गर्न अर्थमन्त्रीलाई गुहारेको विषयले त अब

बाँकी पृष्ठ १२ मा

# संसद्मा प्रखर प्रतिपक्षमा नेमकिपा

भक्तपुर। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा सूर्यविनायक नपा ७ मा माघ २४ गते कार्यकर्ता भेला सम्पन्न भयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपा सांसदले संसद्मा प्रखर प्रतिपक्षको भूमिका निभाएर यसलाई जीवन्त राखेको बताउनुभयो।


विचार, सिद्धान्त र व्यवहारमा अब्बल भई जनताको सेवा गर्नु नै राजनीति हो भन्दै उहाँले भन्नुभयो, "नेपालको समग्र राजनीतिक इतिहासमा सच्चा कम्युनिस्ट पार्टीको अद्वितीय नमुना नेमकिपाले आफ्नो कामबाट प्रस्ट पारेको छ। आकार ठुलो हुँदैमा जनपक्षीय काम नहुने हुँदा आम नागरिक राजनीतिकरूपमा सचेत र सङ्गठित हुनुपर्छ।"

विदेशी सङ्घ संस्थाको आडभरोसामा परिवर्तन र विकास निर्माणका काम गर्दा स्वाभिमान र सार्वभौमिकतामाथि चुनौती आउन सक्नेतर्फ औँल्याउँदै उहाँले भन्नुभयो, "स्थानीय जनसमुदायको साथ, सहयोग र अग्रजहरूको कुशल नेतृत्वले सम्पदा पुनःनिर्माण सफल भएको छ। यसमा हामीलाई आत्मगौरव महसुस हुन्छ।"

उहाँले भन्नुभयो, "भदौ २३ र २४ गतेको घटना र त्यसबाट सिर्जित परिवेशले विदेशी शक्तिले नेपालको खरानीमाथि राजनीति गर्दै छ। यसमा नव पुस्ता जागरुक र सचेत हुनु आवश्यक छ।"

"पद र पैसाको राजनीति गर्ने दलहरूको पछि नलाग्न जनतालाई अनुरोध गर्दै आगामी निर्वाचन निःस्वार्थ रूपमा जनताको सेवा गर्ने नेमकिपालाई विजयी

बाँकी पृष्ठ १२ मा



यदि गरिब मानिसहरूको दयनीय अवस्था प्राकृतिक कानुनका कारणले नभई बरु हाम्रा संस्थाहरूका कारणले भएको हो भने त्योभन्दा ठुलो पाप अरू हुन सक्दैन ।

**चार्ल्स डार्विन** (विश्वविख्यात वैज्ञानिक)

## सम्पादकीय

# आऔँ हामी देश र जनताको सेवामा समर्पित होऔँ !

निर्वाचन नजिक आउँदा आउँदै पनि तुलनात्मक रूपले यसपालिको प्रजातान्त्रिक गतिविधि सुस्ताएको अनुभव मतदाताहरूले अनुभव गरेकोमा दुईमत नहोला । ढिलै भए पनि गाली सरापको सट्टा शिष्टतापूर्वक राजनैतिक दलहरूको सिद्धान्त, नीति र यसपालिको 'निर्वाचन घोषणापत्र' बारेमा छलफल भएमा प्रजातन्त्रप्रति जनताको आस्था बढ्नेछ । नत्र, गत भदौको नयाँ पुस्तालाई अगाडि सारेर गरिएको उपद्रव र विध्वंसबाट त्रस्त जनतामा नयाँ आशाको सञ्चार हुन ढिलो हुनेछ । शासक दलहरू र हिजो शासनमा गएका उम्मेदवारहरूले नीतिगत रूपले पक्षपातरहित विकास निर्माणको कार्यक्रम र योजना प्रस्तुत गरेमा निर्वाचनप्रति जनतामा नयाँ आशा र उमङ्ग देखापर्नेछ ।

आफ्नै ठेकेदारहरूले बनाएका गाउँ गाउँका खोटपूर्ण प्राविधिक सडकहरूको छेलोखेलो र त्यसैको परिणाममा भू-स्खलन र बाहनहरूको दुर्घटनाले ल्याएको जनधनको क्षति स्वयम् आतङ्कको रूप लियो ।

उपत्यकाका केही सडकहरूको निर्माणबारे पैसै खर्च गर्ने उद्देश्यले बनाएको र त्यसको आवश्यकता आफै एक प्रश्न चिह्न बन्यो । त्यस्ता सडकहरूलाई चुनावी सडक नाम दिनु आफै शासक दलहरूले देखाएको अपव्यय हो भन्ने ठहर हरेक बुद्धिजीवी समुदायमा परेको स्पष्ट छ ।

हिजो राजनैतिक दलहरूको निर्वाचन घोषणापत्रमा हुँदै नभएका एवं सैद्धान्तिक र राजनैतिक गठबन्धन गर्नै नहुने दलहरू एक ठाउँमा बसेर शासन गर्दा जनताको अनुभव 'न यो हाँसको चाल हो, न त कुखुराको चाल हो' भन्ने लाग्यो । मानिसहरू समाजमा बस्दा सबैले आ-आफ्नो रीतिरिवाज, संस्कृति र सभ्यतालाई ध्यान दिएको सर्वविदित्तै छ । मानिसहरू खाना खाने बेलामा समेत हात धुने, कुल्ला गर्ने परम्परालाई पूरा गर्छन् । अहिले देखिएको नेपालमा चलिरहेको प्रजातान्त्रिक पद्धति र शैली बेलायती (बेस्ट मिनिस्टर सिस्टम) शैली हो । कन्जरभेटिभ (रुढीवादी) र लिवरल (उदारवादी) भनी शिविर छुट्टिन्छ । तिनीहरू आपसमा गठबन्धन गर्दैनन् । तिनीहरू आ-आफ्ना परम्पराअनुसारको राजनैतिक 'अभक्ष' खाना खाँदैनन् र सङ्गत गर्दैनन् ।

संयुक्त राज्य अमेरिकामा पनि रिपब्लिकन वा गणतन्त्रवादी अति दक्षिणपन्थी हुन्छ भने 'डेमोक्रेटिक' (प्रजातन्त्रवादी) जातीय रूपले होस् वा परराष्ट्र नीतिमा पनि अलि 'संयमी' वा 'उदार' हुन्छ भन्ने भनाइ छ । प्रजातन्त्रवादी दल सत्तामा आउँदा 'हब्सी' वा 'अफ्रिकी जाति' का पनि राष्ट्रपति बने । ल्याटिन अमेरिकी (क्यारिबियाली देश) ले क्युवासँग पनि कूटनैतिक सम्बन्धलाई राम्रो बनायो । 'गणतान्त्रिक' (रिपब्लिकन) भनिने ट्रम्पले संयुक्त राष्ट्र सङ्घको बडापत्रको दफा २ विरुद्ध भेनेजुयला भन्ने एक स्वतन्त्र र सार्वभौम देशमा राती बत्ती निभाएर राष्ट्रपति माडुरो र उहाँकी श्रीमतीलाई पनि अपहरण गरी अमेरिकामा बन्दी बनाए - एक कानुनविरोधी अपराधी गिरोहले अपहरण गरेजस्तै ।

तर, नेपालका शासक दलहरू नेपाली काङ्ग्रेस, एमाले, राप्रपा आदि एउटै सरकारमा जान्छन् - नेमकिपाबाहेक ! के यसलाई नेपालका शासक दलहरूलाई बोलीचाली भाषामा 'सर्वभक्षी' भन्न मिल्छ ? धार्मिक हिसाब 'सर्वभक्षी' घेरामा 'अघोरी बाबा' मात्र भनिनु उचित हुन्छ होला ! तर, शासक दलहरू रङ्ग र रूपविहीन 'निरञ्जन' 'निराकार' त होइनन्, नाम नेपाली काङ्ग्रेस, एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी आदि !

प्रजातान्त्रिक समाजमा राजनैतिक दलहरूको आ-आफ्नै राजनैतिक दर्शन, आदर्श समाजको कल्पना, सिद्धान्त र नीति हुन्छ, सोअनुसार आ-आफ्नो राजनैतिक दलको फरक फरक 'निर्वाचन घोषणापत्र' पनि हुन्छ । 'गाँसेगुसे एकै नासे' भन्ने भनाइलाई भन्ने आरोपको निम्ति कुनै 'छिद्र' दिने काम गर्दैन । यो एक राजनैतिक नैतिकता पनि हो र जनताप्रति विश्वास जगाउने र प्रस्टताको परिचय पनि हो ।

हामी आशा गरौँ, सबै राजनैतिक दलहरूको आ-आफ्नो सुन्दर र स्पष्ट चेहरा लिएर आफ्नो राजनैतिक दर्शन र नैतिकताको झन्डालाई उँचो उठाएर नेपाल र नेपाली जनताको स्वतन्त्रता र सार्वभौमिकता रक्षा गर्न साम्राज्यवाद र विस्तारवादको विरोधमा सङ्घर्ष गर्न मन मस्तिष्कलाई ताजा राखौँ !

# संविधानसभाको निर्वाचन २०६४ र २०७० सालको नेमकिपा घोषणापत्रको अध्ययन सार

✍ प्रज्ज्वल

**पृष्ठभूमि**

नेपाली जनताले तीस वर्ष सङ्घर्ष गरेर निर्दलीय पञ्चायती व्यवस्थालाई फालेका थिए । २०४६ सालमा बहुदलीय व्यवस्था पुन:स्थापनालगत्तै अन्तरिम सरकारमा पुगेका नेका र एमाले ( तत्कालीन माले र मार्क्सवादी) ले भारतीय एकाधिकार पुँजी र विस्तारवादसित 'नेपालका नदीननाला भारतको साझा हुने' सम्झौता गरे । २०४८ सालमा भएको संसदीय निर्वाचनपछि गठन भएको नेकाको गिरिजा सरकारले सार्वजनिक संस्थान निजीकरणको नाममा विदेशीसमेतलाई बिक्री गऱ्यो भने टनकपुर समझदारीको नाममा भारतीय विस्तारवादलाई नेपाली भूमिमा बाँध र तटबन्ध बनाउन लगायो । सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीपारि मात्र भारत पर्दछ अर्थात् महाकाली नदी सिङ्गै नेपालको हो । २०५१ सालको संसदीय निर्वाचनपछि एमालेको अल्पमतको सरकारले नेकाकै आर्थिक नीति निजीकरण र विस्तारवाद एवम् साम्राज्यवादको पिछलग्गु हुने विदेश मामिला नीति अङ्गिकार गऱ्यो । एमालेले आफ्नो सरकार टिकाउन नेकाका सांसदहरू किन्न रु. २ करोड पठाएको पनि सार्वजनिक भयो ।

एमालेको अल्पमतको सरकार ढालेर गठन भएको नेकाको देउवा सरकारले २०५३ सालमा सदभावना र राप्रपा पार्टीसमेतको सहयोगमा देशघाती महाकाली सन्धि संसद्‌बाट पारित गरायो । देउवाले सरकार टिकाउन दाहाल (प्रचण्ड) को नेतृत्वमा प्राडो-पजेरो काण्ड, सांसद अपहरण काण्डलगायत सबै गलत काम गरे । देउवा सरकारकै पालमा २०५२ फागुन १ गतेबाट पुष्पकमल दाहाल र बाबुरामको नेतृत्वमा माओवादी सशस्त्र द्वन्द्व सुरु भयो । भारतीय शासक वर्गको सहयोग प्राप्त माओवादी अन्तत: 'भारतीय ट्रोजन हर्स' भएको साबित भयो ।

२०५६ सालको संसदीय निर्वाचनमा नेकाका कृष्णप्रसाद भट्टराई सरकारको नेतृत्वमा पुग्यो । एक वर्षपछि नेकाका गिरिजाकै नेतृत्वमा सरकार गठन भयो । रोल्पाको होलेरी काण्डमा नेपाली सेना र माओवादी लडाकु आमुन्ने सामुने परेपछि गिरिजाले राजीनामा दिए । त्यसपछि नेकाका देउवाको नेतृत्वमा २०५८ साउन ११ गते सरकार बन्यो । देउवाले गिरिजासँग मतभेद राख्दै सङ्कटकालमा २०५९ जेठ ८ गते प्रतिनिधिसभा भङ्ग गरी ६ महिनाभित्र चुनाव हुने घोषणा गऱ्यो भने २०५९ साउनबाट स्थानीय निकायको समेत चुनाव नगरी देश जनप्रतिनिधिविहीन बनायो । देउवाले आफ्नै नेतृत्वमा नेका (प्रजातान्त्रिक) पार्टी गठन गरे ।

देउवाले तत्कालीन संसद् र स्थानीय तहको निर्वाचन दुवै गर्न सकेनन् । नेमकिपाले देउवाको त्यो प्रतिगमनको विरोध गर्दै संसद् र स्थानीय निकाय पुन:स्थापनाको आवाज उठायो । तत्कालीन राजा ज्ञानेन्द्रले २०५९ असोज १८ गते देउवालाई असक्षम घोषणा गरी आफ्नो अनुकूल राप्रपाका लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई पालैपालो प्रधानमन्त्री बनाए । नेमकिपा, नेका, एमाले, राजमो, सदभावना पार्टीले प्रतिगमनविरोधी आन्दोलन अघि बढाए । राजा ज्ञानेन्द्रले २०६१ साल जेठ २१ गते देउवालाई पुन: प्रधानमन्त्री बनाए । एमाले आन्दोलन छोडेर 'प्रतिगमन आधा सच्चियो' भन्दै देउवाको प्रतिगामी सरकारमा सामेल भयो । नेमकिपाले प्रतिगमनविरोधी आन्दोलनलाई चालू राख्यो । राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते एमालेसमेतको देउवा सरकारलाई भङ्ग गरी आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गऱ्यो । एमाले र देउवा (नेका प्र.) ले आ-आफ्ना गल्ती नदोहोऱ्याउने बाचा गरी नेमकिपासहित सात दलको आन्दोलनमा सामेल भए ।

शासक दलहरू साम्राज्यवाद र विस्तारवादको इसारामा आन्दोलन राजधानी केन्द्रित गर्ने र छिट्टै सरकारमा जाने दाउमा थिए । नेमकिपाले आन्दोलन नेपाली जनताको भरमा देशको कुना कुनामा पुऱ्याउनुपर्ने अडान राख्यो । शासक दलहरूले भारतको दिल्लीमा माओवादीसँग १२ बुँदाको समझदारी गरे । १२ बुँदे समझदारीमा नेपालको सार्वभौमिकता र जनआन्दोलन समेत भारतको प्रभावमा पर्ने हुँदा नेमकिपाले सो समझदारीमा फरक मत पनि राख्ने र संयुक्त आन्दोलन पनि चालू राख्ने नीति लियो । जनआन्दोलनको भरमा २०६३ वैशाख ११ गते प्रतिनिधिसभा पुन:स्थापना भयो । नेमकिपाबाहेक नेका, एमाले, राजमो, सदभावना, माले र संयुक्तको सरकार गठन भयो । यो सरकारले पनि जनआन्दोलनको आवाजअनुसार स्थानीय तह पुन:स्थापना गरेन बरु विदेशीलाई नेपाली नागरिकता दिने कानुन बनायो । नेमकिपाले सरकारको यो देशघाती कानुनको विरोध गऱ्यो ।

दश वर्ष सशस्त्र द्वन्द्व गरेको माओवादी २०६३ असार २ गते सार्वजनिक भयो । २०६३ साल माघ १ गते माओवादीसमेत संसदमा प्रवेश हुने अन्तरिम संविधान जारी भयो । २०६३ चैत १८ गते माओवादीसहितको अन्तरिम सरकार गठन भयो । यो सरकारले पनि जनताका शिक्षा, स्वास्थ्य, रोजगारीबारे कुनै नयाँ कार्यक्रम ल्याएन बरु निलम्बित राजतन्त्रको लागि करोडौं बजेट व्यवस्था गऱ्यो अर्थात् प्रतिगमन यथावत भयो ।

XXX

२०६४ चैत २८ गते संविधानसभाको निर्वाचन हुने तिथि तय भयो । शासक दलहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नारा दिए । नेपाल मजदुर किसान पार्टीले २०६४ सालको संविधानसभाको घोषणापत्रमा स्पष्ट उल्लेख गऱ्यो- "भारत, पाकिस्तान, श्रीलङ्कालगायत देशमा ६० वर्षअघिदेखि लोकतान्त्रिक गणतन्त्र चालू छ तर जनताका समस्या समाधान भएन । तसर्थ उत्पादनका मुख्य साधन र सेवा राष्ट्रियकरण हुने समाजवादी गणतन्त्र आवश्यक छ । नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था हुनुपर्दछ । शासक दलका नेताहरूमा खस ठूलो राष्ट्र अहङ्कारवाद र पक्षपात भएको हुँदा देशको सन्तुलित विकास भएन । सरकार परिवर्तनसँगै माथिल्ला कर्मचारी हटाउने स्पवाइल सिष्टम जरुरी हुन्छ । शोषणविरुद्धको अधिकार र आर्थिक समानताको लागि संविधानमा समाजवादउन्मुख प्रावधान राख्नु जरुरी हुन्छ ।"

घोषणापत्र अगाडि लेख्छ, "भविष्यमा तीन पार्टी तानाशाही हुने सम्भावना देखिन्छ । सबै किसिमको तानाशाही समाप्त पार्न मतसीमासम्बन्धी कानुनी व्यवस्था हुनु जरुरी छ । संसद्‌हरू मन्त्री बन्न नपाउने र कार्यकारी प्रमुखको अनुकूल सम्बन्धित विषयका जानकार र विज्ञहरू सम्मिलित देशभक्तहरूको सानो मन्त्रिमण्डल गठन हुनुपर्दछ । हिमाल-पहाड-तराई समेटिएको प्रदेश संरचना तथा प्राकृतिक स्रोत र विदेशीसँग जोडिएको विषय संसद्‌को दुईतिहाइ बहुमतबाट पारित हुनुपर्दछ । बजेटको आधा स्थानीय तहमार्फत विकास गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।"

"विद्यालय शिक्षा (कक्षा १२ सम्म) नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क हुनुपर्दछ । स्वास्थ्य र सुरक्षाको लागि १८ वर्ष पुगेकालाई सैनिक प्रशिक्षण दिने र संवैधानिक आयोग, न्यायालय, सेना प्रहरीसमेतका प्रमुखहरू सम्बन्धित क्षेत्रबाट निर्वाचित हुने व्यवस्था जरुरी छ", घोषणपत्रमा उल्लेख छ ।

"नेपालीलाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्ती र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्दछ । नेपालमा सरकारको समानान्तर बजेट खर्च गर्ने र मुद्रास्फिति बढाउने विदेशी पैसाबाट सञ्चालित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नियन्त्रण गर्नु आवश्यक छ । विश्वव्यापीकरणको नाममा साम्राज्यवादको हतियार भएर काम गर्ने विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार सङ्गठन, एसियाली विकास बैङ्कलगायतको आर्थिक जालबाट देशलाई सुरक्षित राख्नुपर्दछ ।" घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्रमा नागरिकको कर्तव्य देशको भूअखण्डता र सीमाको सुरक्षा गर्ने, टुहुरा टुहुरी, असहाय, विधवा, ज्येष्ठ नागरिकको सेवा गर्ने, अन्धविश्वासको अन्त्य गरी विज्ञानसम्मत समाज निर्माण गर्ने उल्लेख छ ।

संविधानसभाको निर्वाचनपछि धेरै स्थान प्राप्त माओवादीका दाहालको नेतृत्वमा एमालेको समर्थनमा सरकार गठन भयो । यो सरकार ९ महिनामा गिऱ्यो । त्यसपछि नेकाको समर्थनमा एमालेका माधवकुमार नेपालको सरकार बन्यो । यो सरकार गिरेपछि माओवादीको समर्थनमा एमालेका झलनाथ खनाल प्रम भए । यो सरकार गिरेपछि नेका र मधेसी दलको समर्थनमा माओवादीका बाबुराम भट्टराईको सरकार गठन भयो । पालैपालो सरकारको भागबण्डामा पुगेका भागबण्डामा लागेका शासक दलहरूले दुई वर्षमा संविधान बनाउने बाचा गरे पनि चार वर्षमा पनि बनाउन सकेनन् ।

नेका, एमाले, माओवादी र मधेसी दलबिच तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सरकारप्रमुख पनि बनाउने, जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नागरिकता दिने, २०७० मङ्सिर ४ गते संविधानसभाको दोस्रो चुनाव गर्ने सहमति भयो । नेमकिपाले सो सहमतिमा रहेको नागरिकतासम्बन्धी व्यवस्थालाई विरोध गऱ्यो । सो सहमतिअनुसार प्रम बाबुरामले पहिलो संविधानसभा भङ्ग गरे । वास्तवमा माओवादीको यो देशघाती कदम हो ।

XXX

दोस्रो संविधानसभाको निर्वाचन २०७० साल मङ्सिर ४ गते सम्पन्न भयो । सो निर्वाचनको लागि तयार भएको नेमकिपाको घोषणपत्रमा उल्लेख छ - "आत्मनिर्णयको अधिकारसहितको एक मधेस एक प्रदेशले देश टुक्रिने र प्राकृतिक स्रोत-साधनसमेत विदेशीको कब्जामा पर्ने खतरा छ । संविधान साध्य होइन, साधन हो, त्यो साधनलाई विखण्डनकारीको अनुकूल बन्न दिनु हुँदैन । देशको हरेक क्षेत्रमा अराजकता ल्याउन शासक दलहरू जिम्मेवार छन् । कम्युनिस्ट आन्दोलनको नाममा अराजकता र ट्रोट्स्कीवाद ठूलो विराम हुनेछ ।"

"देशलाई विस्तारवाद र साम्राज्यवादको नवउपनिवेश हुन नदिन नेपाली जनता सचेत हुनु पर्दछ । नवउदारवादको अर्थ विदेशी पुँजीलाई ढोका खोल्न लगाउने आक्रामक पुँजीवाद हो । ब्रिक्स (BRICS) र एल्वा ( ELBA) जस्ता साम्राज्यवादविरोधी आर्थिक सङ्गठनहरूका कारण संसारमा नयाँ आशा पलाएको छ ।" घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्र अघि बढ्छ-"शासक दलहरूका नेता र कार्यकर्ताहरूले समाजको मूल्य र मान्यता तथा नैतिकताको सीमा नाघ्दा साधारण जनतामा समेत व्यक्तिवादी भावना बढ्यो । महिलाहरूलाई विदेशमा बेच्ने म्यानपावर कम्पनीहरूलाई कडा सजाय हुने कानुनी व्यवस्था जरुरी छ । शासक दलहरूले सरकार ढाल्ने र बनाउने 'सत्ताको कुकुर झगडा' र 'फोहोरी खेल' मा ९० प्रतिशत समय लगाए तर संविधान बनाउन १० प्रतिशत पनि लगाएनन् ।"

संविधान निर्माणपछिको २०७४ र २०७९ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन घोषणापत्र सङ्क्षिप्त अध्ययन आगामी अङ्कमा प्रकाशित गरिनेछ ।

# पञ्चाङ्ग समितिले चाडपर्व विवादित नबनाओस्




शुक्र

पञ्चाङ्ग निर्णायक विकास समितिले आउँदो २०८३ सालको पात्रो विवादरहित हुने बतायो । पात्रो तयार गर्नुअघि समितिले पञ्चाङ्गकार, विश्वविद्यालयका विज्ञ, ज्योतिषविज्ञलगायत सबैको सुझाव लिएको बतायो । सो पात्रोको आधारमा सरकारले सार्वजनिक बिदासमेत घोषणा गर्दछ ।

हालै प्रकाशित २०८३ सालको पात्रोमा विजया दशमीको महाअष्टमी दुईदिन परेको छ । असोज १ र २ गते महाअष्टमी परेकोले अघिल्लो दिन मनाउने हो वा पछिल्लो दिन भन्नेमा दुविधा हुनेछ । बिसं २००० सालमा पनि यस्तो अवस्था आएको समितिले बतायो ।

२०८३ सालको यम पञ्चक (तिहार) शुरुको दिन कार्तिक २१ गते काग तिहार पर्दछ । तर, २२ गते कुकुर तिहार र लक्ष्मीपूजा एकै दिन पऱ्यो । लक्ष्मीपूजाको भोलिपल्ट २३ गते गाईतिहार (औंशी) परेको छ, यो कसरी होला ? २४ गते गोबर्द्धन पूजा र म्हपूजा पारिएको छ । २५ गते भाइटीका (किजापूजा) पारिएको छ ।

कार्तिक २२ गते लक्ष्मीपूजा भए कार्तिक २३ गते नेपाल संवत्‌को नयाँ वर्ष सुरु हुने दिन अर्थात म्हपूजा र कार्तिक २४ गते भाइटीका (किजापूजा) हुनुपर्ने हो । यो परम्परालाई पञ्चाङ्ग निर्णायक विकास समितिले ध्यान नदिंदा २०८२ सालमा पनि यस्तै गडवडी भयो । यसरी हरेक वर्षजस्तै चाडपर्व मनाउनेबारे अन्यौल हुनु राम्रो होइन ।

पञ्चाङ्ग निर्णायक विकास समितिले सूर्यमासको आधारमा पात्रो बनाउने गर्दछ भने नेवारहरू चन्द्रमासअनुसार तिथि मान्ने परम्परा छ । विज्ञहरूका अनुसार घडी, पलाअनुसार समयमा केही घटीबढी भए पनि दुई दिन मनाउने भन्ने हुँदैन । जुन दिन घडी, पला बढी टेक्छ सोही दिन मनाउने हाम्रो परम्परा हो ।

यस वर्ष काठमाडौं उपत्यकाका तीन जिल्लामा फरक फरक दिनमा लक्ष्मीपूजा, म्हपूजा अर्थात नेपाल सम्वत्, भाईटीका मनाए । परम्परादेखि नै यमपञ्चकको तीन दिन कुनै दिन नटुटाई चाडपर्व मनाउँदै आइरहेकोमा पञ्चाङ्ग निर्णायक विकास समितिको पात्रोमा त्यसो नहुँदा टुट हुन पुग्यो ।

यसबारे समयमै स्थानीय तहका जनप्रतिनिधि र सरोकारवालाहरूको ध्यान जानु जरुरी छ ।

# नेमकिपाबारे प्रतिक्रियावादीहरूले फैलाएको भ्रम र यथार्थ

✍ **विवेक**

फागुन २१ गतेको निर्वाचन नजिकिँदै गर्दा निर्वाचन प्रचारप्रसारले तिव्रता पाएको छ । सामाजिक सञ्जाल पुरै निर्वाचनमय भएको छ । आचारसंहिता कागजको पानामा सीमित हुँदै छ । शासक पार्टीहरूले हाकाहाकी निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दा पनि निर्वाचन आयोग मौन छ । सञ्चारमाध्यमहरू आचारसंहिताविपरीत उम्मेदवारहरूको मत सर्वेक्षण गर्दै छन् । मतदाताबाट आफूले चाहेका विचार ओकल्न लगाउन वा सार्वजनिक गर्न कतिपय सञ्चारमाध्यमहरू सक्रियतापूर्वक लाग्दै छन् ।

निर्वाचन प्रचारप्रसारको क्रममा नेमकिपाबारे शासक दलका नेता कार्यकर्ताहरू र कतिपय सञ्चारमाध्यमहरूले गलत ढङ्गले प्रचाप्रसार गरी जनताबिच भ्रम छर्दै छन् । नेमकिपाको विचार, सिद्धान्त र पार्टी कार्यकर्ताहरूको अनुशासनलाई ओझेलमा पार्दै नेमकिपाबारे गलत प्रचार वा टिप्पणीहरूबारे प्रस्ट पार्नु आवश्यक छ ।

**नेमकिपा भक्तपुर नगरपालिकामा मात्र सीमित पार्टी** :

यो आजको मात्र होइन, दशकौँ पहिलेदेखि प्रतिक्रियावादीहरूले लगाउँदै आएको आरोप हो । नेपाल मजदुर किसान पार्टी मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गदर्शक सिद्धान्तको रूपमा अङ्गीकार गर्दै अगाडि बढिरहेको पार्टी हो । २०३१ साल माघ १० गते विधिवत स्थापना भएको यस पार्टीले हरेक निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' को रूपमा उपयोग गर्दै छ । २०३८ सालमा भएको पञ्चायतकालीन आम निर्वाचनदेखि आजसम्म भएका निर्वाचनहरूमा नेमकिपाले भाग लिँदै आएको छ र हरेक संसद्मा नेमकिपाको प्रतिनिधित्व रहँदै आएको छ । २०४२ सालमा १ जना, २०५१ म ४ जना, २०५६ मा १ जना, २०६४ मा ५ जना, २०७० मा ४ जना, २०७४ र २०७९ मा १,१ जना सांसदको प्रतिनिधित्व थियो ।

भक्तपुर जिल्लाबाट मात्र होइन, देशका विभिन्न जिल्लाबाट समेत प्रतिनिधित्व थियो । आगामी फागुन २१ मा हुन गइरहेका निर्वाचनमा पनि नेमकिपाले ५९ जिल्लाबाट १२१ उम्मेदवार उठाएको छ । पूर्व मेचीदेखि महाकालीसम्म, उत्तर हिमालदेखि तराइका जिल्लाहरूमा समेत नेमकिपाका उम्मेदवारहरू छन् । जिल्ला जिल्लाका उम्मेदवारहरूले नै प्रतिक्रियावादीहरूको आरोप गलत भएको प्रमाणित गर्दैन र ?

**नेमकिपा एक जनामात्र जित्ने पार्टी** :

प्रजातन्त्रमा विचारको प्रतिस्पर्धा हुन्छ, भिडको होइन । को सही र गलत भन्ने मापदण्ड डर त्रास देखाई पैसा बाँडेर, भोज खुवाएर, लोभ लालचको भरमा पाएको मतले निर्धारण गर्दैन । बरु, आजसम्मको संसदीय व्यवस्थाको अभ्यासले नेमकिपा जनतालाई दिएको आश्वासन पूरा गर्ने एक मात्र पार्टी साबित भएको छ । नेमकिपाका अध्यक्ष का. रोहितलाई प्रधानमन्त्री, उपप्रधानमन्त्रीको पटक पटक प्रस्ताव आएको र पार्टीलाई यसअघिका अधिकांश सरकारमा सहभागिताको लागि आग्रह गरिएको थियो । नेमकिपा जनताबिच प्रखर प्रतिपक्षको भूमिकामा बस्ने घोषणापत्रको आधारमा निर्वाचित भएको हुँदा त्यही वचनअनुसार प्रतिपक्षमा बस्दै आएको छ ।

संसद्मा कतिजनाले प्रतिनिधित्व गर्‍यो त्यो मुख्य होइन । ठुलो सङ्ख्यामा सरकार गठनको बेला बहुमत पुर्‍याउन काम लागे पनि अन्य बेला कस्तो व्यक्ति र विचारले प्रतिनिधित्व गर्‍यो भन्ने महत्त्वपूर्ण हुन्छ । नेमकिपाले आजसम्म इमानदारीपूर्वक देश र जनताको सेवा गर्दै आएको छ । कुनै विकृति, सत्तामोहमा लागेको छैन । नेमकिपाको एकैजना सांसद भए पनि सशक्त प्रतिपक्षमा रहेर संसद्लाई जीवित राख्न सहयोग गरे । के अन्य कुनै पार्टीबाट त्यस्तो रचनात्मक भूमिका खेलेको थियो ?

संसद्मा प्रस्तुत विधेयक र प्रस्तावबारे आफ्ना पार्टीको विचार प्रस्तुत गर्ने, विदेशीसँगको सन्धि सम्झौताहरूमा रहेका देशघाती प्रावधानहरूको विरोध गर्ने र सरकारका मन्त्रीहरूलाई विषयगत प्रश्नहरू गरेर ग्याखर्‍याख्ती पार्ने काम एकजना सांसदले गरे । संविधान र कानुनले तोकेको प्रावधानभित्र रहेर संसदीय प्रजातन्त्रको अभ्यास गर्दै आए । विशाल पृथ्वीमा एउटा चन्द्रमाले झलमल्ल प्रकाश दिएजस्तै नेमकिपाका एउटै सांसदले भ्रष्टाचारले दुर्गन्धित सरकारको विरोधमा सशक्त आवाज बुलन्द गरे । नेका, एमाले र माओवादीका जतिसुकै सङ्ख्या भएर के अर्थ भयो ? नेमकिपाका सांसद नभएको भए संसद मृतसरह हुने सबैले अनुभव गरेको विषय हो । एकजना पनि नजित्ने भए पनि प्रतिक्रियावादीहरूले गरेको गलत कामलाई नङ्ग्याउन पनि नेमकिपाले निर्वाचनमा भाग लिन्छ ।

**जित्ने होइन, किन जिल्ला जिल्लामा उम्मेदवार उठाए ?**

नेमकिपा निर्वाचनमा जित्नकै लागि उठ्ने गर्दैन । प्रतिगामीहरूलाई सजिलै जित्न नदिन, जनताको राजनीतिकस्तर माथि उठाउन र जनविरोधी विधेयक तथा सम्झौताहरूविरुद्ध आवाज उठाउन पनि निर्वाचनलाई उपयोग गर्छ । निर्वाचनमा जित्ने, सरकारमा जाने र करोडौँ पैसा कमाउने जस्ता सोच नेमकिपाले कहिल्यै राखेको छैन र राख्दैन पनि । पैसा कमाउने भए व्यापार वा अन्य पेसामा लाग्न पार्टीले नै निर्देशन दिएको हुन्छ । राजनीतिलाई देश र जनताको सेवा हो भन्ने मान्यतालाई नेमकिपाका नेता कार्यकर्ताहरूले आत्मसात गर्दै आएका छन् । आज देशमा धेरै पार्टीहरू भए पनि नेमकिपा एउटा इमानदार, देशभक्त, स्वच्छ छवि भएको सिद्धान्तनिष्ठ र अनुशासित पार्टीको रूपमा स्थापित छ । जित्नलाई भन्दा पुँजीवादी सरकारमा भएका विकृतिहरू जनताबिच नङ्ग्याउनको लागि नेमकिपाका उम्मेदवारहरू जनताबिच पुग्दैछन् ।

**विभिन्न जिल्लामा भक्तपुरका उम्मेदवार उठाएको बारे** :

नेमकिपा देशको संविधान, ऐनकानुनलाई अक्षरस: पालना गर्छ । देशका कानुनले प्रतिनिधिसभामा कुनै पनि क्षेत्रबाट चुनाव लड्ने अधिकार प्रदान गरेको छ । त्यही आधारमा चितवनका प्रचण्ड रोल्पाबाट, काठमाडौँका रवि लामिछाने चितवनबाट, महोत्तरीका बालेन साह झापाबाट उम्मेदवार बनेका छन् । त्यस्ता कैयौँ उम्मेदवारहरू छन् जो पार्टीले उपयुक्त ठानेका क्षेत्रमा निर्वाचन लड्दै छन् । अन्य कसैको हकमा यस्तो प्रश्न नउठ्ने तर नेमकिपाकै बारे मात्र किन प्रश्न उठ्छ ? यसले के प्रस्ट पार्छ भने नेमकिपाको नाउँदेखि नै प्रतिक्रियावादीहरू डराएका छन् वा तर्सेका छन् ।

नेमकिपाले निर्वाचन आयोगको निर्देशनबमोजिम देशभरिबाट ३३ प्रतिशतभन्दा बढी महिला उम्मेदवार उठाएर देशकै सबैभन्दा बढी महिला उम्मेदवार उठाउने पार्टीको रेकर्ड राखेको छ । नेमकिपाबाट ४४ प्रतिशत महिला उम्मेदवार उठेका छन् । महिलाहरूको सम्मान गरेको विषयलाई पनि प्रतिगामीहरूले गलत ढङ्गले प्रचारप्रसार गर्दै छन् । जोसुकैले जेसुकै सोचून्, यथार्थ कामदार वर्गलाई राजनीतिक रूपले सचेत पार्नु नै नेमकिपाको उद्देश्य हो र त्यही उद्देश्य पूर्तिका लागि नेमकिपाले निर्वाचनलाई उपयोग गर्दै छ ।

**नेमकिपा सानो छ भन्नेबारे** :

प्रतिक्रियावादीहरू नेमकिपालाई सधैँ सानो पार्टी भनेर हेलाहोचो गर्छन् । वास्तवमा उनीहरूलाई थाहा हुनुपर्छ, विचार कहिले पनि सानो र ठुलो हुँदैन । नेमकिपाले सङ्ख्या होइन, विचारको प्रतिनिधित्व गर्छ र गरिरहेको छ । नेमकिपाले बोकेको समाजवादी विचार विश्वमा आजसम्म विकास भएको मानव इतिहासमा सबैभन्दा नवीन विचार हो ।

आकारलाई सही मान्ने हो भने नेपाल विश्वको ९५ औँ देश हो । छिमेकी देशहरू चीन र भारतभन्दा पनि क्षेत्रफल र जनसङ्ख्यामा निकै सानो छ । जति नै सानो भए पनि सबै देशको सार्वभौमिकता बराबर हुन्छ । त्यसैले निर्वाचन धाँधली गरेर प्राप्त गरेको मतको आधारमा पार्टीलाई सानो र ठुलोको संज्ञा दिनु उचित होइन ।

आकारमा प्रजग कोरिया सानो देश हो तर अमेरिकालाई हरेक क्षेत्रमा टक्कर दिन ऊ सक्षम छ । अणु बम, हाइड्रोजन बमसमेत उत्पादन गरेर अमेरिकाजस्तो विश्वकै ठुलो शक्तिशाली र आतङ्ककारी देशलाई पनि प्रजग कोरियाले तर्साइरहेको छ । यसको मुख्य कारण प्रजग कोरियाले अवलम्बन गरेको जुछे विचारधारा र समाजवादी सिद्धान्त हो ।

आकारमा ठुलो हुँदैमा सही हुन्छ भन्ने होइन । विघटित संसद्मा सबभन्दा ठुलो दल नेका र दोस्रो ठुलो दल एमाले थियो । ती दुई पार्टी मिलेर प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत सरकार बनाए तर युवाहरूको आन्दोलनले दुई दिनमै समाप्त पारिदियो । त्यो ठुलो हुनुको के अर्थ रह्यो र ?

हो, सुन र हीरा सानै भए पनि मूल्यवान हुन्छन् । आज नेमकिपाले विचारको राजनीति गरिरहेको छ । विचार र सिद्धान्तअनुसार चलेको सङ्गठित देशमा कुनै पनि दल छ भने त्यो नेपाल मजदुर किसान पार्टी हो । यस अर्थमा नेमकिपा वैचारिक रूपमा सम्पन्न र गौरवशाली पार्टी हो । नेमकिपालाई सानो देख्नु नेमकिपाप्रति पूर्वाग्राही र सामन्तवादी सोच मात्र हो ।

स्वतन्त्र र धाँधलीरहित चुनाव भए नेमकिपाका अधिकांश उम्मेदवारहरूले जित हासिल गर्नेछन् । के पैसा खर्च नगरी नेमकिपाजस्तै स्वतन्त्र चुनाव लड्न अन्य दलहरू तयार छन् ? आजको दिनमा त्यो सम्भव छैन । करोडौँ खर्च गरेर निर्वाचन लड्नेहरूले स्वच्छ निर्वाचनको कल्पना पनि गर्दैनन् । निर्वाचनमा नेमकिपालाई जतिसुकै मत प्राप्त भए पनि त्यो इमानदारीको मत हुनेछ । त्यही मतले नेमकिपालाई उम्मेदवार र पार्टी कार्यकर्ताहरूलाई इमानदारीपूर्वक जनताको सेवा गर्न थप ऊर्जा प्रदान गर्नेछ ।

स्वतन्त्र र धाँधलीरहित चुनाव भए नेमकिपाका अधिकांश उम्मेदवारहरूले जित हासिल गर्नेछन् । के पैसा खर्च नगरी नेमकिपाजस्तै स्वतन्त्र चुनाव लड्न अन्य दलहरू तयार छन् ? आजको दिनमा त्यो सम्भव छैन । करोडौँ खर्च गरेर निर्वाचन लड्नेहरूले स्वच्छ निर्वाचनको कल्पना पनि गर्दैनन् । निर्वाचनमा नेमकिपालाई जतिसुकै मत प्राप्त भए पनि त्यो इमानदारीको मत हुनेछ । त्यही मतले नेमकिपालाई उम्मेदवार र पार्टी कार्यकर्ताहरूलाई इमानदारीपूर्वक जनताको सेवा गर्न थप ऊर्जा प्रदान गर्नेछ ।

# राजनीतिक दल कुनै न कुनै दर्शन र विचारबाट निर्देशित हुने

प्रतिनिधिसभाको निर्वाचन कुनै नयाँ र पुरानो राजनीतिक दलबिचको लडाइँ होइन, यो विचारको लडाइँ हो । दल पुरानो होस् या नयाँ त्यसले देशविरोधी, जनविरोधी काम गर्छ भने जनताले विरोध गर्नुपर्छ । नयाँ र पुरानोको आधारमा कुनै दललाई सही र गलत ठान्नु उपयुक्त हुँदैन । यो निर्वाचनमा पुरानो र नयाँ दलको द्वन्द्व होइन कुन दलले कुन वर्गको स्वार्थको निम्ति काम गरेको छ भन्नेतर्फ जनताले ध्यान दिनुपर्छ । नयाँ दलसँग पुरानोको र पुरानोको नयाँ दलसँग टक्कर भनी देशको राजनीतिलाई दल अर्को दिशातर्फ मोड्ने काम गर्नु हुँदैन । राजनीतिक दल कुनै न कुनै दर्शन, विचारबाट निर्देशित हुने हुँदा निर्वाचनको बेला होस् या अरु बेला दलहरूबिच वैचारिक या सैद्धान्तिक बहस हुन्छ । सदनमा होस् या सडकमा कुन दल नयाँ र कुन दल पुरानो भनी हेर्नुभन्दा कुन दलले कुन वर्गको पक्ष लिएको छ ? त्यो बुझ्नुपर्छ ।

कुनै पनि राजनीतिक दलको नेतृत्व उमेरले गर्ने होइन विचारले नै गर्ने हो । पुराना नेता सबै गलत र नयाँ युवा नेता जति सबै ठीक हुन्छ भन्ने भ्रम कुनै पनि नेपालीले आत्मसात गर्नुहुँदैन । सञ्चारकर्मी र राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले पनि वास्तविकता छोपेर नयाँ र पुरानो दलकै आधारमा सही र गलत भनी प्रचार गर्ने काम ठीक होइन । युवा या वृद्ध जो नेता भए पनि देश र जनता समर्पित भएर काम गर्नुपर्छ । यो निर्वाचनको सन्दर्भमा आफूलाई ठुला र नयाँ दल भनेका नेताहरू हल्लैहल्ला गरेर जनताको मत आफूतिर तान्ने प्रयास गर्दै छन् । यहीबेला कति दलका नेता तथा कार्यकर्ताहरू पार्टी प्रवेश भनी जनमत आफूतिर खिच्ने काममा जुटेका छन् । सिद्धान्त र विचारमा अडान नभएका, नेता तथा कार्यकर्ताहरू कहिले को कुन दलमा कहिले को कुन दलमा भित्रिरहेका छन् ।

निर्वाचनको बेला दलका नेता तथा कार्यकर्ता जनतामाझ पुगेर सिद्धान्त र विचार प्रचार गर्नु अन्यथा होइन । कुनै दलका नेताहरूमा देश बनाउनेबारे स्पष्ट दृष्टिकोण नै हुँदैन । तर, उनीहरू हात हल्लाएर, जिल्ला घुमेर जनताको सद्भाव पाउने प्रयास गर्छन् । जनतालाई हरतहरले शिक्षित गर्ने, खबरदारी गर्ने बेला यही निर्वाचनमा हो । दलका नेता तथा कार्यकर्ताहरू निर्वाचनकै बेला गाउँ-गाउँ र बस्ती-बस्तीमा पुग्छन्, प्रचारप्रसार गर्छन् । यस अर्थमा यो निर्वाचन जनतालाई सचेत र सङ्गठित गर्ने माध्यम पनि हो । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) भन्नुहुन्छ, "निर्वाचन राजनीतिक विश्वविद्यालय हो । दलका नेता तथा कार्यकर्ताहरू लाखौँ लाख जनतामाझ पुग्छन् । निर्वाचन जनतालाई प्रशिक्षित गराउने प्रशिक्षणालय हो । तर, विडम्बना ! आफूलाई ठुला र नयाँ भनिएका दलका नेता तथा कार्यकर्ताहरू सिद्धान्त र विचार प्रचार नगरी यो 'सानो' दल, सरकारमा नजाने दल आदि भनी वास्तविक राजनीतिलाई ढाकछोप गर्छन् । यस्तै सतही र गलत राजनीति भएकै कारण युवाहरू सिद्धान्तनिष्ठ भएनन् । असह्य भयो भनी उनीहरू उच्छृङ्खल र अराजनीतिक गतिविधिमा सरिक भए । यस्तै असह्य भएरै निस्केको आक्रोश हो, भदौ २३ र २४ गतेको सङ्घर्ष ।

ठुला र नयाँ भनिएका दलका नेताहरूले निर्वाचनको क्रममा देशको लागि कस्तो ऐन कानुन बनाउने, व्यापक जनताको हितमा के के संविधान संशोधन गर्ने भन्ने एजेन्डै छैन । निर्वाचन नहुँदै, निर्वाचनमा नजित्दै प्रधानमन्त्री बन्ने होडबाजी गरेर, घाँटी फुलाएर, बकबास गरेर दलका नेता तथा कार्यकर्ताहरू सतही राजनीति गर्दै छन् । कामभन्दा गफ हाँकेर, आश्वासन र मिठा सपना बाँडेर जनतालाई किन झुक्याइँदै छ ? प्रम बन्ने कुरा फुकेपछि के गर्नको निम्ति प्रम बन्ने भन्नेबारे एजेन्डा सार्वजनिक गर्नुपर्दैन ? प्रम बन्ने होडबाजीबाट दलका नेताहरू कुर्सीको राजनीतिमा लागेको स्पष्ट हुन्छ । बहुमत ल्याउने, नल्याउने कुरा हल्ला गरेर होइन काम गरेर देखाउने हो र जनताको विश्वास जित्ने हो ।

पुँजीवादी व्यवस्थाभित्र रहेर केही सुधार गर्नसक्ला तर आमूल पारिवर्तन सम्भव छैन । जसरी भए पनि जित्ने र जिताउने दाउको कारण कति पैसा खोलो बगाएर जिते, कति आपराधिक प्रवृत्तिका व्यक्ति जिते । कति धनदौलत भएका व्यक्ति जिते । यस्तै गतिविधिले गर्दा संसद् घुस्याहा, कमिसनखोर, धनाढ्य, आपराधिक व्यक्ति, ठेकेदारहरू पस्ने थलो बन्न पुग्यो । यो देशको निम्ति दुर्भाग्य हो । सिद्धान्त र विचारको ख्यालै गरिएन । सरकारको नेतृत्त्व गर्ने नाउँमा कहिले नेका र कम्युनिस्ट मिले । कम्युनिस्टमा पनि नेकासँग कहिले एमाले त कहिले माओवादी मिले । कहिले सत्तामा पुग्ने कम्युनिस्टहरू एक ठाउँमा बसे त कहिले पानी बाराबारको स्थितिमा पुगे । अलग अलग हुँदा पार्टीका नेतालाई हुनसम्म हिलोछ्याप्नेहरू कहिले मिल्न पुगे । चरोको धोती हुँदैन; नकच्चरोलाई लाज हुँदैन भनेको यही हो ।

# निर्वाचन पनि एक वर्गीय र राजनीतिक सङ्घर्ष

निर्वाचन पनि एक वर्गीय र राजनीतिक सङ्घर्ष हो । हरेक निर्वाचनमा नेमकिपाले जनतालाई पुँजीवादको खराबी र समाजवादको अपरिहार्यताबारे सचेत पार्ने काम गर्दै आएको छ । निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा लिइएको छ । खराबलाई फाल्ने, असललाई तिखार्ने, जनतालाई सचेत र सङ्गठित गर्दै समाज परिवर्तनको निम्ति तयारी गर्ने काम कम्युनिस्ट पार्टीले गर्छ; गर्नुपर्छ । समाजका जालीफटाहा, लोभीपापी, शोषक, सामन्त, षड्यन्त्रकारी, अपराधी, भ्रष्टाचारी र व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिने पुँजीवादी तत्त्वहरूलाई हराउन देशका देशभक्त, इमानदार, सिद्धान्तनिष्ठ दलहरू जहिले पनि चनाखो भइरहनुपर्छ । सैद्धान्तिक र व्यवहारिक ज्ञानको फराकिलो पार्दै वर्गीय र राजनीतिक सङ्घर्ष गरेरै जनतालाई सचेत र शिक्षित बनाउने हो ।

निर्वाचनमा कुनै पनि छली, पाखण्डी, विश्वासघाती, षड्यन्त्रकारी, अवसरवादी उम्मेदवारहरूलाई मतदान गरेर जिताउने गलत काम जनताले गर्नु हुँदैन । प्रत्येक मतदाता कसैको लोलोपोलोमा नफसी बहुमत जनताको प्रतिनिधित्व गर्ने, योग्य, इमानदार, नि:स्वार्थी, देशभक्त र परिवर्तन चाहने उम्मेदवार छान्नुपर्छ । मतदाताले पछि प्रायश्चित हुने गरी गलत व्यक्ति या उम्मेदवार चयन गर्नु हुँदैन । यस्तो बेला कसैको लहैलहैमा हिँड्ने होइन । सही राजनीति गर्ने दल र दलका उम्मेदवारहरू चयन गर्नुपर्छ । मतदाताको सानो गल्ती या लापरबाहीले देशको राजस्वमा रजाइँ गर्ने पात्रहरू निर्वाचित हुनसक्छन् । यसकारण, यो निर्वाचनलाई हचुवा ढङ्गले सोच्नु हुँदैन; ठीक समयमा सही उम्मेदवार छनोट गर्न मतदाताहरू तयारी हुनुपर्छ ।

देशको गाउँ-गाउँ र बस्ती-बस्तीमा शिशुशाला र बालोद्यानको चौतर्फी विकास गर्नुपर्छ; विकास गरेर महिलाहरूको श्रमशक्तिलाई सहयोग पुर्‍याउनुपर्छ । बालबालिकाहरू मानसिक र शारीरिक विकास गर्न, रोजगारी पाउन र भएको रोजगारी बचाउन पनि शिशुशाला र बालोद्यान आवश्यक हुन्छ । प्रजग कोरियालाई शिक्षा र सरसफाइ भएको देश त्यसै भनिएको होइन । सरकारले हेर्नुपर्ने एउटा पक्ष ज्येष्ठ नागरिकको हेरविचार र पालनपोषण पनि हो । जीवनभर आ-आफ्नो समाज, परिवार, खेत-खलिहान, ज्यासल, कारखाना, कार्यालय, शिक्षालय, साहित्य, सङ्गीत, कला, संस्कृति आदिमा समर्पित देश र जनताप्रति प्रतिबद्ध सेना, प्रहरी, राष्ट्रसेवकको क्षेत्रमा खट्दा खट्दै उमेर पुगेका ज्येष्ठ नागरिकहरूको राज्यले जीवन सुनिश्चितताको लागि जोहो गर्नुपर्छ । त्यसको लागि गर्नुपर्ने एउटा काम राज्यले देशव्यापी आदर निकेतन खोल्ने हो । आदर निकेतन स्थापना गर्न राज्यले स्थानीय तह, प्रदेश र केन्द्रलाई नीति निर्माण गराउनुपर्ने धारणा नेमकिपाको हो ।

ज्येष्ठ नागरिक, अशक्त, टुहुराटुहुरीको आवश्यक व्यवस्था मिलाउन राज्य अघि सर्नुपर्छ । किसान, मजदुर र कामदारवर्गको हितमा कानुन बनाउन, प्राकृतिक स्रोत र सम्पदा संरक्षण गर्न, कृषिमा आत्मनिर्भर बनाउन, देशलाई सिक्किम बनाउन खोज्नेहरूविरुद्ध लड्न, देशको सीमा सुरक्षा र सार्वभौमिकताको रक्षा गर्न लड्ने दल र दलका नेताहरू देशको निम्ति खाँचो छ । भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको हस्तक्षेपविरुद्ध सङ्घर्ष चालु राख्नुपर्ने देशको आवश्यकता हो । अव्यवस्थित विकास रोकेर देशको सन्तुलित विकास गर्न र गराउन पहल गर्ने, सरकारको ध्यानाकर्षण गर्ने दल र दलका उम्मेदवारहरूलाई मतदाताले निर्वाचित गर्नुपर्छ । मतदाताले मतदानको बेला सोचविचार नगरी जोकोहीलाई जिताएकै कारण देशको हालत यो स्थितिमा पुगेको हो ।

## सन्दर्भः इरानको प्रजातान्त्रिक सरकारविरुद्ध सीआईएको षड्यन्त्र

# साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ अध्ययन – १८

✍ रामरतन चौधरी

**अमेरिकी खुफिया एजेन्सी ‘सीआईए’ को गठन**

दोस्रो विश्वयुद्धपछि ब्रितेन, पोर्चुगल, फ्रान्सजस्ता साम्राज्यवादी शक्तिहरू कमजोर बन्न पुगे। संरा अमेरिकाले उनीहरूको ठाउँ लियो। यहीबेला कम्युनिस्ट व्यवस्था भएको रुस पनि सुपरपावरको रूपमा अगाडि बढ्दै थियो। यसले साम्राज्यवादी अमेरिकालाई टाउको दुखाउने काम गर्‍यो। संरा अमेरिकालाई विश्वका विभिन्न देशमा कम्युनिस्ट देश रुसको प्रभाव पर्ला भन्ने ठुलो डर थियो। यसकारण, पुँजीवादी विश्वको नेतृत्व गर्ने संरा अमेरिका र समाजवादी खेमाको नेतृत्व गर्ने रुसबिच शीत युद्ध (Cold War) सुरु भयो ।

सन् १९४२ मा अमेरिकाका तत्कालीन राष्ट्रपति फ्रयान्कलिन डि रुजवेल्टले न्यूयोर्कका अधिवक्ता विलियम डोनोभानको नेतृत्वमा (Office of Strategic Services) (ओएसएस) गठन गरे। जसलाई रणनीतिक सूचना सङ्कलन र विश्लेषणको जिम्मा दिइएको थियो। विश्वयुद्धपछि ओएसएसलाई खारेज गरी त्यसको अधिकार ‘स्टेट एन्ड वार डिपार्टमेन्ट’ लाई हस्तान्तरण गरियो। तर, सन् १९४७ मा तत्कालीन राष्ट्रपति हयारी एस ट्रम्यानले सन् १९४७ मा ‘राष्ट्रिय सुरक्षा ऐन’ ल्याए। सोही ऐनअन्तर्गत सन् १९४७ मा अमेरिकी नौसेनाका प्रमुख आरएच हिलेन्कोएटरको नेतृत्वमा सीआईएको गठन भयो। सीआईएको हेडक्वार्टर अहिले अमेरिकाको भर्जिनियामा छ। सीआईएमा विश्वभर रहेका अमेरिकी दूतावास, उच्च आयोग, वाणिज्य दूतावासमा करिब ४० हजारभन्दा बढी गुप्तचर र स्थानीय एजेन्टसमेत गर्दा करिब १ लाख गुप्तचर कार्यरत रहेको अनुमान गरिएको छ। यसका प्रमुख हाँगाहरूमा नेसनल क्लेडस्टाइन सर्भिस, डाइरोक्टोरेट अफ इन्टेलिजेन्स, डाइरोक्टोरेट अफ साइन्स एन्ड टेक्नोलोजी र डाइरोक्टेरेट अफ सपोर्ट छन्। (जासुसीको जालो, सरोराज अधिकारी)

**सीआईएको काम**

सुरुमा सीआईएलाई गुप्तचरी गतिविधिको संयोजन गर्ने जिम्मा दिइएको थियो। अहिले सीआईएले उच्च अमेरिकी नेतृत्वलाई राष्ट्रिय सुरक्षासँग सम्बन्धित सूचना उपलब्ध गराउनुका साथै सूचना सङ्कलन र विश्लेषण गर्दछ। स्वदेश र विदेशमा गोप्य अपरेसनहरू सञ्चालन गरेर अरु देशलाई अस्थिर बनाउने काम पनि गर्दछ। अमेरिकी स्वार्थविरुद्धका विभिन्न आन्दोलन र विद्रोहलाई दबाउन जस्तोसुकै कदम चाल्न पनि पछि पर्दैन। अमेरिकी हितविरुद्ध जाने देशका सरकारहरू उल्टाउने हिंसात्मक गतिविधिमा समेत सीआईए संलग्न हुँदै आएको छ। हत्या, हिंसा, मानव अधिकारको उल्लङ्घन सीआईएको पर्याय बनिसकेको छ।

**इरानमा सीआईए**

सीआईएले सन् १९५३ मा बेलायतको गुप्तचर संस्था एम १६ (M16) सँग मिलेर सबभन्दा ठुलो र सबभन्दा सफल अपरेसन इरानमा सम्पन्न गर्‍यो। जसलाई अजाक्स अपरेसन (Opration Ajax) भनिन्छ। जसको कारण इरानमा लोकतान्त्रिक रूपले चुनिएका प्रधानमन्त्री मोहम्मद मोसाद्देग (Mohammad Mossadegh) को शासन उल्टिएर अमेरिकी कठपुतली सरकार बन्यो।

१८ औँ शताब्दीमा इरानमा बेलायतको प्रभाव थियो। सन् १९०९ मा बेलायतद्वारा स्थापना भएको Anglo-Persian Oil Company ले सन् १९२० सम्ममा पूरै इरानको तेल भण्डारमा आफ्नो नियन्त्रण जमाएको थियो। सन् १९३५ मा यो कम्पनीको नाम Anglo - Iranian Oil Company राखियो। दोस्रो विश्वयुद्धमा इरान र ब्रितिश सरकारबिच मतभेद सुरु भयो। बेलायतले इरानलाई हिटलरको नाजी जर्मनीलाई समर्थन गरिरहेको आरोप लगायो। बेलायतलाई इरानको तेल जर्मनीको कब्जामा जाने डर पैदा भएको थियो। इरानका राजा रेजा शाह पहल्वी (Reza Shah Pahlavi) ले इरानले पाउनुपर्ने १६ प्रतिशत मुनाफा कम्पनीले गडबड गरेको आरोप लगाए। त्यसपछि ब्रितेनले इरानलाई जर्मनको पक्ष लिएको भन्दै इरानमा रहेका जर्मन नागरिकहरूलाई निकाल्न दबाब दिन थाल्यो। सन् १९४१ अगस्टमा रुस र ब्रितेनले इरानमा आक्रमण गरे। उनीहरूले इरानका शासक रेजा शाहको ठाउँमा उनका कान्छा छोरा क्राउन प्रिन्स मोहम्मद रेजा पहल्वीलाई इरानको नयाँ राजा बनाए। अब नयाँ राजाले ब्रितेनले चाहेजस्तै काम गर्न थाल्यो।




दोस्रो विश्वयुद्धपछि बेलायतको पतन सुरु भयो। सन् १९५१ मा इरानको संसदीय चुनावमा पश्चिमा शासनविरुद्ध आवाज उठाउने ‘नेसनल फ्रन्ट’ (Nationl Front) ले बहुमत प्राप्त गर्‍यो। समाजवादी नेता मोहम्मद मोसाद्देग (Mohammad Mossadegh) प्रधानमन्त्री बने। सरकारमा पुग्नासाथ मोसाद्देगले ब्रितेनको नियन्त्रणमा रहेका इरानका तेल कम्पनीलाई राष्ट्रियकरण गरे। यसले ब्रितेनलाई ठूलो नोक्सान भयो। अब ब्रितेनले अमेरिकासँग मिलेर इरानमा हस्तक्षेप गर्ने योजना बनाउन थाल्यो। सन् १९५२ मा तत्कालिन अमेरिकी राष्ट्रपति Dwight David Eisenhower लाई ब्रितेनले इरानका शासक मोसाद्देग कम्युनिस्ट रहेको र रुसको प्रभावमा आउन सक्ने बताएर अमेरिकालाई इरानविरुद्ध हस्तक्षेप गर्न मनायो। त्यसपछि अमेरिका र ब्रितेनले इरानका मोसाद्देग सरकारविरुद्ध ‘अपरेशन अजाक्स’ सञ्चालन गरे। अमेरिकाले सीआईएका एजेन्ट Kermit Roosevelt लाई इरानको राजधानी तेहरानमा अपरेसन सञ्चालनको निम्ति पठायो। उनी अमेरिकी राष्ट्रपति थ्योडर रुजेवेल्टका नाति थिए।

सीआईएले इरानको सञ्चार क्षेत्रलाई ठूलो धनराशी दिएर खरिद गर्‍यो। सीआईएको पैसा खाएका इरानी सञ्चारमाध्यमहरूले समाजवादी प्रधानमन्त्री मोहम्मद मोसाद्देगविरुद्ध भ्रामक समाचारहरू बनाउन थाले। सीआईएले इरानी सैन्य अफिसरहरूलाई पनि पैसाको जालमा फसाएर आफ्नो दलाल बनायो। राजा रजा शाहलाई पनि मोहम्मद मोसाद्देगलाई हटाएर आफ्नो कठपुतली सैन्य कमान्डर जनरल फजरुल्लाह जाहेदीलाई प्रधानमन्त्री नियुक्त गर्न मनायो। त्यसपछि समाजवादी नेता प्रधानमन्त्री मोसद्देगविरुद्ध इरानमा ठुल्ठुला विरोध प्रदर्शनहरू हुन थाले। सीआईएले पैसा खर्च गरेर भाडाका प्रदर्शनकारीहरूसमेत इरानको सडकमा उतार्‍यो। सीआईएको षड्यन्त्रविरुद्ध मोसाद्देगका समर्थक पनि सडकमा आए। सत्ता परिवर्तन गर्न खोज्ने दलालहरूलाई पक्राउ पर्न थाले। इरानी जनताको साथमा भएको मोसाद्देगको प्रत्याक्रमणपछि राजा पहल्वी र जनरल फजरुल्लाह भागे। तर, सीआईएका एजेन्ट रुजवेल्टले झन् दोब्बर रकम खर्च गरेर जनरल फजरुल्लाह जाहेदीलाई शासनमा ल्याउने प्रयत्न जारी नै राखे। पैसाको बलमा इरानका सडकमा मोसाद्देग सरकारविरुद्ध पुनः ठुल्ठुला प्रदर्शन सुरु भए। सीआईएले खरिद गरेको इरानको सेनासमेत मोसाद्देग सरकारविरुद्ध उत्रियो। मोसद्देगका समर्थक र भाडाका प्रदर्शनकारीहरूबिच ठाउँठाउँमा झडप भए। झडपमा करिब ३०० जनाको मृत्यु भयो। अन्ततः मोसाद्देगको सत्ता उल्टियो। उनलाई तीन वर्षको जेल सजाय भयो। जेलसजाय पछि पनि उनलाई मृत्युपर्यन्त घरमै नजरबन्दमा राखियो। यसरी प्रजातान्त्रिक तवरले बनेको इरानको सरकार सीआईएको हस्तक्षेपबाट उल्टिएको इतिहास छ।

सन् १९५३ ‘कु’ पछि इरानको शासन मोहम्मद रेजा पहल्वीको हातमा पुग्यो। उनले मोसाद्देगका समर्थकहरूको कत्लेआम सुरु गरे। सन् १९७९ सम्म अमेरिकी समर्थक शासकहरूले इरानमा शासन गरे। अमेरिकी कब्जामा पुगेपछि इरानलाई पश्चिमाकरण गर्ने प्रक्रिया पनि सुरु भयो। भ्रष्टाचार व्यापक वृद्धि भयो। जनताले विरोध गर्न छाडेनन्। सन् १९७९ मा इरानमा फेरि परिवर्तन आयो। जसलाई इस्लामिक क्रान्ति भनियो। इस्लामिक क्रान्तिका नायक आयातोल्लाह रुहोल्लाई खोमेनी (Ayatollah Ruhollah Khomeini) शासनमा आए। इस्लामिक क्रान्तिपछि इरानमा अमेरिकाको नियन्त्रण समाप्त भयो। यसकारण, अहिले फेरि संरा अमेरिकाले इरानमा ‘छद्म युद्ध’ सञ्चालन गर्दै छ। इरानी जनता साम्राज्यवादी अमेरिकाविरुद्ध लड्दै छन्।

*२०८२ माघ २४ गते*

# केन्द्रको बजेट स्थानीय तहमा पुगे विकास छिट्टै हुने

प्रतिनिधिसभा स्थानीय तहमा झैँ विकास गर्ने थलो होइन; ऐन कानुन निर्माण गर्ने थलो हो। निर्वाचित सांसदहरूको काम आ-आफ्नो जिल्लामा विकास योजना लाने होइन; विकास गाउँ-गाउँ पुर्‍याउन लड्ने हो। सरकारले प्राथमिकता र आवश्यकताको आधारमा विकासको निम्ति बजेट छुट्याउने हो। विकास योजना शासक दलका नेताहरू जितेको ठाउँमा मात्र लाने होइन। यो पक्षपातपूर्ण कार्य हो। विकास सत्तारुढ दल जितेको निर्वाचन क्षेत्रमा मात्र खन्याउने काम विगतमा सत्तारुढ दलका नेताहरूले गरे। विकास कुनै दल विशेष जिल्लाको लागि गर्ने होइन; सन्तुलित विकास चाहनेले देशभरि नै बजेटको व्यवस्था गर्नुपर्छ या योजना छनोट गर्नुपर्छ। सरकारले विकासलगायत अन्य क्षेत्रमा पक्षपात गरेकै कारण सत्तारुढ दलविरुद्ध युवाहरू आन्दोलित भएका हुन्; नेताहरू लखेटिएका हुन्; पिटिएका हुन्; घर जलेका हुन्।

यो निर्वाचनको दौरानमा पनि आफूलाई ठुला र नयाँ भनिएका दलका नेताहरू कहिले सरकार नजाने दल भनेर त कहिले सानो दलले केही गर्न सक्दैन भनेर अरु दलमाथि होच्याउने र सांसदको काम विकासको पोको लिएर आउनेजस्ता झूट कुरा फलाकिरहेका छन्। सांसदहरूले देशको सन्तुलित विकासको निम्ति नीति तथा कार्यक्रम तयार गर्न सरकारको ध्यानाकर्षण गर्ने हो। सन्तुलित विकासकै निम्ति नेमकिपाले केन्द्रको बजेट ५० प्रतिशत स्थानीय तहमा पुर्‍याउनुपर्ने माग अघि सारेको थियो। केन्द्रको बजेट स्थानीय तहमा पुगेपछि सबै ठाउँमा विकास हुन्छ;, जनताले रोजगारी पाउनेछन् अनि उनीहरूको जीवनस्तर पनि बढ्नेछ। पहिलेका कति सांसदहरू आफ्नै पैतृक सम्पत्ति खर्च गरेर विकास गरेको कुरा फुक्छन्; आफैले विकास गरेको खोक्छन्। यस्ता झूट र भ्रमका कुरा फिजाउन ठुला र नयाँ दल भनिएका दलका नेताहरू अहिले पनि सक्रिय हुन थालेका छन्।

पुराना कति सांसदहरू र हाल उम्मेदवार बनेका नेता तथा कार्यकर्ताहरूलाई सांसदको काम, कर्तव्य र अधिकार पनि थाहा छैन। प्रतिनिधिसभा गाउँ र नगरको झैँ विकास गर्ने स्थानीय तह होइन। यसको अर्थ सांसदहरूले विकासको कुरा गर्नु हुँदैन भनेको होइन। तर, गाउँ-गाउँमा विकास गर्न सरकारको ध्यानाकर्षण गर्ने हो, पोको लिएर हिँड्ने काम सांसदको होइन। सांसदले गाउँ-गाउँमा रासायनिक मल ल्याइदिने होइन बरु मल गाउँ-बस्तीमा पुर्‍याउन, आवश्यकताअनुसार मल आपूर्ति गर्न सरकारको ध्यानाकर्षण गर्ने हो। देशभरि बिजुली पुर्‍याउन, सिंचाइको व्यवस्था गर्न, सडक पुर्‍याउन, खानेपानी पुर्‍याउन सरकारको ध्यानाकर्षण गर्ने हो। सांसदहरूले जनताको माग या आवश्यकता अगाडि राख्ने हो। त्यसको आधारमा सरकारले योजना छनोट गरेर बजेट छुट्याउने हो। बजेट कार्यान्वयन गर्न जोड दिने हो। यसरी देश र जनताको समग्र सेवा गर्न अघि बढ्ने काम सांसदको हो।

तर, यो पुँजीवादी व्यवस्थामा सांसदहरू पैसाको पछि लागे। उनीहरूले विकास ल्याउने नाउँमा देशको बजेटमा आँखा गाडे। उनीहरू अनियमितता र कमिसनमा पल्के। उनीहरूले पदको दुरुपयोग गरी विकासको योजनालाई अकुत सम्पत्ति कुम्ल्याउने माध्यम बनाए। उनीहरूले पद र पैसाबिना राजनीति नचल्ने सम्झे। देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने राजनीतिलाई व्यक्तिगत स्वार्थमा बदलियो। समाजमा स्वार्थी मान्छे हाबी हुनुको अर्थ योग्य र इमानदार व्यक्ति पन्छाइनु हो। चाकडी, पहुँच र पैसाको बलमा राजनीतिलाई उपयोग गर्ने काम सच्चा राजनीति होइन। सच्चा राजनीतिकै कमीका कारण देशको स्थिति बिग्रियो।

राजनीतिको मूल उद्देश्य देश र जनताको निःस्वार्थ सेवा गर्नु हो। देशमा सुशासन ल्याउनु हो। भ्रष्टाचारमुक्त देश बनाउनु हो। व्यक्तिगत र दलगत स्वार्थ छोडेर, सत्तामोहमा नफसेर शुद्ध राजनीति गर्ने हो। अवसर छोपेर दीर्घकालीन सेवा र नीति त्याग्ने होइन। कुनै पनि गलत कार्य र नीतिविरुद्ध उभिने हो। राजनीतिमा नैतिकता, पारदर्शिता, जवाफदेहिता हुन्छ। राष्ट्र र जनताको हितलाई केन्द्रमा राख्ने नेतृत्वको विकास गर्नुपर्छ। सचेत नागरिक, दूरदर्शी र देश र जनताप्रति जिम्मेवार नेता देशको निम्ति खाँचो छ। सभ्य, सुसंस्कार र नैतिक मूल्यसँग जोडिएको राजनीतिबिना देशमा दिगो विकास सम्भव छैन। शुद्ध राजनीतिले मात्र सभ्य र न्यायपूर्ण समाज निर्माण हुन्छ।

# निर्वाचन आचारसंहिता हात्तीको देखाउने दाँत होइन

**निर्वाचन आचारसंहिता विपरीतका काम वा गतिविधि गर्ने, आचारसंहिताविपरीत पैसा खर्च गर्ने उम्मेदवार वा राजनीतिक दलहरूलाई उनीहरूले दिएको विवरणका आधारमा मात्र होइन । निर्वाचन आयोग, निर्वाचन आचारसंहिता अनुगमन समितिले आफै पनि अनुगमन, छानबिन गरी उम्मेदवारी रद्द, हदैसम्मको जरिवाना पनि गर्नु जरुरी छ ।**



रामप्रसाद प्रजापति

### आचारसंहिता

निर्वाचनसँग सम्बन्धित गतिविधि सञ्चालन कहिलेदेखि के के क्रियाकलापहरू गर्न पाइन्छ या गर्न पाइन्न भन्ने राजनीतिक दल, सरकारी निकाय र सरकारी कर्मचारी, विभिन्न सङ्घसंस्था, गैरसरकारी संस्था, आमसञ्चारका माध्यम, सर्वसाधारणलगायतका सबैले पालना गर्नुपर्ने आचरणसम्बन्धी नियम निर्वाचन आचारसंहिता हो ।

हरेक निर्वाचनका लागि निर्वाचन आयोगले निर्वाचन आचारसंहिता जारी गर्ने गरिन्छ । यसै क्रममा आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनका लागि निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ जारी गरेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले आचारसंहिता जारी गर्न पाउने अधिकार निर्वाचन आयोगलाई दिएको पाइन्छ ।

निर्वाचन आचारसंहिता, २०८३ को दफा ३ ले के कुन व्यक्ति, संस्था, निकाय तथा अधिकारीलाई आचारसंहिता लागू हुन्छ भन्ने विवरण दिइएको छ । जसमा नेपाल सरकार, नेपाल सरकारका मन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, राजनीतिक दल, दलका भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, दल र उम्मेदवारका प्रतिनिधिहरू, सार्वजनिक पद धारण गरेको व्यक्ति, अनुगमनकर्ता, पर्यवेक्षक, सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, विद्यालय शिक्षक कर्मचारी, मतदाता, बैङ्क तथा वित्तीय संस्था एवम् आयोगले तोकेका अन्य निकाय वा व्यक्तिलगायतले आचारसंहिता पालना गर्नुपर्ने अलगअलग परिच्छेदमा व्यवस्था गरिएको पाइन्छ ।

दफा ४ मा सबैले पालना गर्नुपर्ने आचरणका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । जसअनुसार सरकारी वा सार्वजनिक संस्थाको स्रोतसाधन र सम्पत्ति कुनै पनि दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग गर्न वा गराउन नहुने उल्लेख छ ।

त्यस्तै सरकारी वा सार्वजनिक संस्था वा विद्यालय, विश्वविद्यालयको क्षेत्र निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन प्रयोग गर्न, गराउन नपाइने व्यवस्था रहेको पाइन्छ ।

निजी घरजग्गामा स्वीकृति नलिई प्रचारप्रसार गर्न गराउन नपाइने, चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने, बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न नहुने, सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गरी निर्वाचन प्रचारप्रसार गर्न नहुने पनि व्यवस्था रहेको छ ।

त्यस्तै सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउने नहुने, निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा झूटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने, सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीका टिप्पणी गर्न वा गराउन नहुने व्यवस्था गरिएको छ ।

त्यस्तै कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा शेयर, टयाग, कमेन्ट वा प्रतिकमेन्ट गर्न वा गराउन नहुने व्यवस्था पनि गरिएको पाइन्छ ।

निर्वाचनको विश्वसनीयतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने, कसैको चरित्र हत्या गर्न व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशत वा प्रसारण गर्न वा गराउन नहुने व्यवस्था पनि छ ।



उम्मेदवारको मनोनयन दर्ता भएको मिति अर्थात् माघ ६ गतेदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने पनि व्यवस्था रहेको छ ।

निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेको सामग्री शेयर गर्न वा त्यस्ता सामग्रीमा प्रतिक्रिया दिन नहुने व्यवस्था रहेको छ ।

कुनै पनि किसिमबाट मतदाताको गोप्यता भङ्ग गर्ने कार्य गर्न नहुने, मतदाता र मतदानमा खटिएका कुनै पनि कर्मचारीसँग वादविवाद गर्न वा उनिहरूलाई हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने व्यवस्था गरिएको छ ।

### बढ्दो निर्वाचन सरगर्मी र सामाजिक सञ्जाल

हिजोआज निर्वाचनको सरगर्मी बढेको हामी सबैले महसुस गर्दै छौं । सामाजिक सञ्जालमा गरिने पोष्टहरू, राजनीतिक दलका गतिविधिहरू, उम्मेदवारका घरदैलो तथा भेटघाट कार्यक्रमहरूको चाप बढ्दो छ ।

निर्वाचन आचारसंहिता, २०८२ बमोजिम आगामी फागुन ४ अर्थात् निर्वाचनको मितिभन्दा १७ दिन अगाडिबाट मात्रै राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसारका कार्यक्रमहरू गर्न पाइने व्यवस्था आचारसंहितामा गरिएको छ ।

तर, निर्वाचन सरगर्मी बढ्दै गर्दा केही सर्वसाधारण दाजुभाइ दिदीबहिनीहरू, राजनीतिक कार्यकर्ताहरू, उम्मेदवार तथा उम्मेदवारसँग सम्बन्धित निकायहरूलाई निर्वाचन प्रचारप्रसार तथा आ-आफ्नो शैलीका प्रचारसामग्रीहरू विभिन्न किसिमका सामाजिक सञ्जालमा भाइरल गर्ने होड चलेको देखिन्छ ।

केहीले त हजारौं डलर खर्चेर बुष्ट गरी लाखौं मतदातामाझ आफ्नो प्रचारप्रसार गर्न थालिएको हामी सबै अनुभव गर्नसक्छौं ।

यस्तै प्रचारप्रसारका विभिन्न सामग्रीहरू बनाउने र पोस्ट्याउने होडमा आफूले मात्र नभई अरूले बनाएका सकारात्मक तथा नकारात्मक प्रभाव पर्ने सामग्रीहरू केही मानिसहरू रहरले सेयर, कमेन्ट, पोस्ट गर्न थालेको देख्छौं ।

किन त्यस्तो पोस्ट गर्नुभएको भनी केही साथीहरूलाई सोध्दा आ-आफ्ना तर्क र राय, त्यसको सकारात्मक तथा नकारात्मक पक्ष, फाइदा बेफाइदाका कुराहरू सुनाउने गर्नुहुन्छ । कोहीले निर्वाचन आचारसंहिताविपरीतका गतिविधि गर्न थालेको कुरा देखाउन सेयर, कमेन्ट गरेको बताउँछन् ।

तर, वास्तवमा अरूले निर्वाचन प्रचारप्रसार गरेको, कसैको चरित्र हत्या गर्ने, द्वेष उत्पन्न गर्ने वा कुनै पनि नकारात्मक कुराको प्रचारप्रसार सामग्री बनाएको वा पोस्ट गरेको छ भने अथवा निर्वाचन आचारसंहिताविपरीतको गतिविधि वा सामाजिक सञ्जालमा पोस्ट वा शेयर गरेको छ भने निर्वाचन आचारसंहिता, २०८२ विपरितको कार्य गरेको भनी निर्वाचन आयोग, निर्वाचन कार्यालय, निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालय वा सम्बद्ध निकायमा उजुरी गर्ने हो । आफैले कानुन हातमा लिएर त्यसको खण्डन वा कमेन्ट वा विरोध वा शेयर गर्न हुँदैन । यस सम्बन्धमा हामी सबै सचेत हुनैपर्दछ ।

अन्यथा अरूले सृजना गरेको निर्वाचन आचारसंहिताविपरीतका गतिविधि वा सामग्री वा निर्वाचन प्रचारप्रसारका सामाजिक सञ्जालमा पोस्ट्याएका विषयहरूले अरूलाई के हुन्छ थाहा छैन । आफैलाई चाहि नकारात्मक असर पर्नसक्ने वा कानुनबमोजिम दण्ड जरिवाना हुनसक्नेप्रति हामी सबै चनाखो हुनुपर्छ ।

### आचारसंहिता हात्तीको देखाउने दाँत नहोस्

आचारसंहिता पालना भए नभएको सम्बन्धमा अनुगमन तथा कारबाही गर्न केन्द्रीय आचारसंहिता अनुगमन समितिदेखि जिल्ला आचारसंहिता अनुगमन समिति गठन गरिएको छ । जिल्लामा मुख्य निर्वाचन अधिकृत संयोजक रहने समिति गठन गरेको पाइन्छ ।

आचारसंहिता उल्लङ्घन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम एक लाख रुपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्नसक्ने व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ को दफा ४८ ले गरेको छ ।

सोही दफाको उपदफा (३) मा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार अभियानमा निर्वाचन आचारसंहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिन वा काम कारबाहीको लागि खर्च गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३० को उपदफा (१) र (२) बमोजिम त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिवाना गर्नसक्ने व्यवस्था गरेको पाइन्छ । त्यसरी भएको जरिवाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने व्यवस्था गरेको पाइन्छ ।

निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आयोगले उल्लङ्घनकर्ताको नाम नामेशीसहितको विवरण सार्वजनिक गर्ने व्यवस्था दफा ५३ ले गरेको पाइन्छ ।

राजनीतिक दलबाहेकको वर्तमान निर्वाचन सरकारले आयोगलाई स्वतन्त्र, धाँधलीरहित एवं निष्पक्ष निर्वाचन गराउन जोड दिइने र निर्वाचन आचारसंहिता कागजी बाघ वा हात्तीको देखाउने दाँत मात्र साबित नहोस् ।

निर्वाचन आचारसंहिता विपरीतका काम वा गतिविधि गर्ने, आचारसंहिताविपरीत पैसा खर्च गर्ने उम्मेदवार वा राजनीतिक दलहरूलाई उनीहरूले दिएको विवरणका आधारमा मात्र होइन । निर्वाचन आयोग, निर्वाचन आचारसंहिता अनुगमन समितिले आफै पनि अनुगमन, छानबिन गरी उम्मेदवारी रद्द, हदैसम्मको जरिवाना पनि गर्नु जरुरी छ ।

*२०८२ माघ २५*

# विदेशी पुँजीलाई होइन राष्ट्रिय पुँजीलाई प्रोत्साहन गर्नुपर्ने

*विदेशी पुँजीलाई प्रोत्साहन गर्ने तर राष्ट्रिय पुँजीपतिवर्गलाई उत्साहित नगर्ने सरकारी प्रवृत्तिको निन्दा र विरोध गर्नुपर्छ । देशी र विदेशी खाद्यवस्तु, औषधि र अन्य उपभोग सामानमा मिसावट, गुणस्तरहीनका कारण जनताको स्वास्थ्यमा नकारात्मक असर पर्ने हुँदा सोको रोकथामको निम्ति विदेशी वस्तु देशभित्रको बजार पुग्नुभन्दा पहिले भन्सारमै ती वस्तुको प्रयोगशालामा परीक्षणपछि नेपाली बजारमा पुऱ्याउने काम गर्नुपर्छ । नेमकिपाले जनताका यस्तै सवाल र विषयमा सदनमा आवाज बुलन्द गर्दै आएको छ; गर्दै जानेछ । मिसावट गर्ने कम्पनी या खाद्यान्न उत्पादनलाई कसुरअनुसारको सजाय दिलाउने या क्षतिपूर्ति दिने काम गराउनुपर्छ । यसकारण, प्रतिनिधिसभामा नेमकिपा जरुरी छ ।*

प्रजातन्त्र र समाजवाद देखाउने दाँत होइन बरु जीवन पद्धति र व्यवहार हो । प्रजातन्त्र भनेको महँगी होइन; प्रशासनिक दमन र अराजकता होइन न त विरोधी पक्षको आवाज नसुन्ने, देश र जनताको लागि गर्नैपर्ने सल्लाह र सुझाव कहिल्यै नसुन्ने मान्यता हो । प्रजातन्त्रको पुनर्स्थापनापछि ठुला दलहरूले पालैपालो सरकारको नेतृत्व गरे । सरकारको नेतृत्व गर्ने दलहरूमा विशेषत: नेका, एमाले र तत्कालीन माओवादी नै हुन् । अहिले सरकारको नेतृत्व गरिसकेका ती नै दलका नेता र उम्मेदवारहरू नेमकिपाले के गऱ्यो भनी जनतामाझ झूटको खेती गर्दै छन्; आफ्नो दलको सरकार बन्यो भने विकासको बाढी ल्याउने फट्याइँ गर्दै छन्; जनतामाझ छलछामको राजनीति गर्दै छन् । दल र दलका उम्मेदवारहरूले आ-आफ्नो दलको सिद्धान्त र विचार बताएर मत लिने कि झूटको खेती गरेर लिने ?

जिल्ला जिल्लाको विकास सरकारको नेतृत्व गरेका दलहरूले गर्ने कि सरकारमा नरहेका, नगएका दलहरूले गर्ने ? सरकारको नेतृत्व गरेका दलका नेताहरूले पो विकास गरेर देखाउनुपर्ने हो; त्यसको दोष सरकारमा नजाने या नगएका दलका नेताहरूलाई लगाउने होइन गल्ती गर्ने ? प्रजातन्त्रको पुन:स्थापनापछि पनि तल्लोवर्गका जनताको पक्षमा किन ऐन कानुन बनेन, बनाइएन ? सरकारमा नरहेका दल र दलका नेताहरूले त देश र जनताको हितमा काम गर्न र गराउन सुझाव दिने हो; सरकारको ध्यानाकर्षण गर्ने हो; सरकारले देशविरोधी, जनघाती काम गरे सोको खबरदारी गर्ने हो, गलत कार्य र निर्णय नगर्न सरकारलाई सल्लाह सुझाव दिने हो । सरकारले थिचिएका, पिसिएका बहुमत जनताको पक्षमा सरकारले काम गर्नुपर्ने हो । सत्तासीन दलका नेताहरूले जनतामाझ भ्रम छर्न आफ्नो पार्टीको सरकारले गर्नुपर्ने काम सरकारमा नगएका दलका नेताहरूले किन विकास गर्न सकेनन् भनी प्रश्न गर्नु आफ्नो कमजोरी लुकाउने प्रयास हो । आफ्नो गल्ती छोप्न आफ्नो दोष अरुमाथि थोपर्नु के अर्को भूल होइन ?

देशलाई जोगाउन र कामदार जनताको हितको निम्ति काम गर्दै आएको पार्टी नेमकिपा हो । देशलाई सधैं नेपाल र नेपालीको बनाउन, सार्वभौमसत्ता कायम राख्न, देशलाई विखण्डन र साँगुरो हुनबाट बचाउन सङ्घर्षरत पार्टी नेमकिपा हो । विगतमा शासक दलहरूले नेपाली कामदार जनताको हक हितबारे के काम गरे ? उनीहरू देश र जनताप्रति समर्पित हुनुभन्दा पनि विदेशी इसारामा नाचे; विदेशी पुँजीको पिछलग्गू भए; देशको विकासलाई उचाइमा पुऱ्याउनुभन्दा अधोगतितर्फ ढल्के । तर, जनताबाट निर्वाचित नेमकिपाका प्रतिनिधिहरूले देश र जनताको व्यापक हितमा नीति, कार्यक्रम र विधेयक निर्माण गर्ने एवं कामदार जनताको पक्षमा विधेयक, ऐन, कानुन पारित गराउन लागिपरे; सदन र सडकमा सङ्घर्ष गरे । देशघाती सन्धि सम्झौता रोक्न र सो पारित नगराउन सङ्घर्ष गर्ने दल नेमकिपा हो; नेमकिपाका निर्वाचित सांसदहरू हुन् । नेमकिपाका निर्वाचित सांसदहरूले जसरी विगतमा बाटोघाटो, शिक्षा, स्वास्थ्य, रोजगारी दिन उद्योगधन्दा, शिशुशाला, बाल उद्यान र ज्येष्ठ नागरिकहरूको लागि सेवा गर्न आदर निकेतनको बन्दोबस्तका निम्ति सङ्घर्ष गरे, अहिले पनि त्यसरी नै सङ्घर्ष गर्नेछन् ।

देशमा विदेशी पुँजीको प्रभाव बढेको कारण या भारतीय एकाधिकार पुँजीको कारण आर्थिक सङ्कट निम्तिएको हो । देशको अर्थतन्त्र विदेशीको हातमा गएको हो । यही कारण देशमा राजनीतिक अपराधीमात्र होइन आर्थिक अपराधीहरू बढ्न थालेका छन् । घुसखोरी, भ्रष्टाचारी, कमिसनखोर, अपराधी र अनियमित गर्नेहरूको सङ्ख्या बढ्दै छ । यिनीहरूमाथि कारबाही नभएको कारण बेथिति या समस्या बढ्दै गएको हो । नेपाली सम्पत्ति र पुँजीलाई विदेशमा लान नपाउने ऐन कानुन बनाउनु आवश्यक छ । देशको पुँजी देशकै विकासमा लगाउन सरकारले नीति तयार गर्नुपर्छ । विदेशी पुँजीलाई प्रोत्साहन गर्ने तर राष्ट्रिय पुँजीपतिवर्गलाई उत्साहित नगर्ने सरकारी प्रवृत्तिको निन्दा र विरोध गर्नुपर्छ । देशी र विदेशी खाद्यवस्तु, औषधि र अन्य उपभोग सामानमा मिसावट, गुणस्तरहीनका कारण जनताको स्वास्थ्यमा नकारात्मक असर पर्ने हुँदा सोको रोकथामको निम्ति विदेशी वस्तु देशभित्रको बजार पुग्नुभन्दा पहिले भन्सारमै ती वस्तुको प्रयोगशालामा परीक्षणपछि नेपाली बजारमा पुऱ्याउने काम गर्नुपर्छ । नेमकिपाले जनताका यस्तै सवाल र विषयमा सदनमा आवाज बुलन्द गर्दै आएको छ; गर्दै जानेछ । मिसावट गर्ने कम्पनी या खाद्यान्न उत्पादनलाई कसुरअनुसारको सजाय दिलाउने या क्षतिपूर्ति दिने काम गराउनुपर्छ । यसकारण, प्रतिनिधिसभामा नेमकिपा जरुरी छ ।

# एप्सटिन फाइलले नङ्ग्याएको धनकुवेरहरूको संसार

● ब्ल्याक एजेन्डा

ज्योफ्री एप्सटिनको मृत्यु सन् २०१९ मा भयो। तर, मृत्यु हुनुभन्दा अगाडि नै धेरै वर्षदेखि उनी समाचारका विषय बनिसकेका थिए। आज पनि यो क्रम रोकिएको छैन। खासगरी डोनाल्ड ट्रम्पसँगको उनको लामो घनिष्टताका कारण उनी समाचारबाट ओझेलिएका छैनन्। किनभने, यसपालि ट्रम्प राष्ट्रपतिको दोस्रो कार्यकाल हाँक्दै छन्।

एप्सटिन थिए अर्बपति। वित्तीय क्षेत्रमा उनको पहुँच धेरै परसम्म थियो। उनले विश्वभरिका शक्तिशाली वित्तपति र राजनीतिक नेताहरूसँग सम्बन्धको ठुलै जालो बनाएका थिए। उनी यौन तस्करीका लागि चर्चित थिए। उनले त्यसमा शक्तिशाली मानिसहरूलाई मनाएका पनि थिए। तर, लाग्छ यो उनको कर्तुतको एउटा सानो पाटो मात्र थियो।

एप्सिन विश्वका सबैभन्दा ठुला राजनीतिक र वित्तीय खेलाडीहरूको भित्री किल्लामा पसे। उनी सम्भ्रान्तहरूका रखौटी जुटाउने दलाल मात्र बनेनन्। बरु उनले इजरायलको दलालको रूपमा काम गरे। उनले बेलायती नेताहरूको लागि काम गरे। उनले बहुराष्ट्रिय कम्पनीहरूको स्वार्थ पूरा गरिदिए। यो अपराधमा उनकी सहयोगी रहिन् गलिन म्याक्सवेल। अहिले उनी अमेरिकाको केन्द्रीय कारागारमा छिन्। तर, उनले आफ्नो जीवन बेलायतको एक कुलिन घरानाबाट सुरु गरेकी थिइन्। उनका बुबा रोबर्ट म्याक्सवेल एक यहुदी थिए। रोबर्ट चेकोस्लोभाकियामा जन्मेका थिए। बेलायतमा पत्रिका चलाएरै उनी धनकुवेर बनेका थिए। उनी एक कट्टर र सक्रिय यहुदीवादी थिए। सन् १९९१ मा एक निजी जहाज दुर्घटनामा रोबर्टको मृत्यु भयो। उनलाई इजरायलमा लगेर समाधिस्थ गरियो। इजरायलका तत्कालीन प्रधानमन्त्री यित्जाक शमिर पनि उनको अन्त्येष्टि समारोहमा उपस्थित थिए।

अमेरिकाको न्याय मन्त्रालयले हालै एप्सटिनसँग सम्बन्धित ३० लाख फाइलहरू सार्वजनिक गरेको छ। यी दस्तावेजमा एप्सटिनका फोटो र इमेलहरू पनि छन्। एप्सटिन काण्डलाई नजिकबाट नियालिरहेका पर्यवेक्षकहरूको लागि यो एउटा ठुलै खजाना हो। यी फाइलहरूबाट पर्यवेक्षकहरूले पहिल्यै थाहा पाइसकेका कुरा पुष्टि भएका छन्। साथै, उनको सम्पत्ति र राजनीतिक क्रियाकलापबारे पहिले अज्ञात रहेका धेरै कुराको खुलासा पनि भएको छ। यौन काण्डमा दिइएको बढी जोड एउटा पर्दामात्र साबित भएको छ। विश्वका शासकवर्गका कर्तुतहरू कति भयानक हुँदा रहेछन् भन्ने एउटा विष्फोटक सत्य बाहिर आएको छ।

वर्षौंसम्म एप्सटिन कानुनबाट बचिरहे। तर, सन् २०१९ मा आएर न्युयोर्क जेलमा उनको मृत्यु भयो। उनको मृत्युलाई सामान्य आत्महत्या भनेर ओझेल पारियो। तर, तथ्यले उनको मृत्युलाई स्वभाविक भन्दैनन्। उनीजस्ता व्यक्तिको मृत्युको हकमा प्रश्न उठ्नु तर्कसङ्गत पनि हो। एप्सटिनसँग ५७.८ करोड डलर सम्पत्ति थियो। उनी डोनाल्ड ट्रम्प, बिल क्लिन्टन र बेलायती राजपरिवारका पूर्वराजकुमार एन्ड्र्यू माउन्टबेटन-विन्डसरका साथी थिए। राजपरिवारको इज्जत जोगाउन अहिले यी राजकुमारले आफ्ना सबै घरानियाँ सम्बन्ध त्यागेर सामान्य जीवन बिताउँदै छन्।

एप्सटिन यहुदी थिए। तर, हाल सार्वजनिक भएका दस्तावेजबाट उनी यहुदी जातिवादी थिए भन्ने पुष्टि भएको छ। उनी यहुदीहरूलाई संसारका सर्वश्रेष्ठ जाति मान्थे। उनी तथाकथित लोकतान्त्रिक मुलुकहरूमा उच्च अधिकारीहरूसँग मिलेर काम गर्थे। अन्तर्राष्ट्रिय शासकवर्ग र यहुदीवादीहरूकै काम गर्थे। एप्सटिनलाई चिन्ने जोकोहीलाई इजरायलसँग एप्सटिनको घनिष्टताबारे थाहा छ। तर, पछिल्लो दस्तावेजमा एउटा अज्ञात पाटो खुलेको छ। एप्सटिन गैरयहुदीहरूलाई रुचाउँदैनथे र आफ्ना इमेलहरूमा यहुदीइतर जातिका मानिसलाई प्रायः 'गोइम' (म्लेच्छ/नीच) लेख्थे। एप्सटिनका इमेलको भण्डारबाट एउटा उदाहरण हेरौं, "यहुदीहरू यसरी नै पैसा कमाउँछन्। बितेका दश वर्षमा जहाजी कारोबारको भविष्य बेचेर धन कमाए। वास्तविक दुनियामा गोइमहरूलाई खेल्न दिऔं।" एकपल्ट एक हलिउड प्रचारकले उनलाई प्रश्न सोधेका थिए - के यो कार्यक्रम 'सतप्रतिशत यहुदी रात' हुनेछ ? जवाफमा एप्सटिनले भनेका थिए, "होइन, गोइमहरू पनि प्रशस्तै हुनेछन्। जेपी




मोर्गनका कार्यकारी प्रमुखहरू, तेज परजीवी किराहरू पनि हुनेछन्।"

मूलधारे मिडियाले यहुदीहरूको वित्तीय र राजनीतिक शक्तिको विषयमा कमै बोल्छन्। यस्तो कुराकानीलाई 'यहुदीविरोधी' भनेर किनार लगाइन्छ। तैपनि, एप्सटिनका कतिपय फाइल र उनकै भनाइहरूले यस विषयमा लेख्ने ठाउँ छोडेका छन्। ती दस्तावेजका आधारमा यहुदीहरूको वित्तीय र राजनीतिक शक्तिबारे लेख्न सकिन्छ। *(कतिपयले लेखिरहेका पनि छन्। अनु.)*

तर, चर्चित व्यक्तिहरूको जालोबारे गहिराइमा गएर उति लेखिएको छैन। दस्तावेजमा मुख्यमुख्य कर्पोरेट नेता, इजरायल सरकार र एप्सटिन जस्ता अन्तर्राष्ट्रिय वित्तीय लगानीकर्ताहरूबारे लेख्न धेरैथोक छ। मिडियाले यौन तस्करी र बालयौन दूराचारमा मात्र जोड दिएका छन्। धेरैको ध्यान पनि त्यसमै छ। तर, एप्सटिन र उनका सम्बन्धको सञ्जाल हेर्दा यो संसार वास्तवमा कसरी चल्न भन्ने विषयमा धेरै कुरा थाहा पाइन्छ।

बेलायतमा कुनै बेला पिटर मेन्डल्सनलाई माथिल्लो सदन र लेबर पार्टीबाट राजीनामा दिन बाध्य पारिएको थियो। सन् २००८ मा बेलायती बजार टाट पल्टियो। त्यसबाट जोगिन सरकारले बनाएको योजनाबारे आधिकारिक सूचना एस्पटिनलाई चुहाएको हुनाले मेन्डल्सनले कारबाही भोगिन्। मेन्डल्सन र उनका पतिले एप्सटिनको सिधै पैसा खाएका थिए। *(मेन्डल्सनलाई समलिङ्गी मानिन्छ।)*

मेन्डल्सन चर्चित व्यक्ति मात्र होइनन्। उनी संरा अमेरिकाका लागि बेलायतका पूर्वराजदूत र पूर्वसांसद हुन्। उनी 'न्यू लेबर' का एक नेता पनि हुन्। लेबर पार्टीबाट वामपन्थी हाँगो काटेर फालेपछि र जेरेमी कोर्बिनको नेतृत्वलाई हटाएपछि बनेको नयाँ लेबर पार्टीलाई नै 'न्यू लेबर' भनिन्छ। मेन्डल्सन धेरै वर्ष लेबर पार्टीका हर्ताकर्ता रहँदै आएका छन्। एप्सटिनसँगको उनको सम्बन्धबाट संसार कसरी चल्छ; जनताका लागि काम गर्ने भनिएका लोकतन्त्रिक वा प्रजातान्त्रिक देशै पनि कसरी चल्छन् भन्ने थाहा पाइन्छ। कोर्बिनलाई कहिल्यै प्रधानमन्त्री बन्न दिइने छैन भन्ने प्रस्टै थियो। कोर्बिनकै पार्टीका व्यक्तिहरू उनीविरुद्ध भित्रभित्र हुने चलखेल र मिडियासँग साँठगाँठमा संलग्न थिए। कोर्बिनको नेतृत्वमा बेलायतमा अलिकति पनि सुधार भएको उनीहरूलाई सह्य थिएन।

सन् २०१० मा मेन्डल्सनले एप्सटिनलाई एउटा इमेल लेखे। इमेलमा उनले गठबन्धन सरकार बनाउन नसकेपछि तत्कालीन प्रधानमन्त्री गोर्डन ब्राउनलाई राजीनामा दिन मनाइसकेको खुलाएका थिए। उनले लेखे, "अन्त्यमा आज उनलाई हट्न मनाएँ।" भोलिपल्ट नै ब्राउनले राजीनामा दिए। पुनः रुढीवादी टोरी दल सत्तासीन भयो। वामपन्थी भनाउँदो लेबर पार्टी अझै पनि यस्ता सिद्धान्तहीन व्यक्तिहरूको हातमा छ। उनीहरूलाई वामपन्थी र दक्षिणपन्थीको बिल्ला लगाउनुको कुनै अर्थ छैन।

एप्सटिनले सन् १९९३ मा प्यालेस्टिनलाई ध्वस्त पार्ने गरी भएको ओस्लो सम्झौतामा भूमिका खेले। त्यो सम्झौतामा नर्वेका विवाहित कूटनीतिक जोडी मोना जूल र तेर्जे रोएड लार्सेनले अग्रणी भूमिका खेलेका थिए। उनीहरूलाई एप्सटिनले नै घटाएका थिए। लार्सेनले एप्सटिनबाट १.३ लाख डलर ऋण लिएका थिए। उनी अन्तर्राष्ट्रिय शान्ति संस्थानका अध्यक्ष थिए। उनको संस्थाले एप्सटिनबाट साढे ६ लाख डलर चन्दा लिएको खुलासा भएपछि उनले सो पदबाट राजीनामा दिनुपरेको थियो। जूल र लार्सेनका छोराछोरीलाई एप्सटिनको इच्छापत्रमा १ करोड डलर दिइएको खबर छ। राष्ट्रसङ्घका एक पूर्वअधिकारी क्रिग मोखिबर भन्छन्, "प्यालेस्टिनको विषयमा काम गरिरहेका राष्ट्रसङ्घका राजनीतिक अधिकारीलाई इजरायलले भ्रष्ट बनाइसकेको छ भनी म प्रमाणित त गर्न सक्दिन। तर, मलाई थाहा छ लार्सेन र उनीपछिका राष्ट्रसङ्घका दूत (UNSCO) बनेकाहरूले अन्तर्राष्ट्रिय कानुन तथा प्यालेस्टिनी जनताको मानवअधिकारप्रति इजरायली सत्ताको चासोलाई लगातार प्राथमिकता दिँदै आएका छन्।" नर्वेमा ओस्लो सम्झौता हुँदा ठुलै लज्जास्पद घटना भएको थियो। सम्झौता हुँदाका सबै लिखत आधिकारिक अभिलेखबाट हराएको थियो। घटनापछि रोएड लार्सेनले आफूसँग केही निजी कागजातहरू रहेको स्वीकारेका थिए। तर, उनले राज्यलाई ती दस्तावेज फर्काउन मानेनन्।

एप्सटिनका एक सहयोगीले लिबियामा भएको लुटपाटमा आफू संलग्न भएको हाकाहाकी बताए। सन् २०११ मा नेटोको आक्रमणका कारण षड्यन्त्रपूर्वक सत्ता उल्टिएपछि लिबियामा पश्चिमाहरूको लुटपाट चलेको थियो। त्यो बेला विदेशमा रहेको लिबियाको ८० अर्ब डलर धनलाई निसान बनाइएको थियो। एप्सटिनका ती सहयोगीले लेखे, "म कानुनी फर्म 'पौल, हेस्टिङ्स, जानोफ्स्की एन्ड वाल्कर' सँग कुरा गर्दै छु। बेलाबखत त्यो पैसाको पछि लाग्न भनेको छु। तर, त्यसमा घन्टैपिच्छे ध्यान दिनु र सुरुमा तल झुन्डिएको फल टिप्नु हाम्रो लागि लाभदायी हुनेछ। सुरुमा तल झुन्डिएको फल टिप्दा झन्झन् बढी पैसा लिने बाटो खुल्नेछ। मसँग एमआई-६ (बेलायती गुप्तचर निकाय) र मोस्साद (इजरायली गुप्तचर निकाय) मा काम गरेका साथीहरू छन्। ती लुटिएको सम्पत्ति ठम्याउने र बाहिर झिक्ने काममा उनीहरू हामीलाई सघाउन चाहन्छन्।" एप्सटिनले आनाकानी नगरी जवाफमा लेखे, "लिबियाहरूले अब कानुनी भइसके। त्यो पैसामा धेरैले दाबी गर्नेछन्।"

कुकर्म र विश्वासघातको सूची सानो छैन। अझ लाखौं फाइलहरू बाहिरिन बाँकी छ। हालै बाहिरिएका दस्तावेजमा धेरै कुरालाई कालो रङले छोपिएको छ। अपराधको पूर्ण आकार अझै अज्ञात छ।

एप्सटिनले सत्ता र सम्पत्तिको माथिल्लो आसनमा बस्नेहरूका कर्तुतमाथि थोरै भए पनि प्रकाश छरेका छन्। जनताले सत्ता र सम्पत्तिको खेलमा आफ्नो प्रभाव कति नगन्य हुँदो रहेछ भन्ने झलक पाएका छन्। हामीलाई जे विषयमा पनि मतदानमा अल्झाइन्छ। तर, वास्तवमा के हुन्छ वा हुँदैन भन्ने निर्णय संसारभरि नै एप्सटिनहरूले गरिरहेका छन्। उनीहरू गुप्तचर, कानुनी फर्म, राजनीतिक दल र मिडियासँग मिलेर आफ्ना फोहरी काम गर्छन्। अनि विश्वका जनतालाई माखो बराबर मानिँदैन। एप्सटिन यौन दूराचार गरे र डोनाल्ड ट्रम्पले (पछि पछुताउने गरी) दस्तावेजहरू खुलासा गर्ने प्रतिबद्धता जनाए। यो संयोग नजुरेको भए हामीले संसार चलाउने भ्रष्टहरूका कर्तुतको यति प्रस्ट प्रमाण देख्न पाउने थिएनौं।

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***

# प्रभुत्वको छाया र बहुपक्षीयताको प्रकाश

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्किएदेखि उनको 'अमेरिका प्रथम' नीतिले विश्वव्यापी परिदृश्यलाई पुनःआकार दिइरहेको छ। शुल्क लगाउने र एकपक्षीय प्रतिबन्ध लगाउनेदेखि बहुपक्षीय सम्झौताबाट फिर्ता हुने धम्की दिने र सैन्य गठबन्धनलाई बलियो बनाउनेसम्म, यी कार्यहरूले नेपालसहित विश्वव्यापी दक्षिणका लागि गम्भीर चुनौती खडा भएका छन्।

यसैबिच, चीनको विश्वव्यापी विकास पहल, विश्वव्यापी सुरक्षा पहल, विश्वव्यापी सभ्यता पहल र विश्वव्यापी सुशासन पहलहरूले अन्तर्राष्ट्रिय समुदायलाई विभिन्न मार्गहरू प्रदान गरिरहेका छन्। विशेषगरी नेपालका लागि यो भिन्नता भूराजनीतिक छनौटको मात्र कुरा होइन, देशको स्थिरता, विकासमा पनि प्रत्यक्ष प्रभाव पार्छ।

ट्रम्प प्रशासनको विदेश नीतिको मूल तर्क एकपक्षीय कार्य र अधिकतम दबाबमार्फत आफ्नो प्रभुत्व कायम राख्नु हो। व्यापार युद्ध सुरु गर्ने र बहुपक्षीय सम्झौताबाट स्वेच्छाचारी रूपमा फिर्ता लिनेदेखि आफ्ना सहयोगी तथा हितैषी देशहरूमा समेत प्रतिबन्ध लागू गर्नेसम्म, यसका कार्यहरूले विश्वव्यापी टकराव र विभाजनलाई बढाएको छ। यो शून्य-योग खेल मानसिकता र धम्कीपूर्ण दृष्टिकोणले नेपालजस्ता साना र मध्यम आकारका देशहरूका लागि गम्भीर चुनौती खडा गरेको छ: आर्थिक रूपमा, तिनीहरूले कठोर राजनीतिक परिस्थितिसँग असमान व्यापार दबाब र तथाकथित सहायताको सामना गर्न सक्छन्; सार्वभौमिकताको सन्दर्भमा, घरेलु र विदेशी मामिलामा उनीहरूको स्वतन्त्रतामा बारम्बार हस्तक्षेप र धम्की दिइन्छ। यसरी विश्व नै संयुक्त राष्ट्र सङ्घका महासचिव गुटेरेसले "अनावश्यक विनाश र अनन्त पीडा" को चेतावनी दिएको अवधिमा प्रवेश गरेको छ र विश्वव्यापी शासन प्रणालीले गम्भीर प्रहार भोगेको छ।

यसको विपरीत, चीनले श्रृङ्खलाबद्ध विश्वव्यापी पहलहरू अगाडि सारेका छन्। यी पहलहरू प्रभुत्व कब्जा गर्ने उद्देश्यले होइन, बरु विश्वव्यापी दुविधाहरू समाधान गर्न सार्वजनिक सामानहरू प्रदान गर्ने उद्देश्यले गरिएका हुन्। विश्वव्यापी विकास पहलले उत्तर-दक्षिण विभाजनलाई प्रत्यक्ष रूपमा सम्बोधन गरेको छ, परियोजना र कोष पूलको स्थापनामार्फत ६० भन्दा बढी देशमा १८०० भन्दा बढी व्यावहारिक सहयोग परियोजनालाई प्रवर्द्धन गर्दछ। यीमध्ये, दक्षिणपूर्वी एसिया र अफ्रिकामा कार्यान्वयन गरिएका कृषि प्रविधि प्रदर्शन केन्द्र र स्वच्छ ऊर्जा परियोजना जस्ता 'साना तर सुन्दर' परियोजनाहरूले स्थानीय जनताको कल्याण र आत्म-विकास क्षमतामा प्रभावकारी रूपमा सुधार गरेका छन्। विश्व सुरक्षा पहलले एक साझा, व्यापक, सहकारी र दिगो सुरक्षा अवधारणाको वकालत गर्दछ, संवाद र परामर्शमार्फत विवाद समाधान गर्न जोड दिन्छ। चीनले संयुक्त राष्ट्र सङ्घको शान्ति स्थापना कार्यमा सक्रिय रूपमा भाग लिएको छ र क्षेत्रीय हटस्पटहरू समाधान गर्न कूटनीतिक मध्यस्थता गरेको छ, रचनात्मक स्थिरीकरणमा भूमिका खेलेको छ। विश्व सभ्यता पहलले विश्व सभ्यताको विविधतालाई सम्मान गर्दछ र 'सभ्यताको टकराव' सिद्धान्तको विरोध गर्दछ, एसियाली सभ्यता संवाद सम्मेलनजस्ता बहु-स्तरीय प्लेटफर्ममार्फत समान संवाद र जनताबिचको आदानप्रदानलाई प्रवर्द्धन गर्दछ। विश्व सुशासनपहलले स्पष्ट रूपमा वास्तविक बहुपक्षीयताको वकालत गर्दछ र अन्तर्राष्ट्रिय प्रणालीको सुधारलाई अझ न्यायपूर्ण र समतामूलक दिशामा प्रवर्द्धन गर्दछ, जसलाई मलेसियासहित धेरै देशहरूबाट खुला समर्थन प्राप्त भएको छ।

नेपालका लागि, चार पहलहरूले प्रस्ताव गरेको मार्गको गहिरो व्यावहारिक महत्त्व छ। सुरक्षाको हिसाबले, संवाद र सहयोगको वकालत गर्ने र सबै देशको सार्वभौमसत्ता र अखण्डताको सम्मान गर्ने सुरक्षा अवधारणा नेपालको असंलग्नताको परम्परा कायम राख्ने र आफ्नो स्वतन्त्रताको रक्षा गर्ने आवश्यकतासँग धेरै मिल्दोजुल्दो छ, जुन टकराव सिर्जना गर्ने र देशहरूलाई पक्ष लिन बाध्य पार्ने ब्लक राजनीतिभन्दा फरक छ। विकासको हिसाबले, परामर्श, संयुक्त निर्माण र साझा लाभका सिद्धान्त आधारित व्यावहारिक सहयोग, जस्तै चीनको 'डिजिटल सिल्क रोड' र छिमेकी देशहरूमा पूर्वाधार जडान पहलहरूले नेपाललाई यसको विकास घाटा कम गर्न र यसको आत्मनिर्भरता बढाउन ठोस अवसरहरू प्रदान गर्दछ। यो सहयोग निःशर्त छ र साझा समृद्धिमा केन्द्रित छ। विश्वव्यापी सुशासनमा, संयुक्त राष्ट्र सङ्घमा केन्द्रित अधिक समतामूलक र लोकतान्त्रिक बहुपक्षीय प्रणाली निःसन्देह नेपालजस्ता साना र मध्यम आकारका देशहरूका लागि आफ्ना माग व्यक्त गर्न र आफ्ना अधिकारको रक्षा गर्न सबैभन्दा प्रभावकारी प्लेटफर्म हो।

हाल विश्व सङ्क्रमणको अवधिमा छ, पुरानो व्यवस्था खुकुलो हुँदै गएको छ र नयाँ व्यवस्था अझै स्थापित हुन बाँकी छ। ट्रम्प प्रशासनका कार्यहरूले परिवर्तनशील समयका लागि पुरानो आधिपत्यवादी सोचको प्रतिरोधलाई प्रतिनिधित्व गर्दछ, जब कि चीनका चार पहलहरूले अर्को भविष्यको परिदृश्यको प्रोटोटाइप चित्रण गर्दछ - अझ समान, शान्तिपूर्ण र सहयोगी संसार। नेपालको छनौट केवल राष्ट्रिय हितको तौल मात्र होइन, तर 'मानवता कहाँ जाँदैछ ?' भन्ने प्रश्नको जवाफ पनि हो। टकराव र दबाबको भुमरीमा अल्झिनुको सट्टा खुला, समावेशी र पारस्परिक रूपमा लाभदायक साझेदारी छनौट गर्नु बुद्धिमत्ताको अभिव्यक्ति मात्र होइन, नेपाली जनताको दीर्घकालीन कल्याण र क्षेत्रको स्थायी शान्तिप्रति जिम्मेवार प्रतिबद्धता पनि हो।

*-सीआरआईबाट*

# मोदीलाई घुँडा टेक्न बाध्य पार्दै अमेरिका

✍ मनोज जोशी

इरानको चाबहार बन्दरगाहप्रति भारतको प्रतिबद्धता सङ्कटमा परेको छ। 'इकोनोमिक टाइम्स' ले हालै छापेको एक समाचारअनुसार अमेरिकी विदेशमन्त्रीले चाबहार बन्दरगाह सञ्चालन गर्न भारतलाई दिइएको छुट खारेज गरिदिएका छन्। अमेरिकाले सन् २०१८ मा भारतलाई त्यस्तो छुट दिएको थियो। तर, अब सेप्टेम्बर २९, २०२५ बाट लागू हुने गरी छुट फिर्ता गरिएको सूचनामा भनिएको छ, 'इरानी शासनलाई एक्ल्याउने राष्ट्रपति डोनाल्ड ट्रम्पको अधिकतम दबाब नीतिअनुरूप विदेशमन्त्रीले अफगानिस्तान पुनर्निर्माण सहायता र आर्थिक विकासका लागि 'इरान फ्रिडम एन्ड काउन्टिर प्रलिफेरेसन एक्ट (आइएफसिए)' अन्तर्गत सन् २०१८ मा इरानमाथि लागू प्रतिबन्धमा दिइएको छुट खारेज गरेका छन्।'

सन् २०१८ मा भारतलाई दिइएको छुटमा भारतलाई इरानको चाबहार बन्दरगाहको विकास, रेलवे निर्माणका साथै इरानी बाटो हुँदै अफगानिस्तानमा सामान ढुवानी गर्ने योजना समेटिएको थियो। त्यतिबेला भारतको सरकारी निकाय 'इन्डिया पोर्ट्स ग्लोबल लिमिटेड (आइपिजिएल' ले 'इन्डिया पोर्ट्स ग्लोबल चाबहार फ्री जोन' एकाइमार्फत सो बन्दरगाहको सञ्चालन आफ्नो हातमा लिएको थियो। यसले बन्दरगाहमा 'साहिद बेहेस्ती टर्मिनल' सञ्चालन गर्न इरानको 'पोर्टस् एन्ड म्यारिटाइम अगनाइजेसन (पिएमओ)' सँग १० वर्षको सम्झौतामा हस्ताक्षर पनि गरेको थियो।

बन्दरगाह निर्माणकै लागि भनेर भारतले उपकरण खरिदका लागि १२ करोड डलर अनुदान र २५ करोड डलरबराबरको 'लाइन अफ क्रेडिट' जारी गरिसकेको बताइन्छ। (तथापि, भारतलाई यसअघि नै सन् २०२० मा चाबहार-जाहेदान रेलमार्ग परियोजना भने निर्माणमा ढिलाइ गरेको भन्दै हटाइसकेको थियो।) अमेरिकी प्रतिबन्ध पुनः लागू हुनुभन्दा एक दिनअघि सेप्टेम्बर २८ मा आइपिजिएल बोर्डका सबै सरकारी मनोनीत सदस्यले राजीनामा दिए। अहिले आइपिजिएलको वेबसाइटमा ती सदस्यको सबै सन्दर्भ हटाइएको छ।

भारतले चाबहारमा जारी निर्माण कार्यमा प्रयोग भइरहेका सामग्री अब के गर्छ भन्ने विषयमा दिइएको जानकारीअनुसार अमेरिकाको 'अफिस अफ फरेन एसेट्स कन्ट्रोल (ओएफएसी)' ले भारतलाई अप्रिल २६ सम्म अर्थात् ६ महिनाको छुट दिएको छ। उता नयाँदिल्लीले अझै पनि बन्दरगाहमा आफ्ना गतिविधि जारी राख्न मिल्ने र अमेरिकी माग पनि पूरा हुने बाटो पहिल्याउन अमेरिकालाई मनाउने प्रयास गरिरहेको बताएको छ। अमेरिकी दबाबले अहिले भारतलाई चाबहारमा मात्र होइन, धेरै क्षेत्रमा झन्डै घुँडा टेक्न बाध्य पारेको छ।

सन् २०१८ मा ट्रम्प सत्तामा आएपछि अमेरिका इरान र विश्वका शक्ति राष्ट्रबिच भएको 'जोइन्ट कम्प्रेहेन्सिभ प्लान अफ एक्सन (जेसिपिओए)' बाट एकतर्फी रूपमा बाहिरियो। जेसिपिओए इरानको आणविक गतिविधिमाथि नियन्त्रणमा राख्ने उद्देश्यले गरिएको सम्झौता थियो। तर, सम्झौता इरानप्रति धेरै नरम भएको भन्दै ट्रम्प बाहिरिए। अमेरिका इरानसँगको आणविक सम्झौताबाट बाहिरिँदा भारत अप्रत्यक्ष पीडित बन्न पुग्यो। सम्झौताबाट बाहिरिएपछि, अमेरिकाले इरानविरुद्ध कठोर प्रतिबन्ध लागू गर्‍यो। प्रतिबन्धले इरानसँग व्यापार गर्ने र सम्बन्ध कायम राख्ने देशहरूमाथि सहायक प्रतिबन्धको व्यवस्था गरेको थियो। यसबाट भारत प्रत्यक्ष प्रभावित हुन पुग्यो।

**भारतका लागि इरानको महत्त्व**

पछिल्लो दशकमा, भारतको विदेश नीतिमा इरानले प्रमुखता पाउँदै आएको छ। इरानको स्थिति, आकार र इतिहासको कारणले यो देश भारतका लागि महत्त्वपूर्ण छ। इरान विश्वको तेस्रो ठुलो तेल भण्डार र दोस्रो ठुलो प्राकृतिक ग्यास भण्डार भएको देश हो। यदि व्यापार खुल्ने हो भने यो देश भारतका लागि पेट्रोलियम पदार्थ उत्पादक मुलुकमध्ये सबैभन्दा नजिकको देश हो। नौ करोड ३० लाख जनसङ्ख्या भएको तुलनात्मक रूपमा सम्पन्न देश इरानको बजार भारतीय चामल, औषधी, कपडा, चिया, मेसिनरी, उपकरणदेखि रसायन र तेल बिउको प्रमुख बजार बन्न सक्छ। तर, दुर्भाग्यवश, पश्चिमी प्रतिबन्धले यो सम्भावनालाई अहिलेका लागि कार्यान्वयन गर्न दिएको छैन।

अमेरिकाले इरानमाथि लगाएको प्रतिबन्ध लागू हुनुअघि सन् २०१८-२०१९ मा भारतले इरानबाट दुई करोड ३५ लाख टन तेल आयात गरेको थियो। त्यतिबेला भारत इरानी तेलको चौथो ठुलो आपूर्तिकर्ता बनेको थियो। तर, इरानसँग व्यापार गर्ने देशमाथि लाग्ने सहायक



प्रतिबन्धको डरले भारतीय कम्पनीले आयात बन्द गर्दै इरानसँगको आफ्नो कारोबार बन्द गर्नुपर्‍यो।

भारतको सबैभन्दा नजिकको पेट्रोलियम पदार्थ उत्पादक देश भएको इरानको तेल न्यून ढुवानी खर्च थोरै पर्ने भएकाले भारतमा सस्तो पर्न जान्छ। त्यसमाथि इरानी तेल उच्च गुणस्तर हुने हुँदा यसको प्रशोधन सहज र कम खर्चिलो मानिन्छ। यसै पनि भारत पछिल्लो समय विश्वमै रिफाइनरी (प्रशोधन) केन्द्र बन्दै गएको सन्दर्भमा इरानसँगको व्यापार भारतका लागि निकै फलदायी हुने थियो। अमेरिकाको कठोर प्रतिबन्ध लागू हुनुअघि भारतीय कम्पनी एस्सार, ओएनजिसी विदेश लिमिटेड (ओभिएल) र टाटाहरू इरानमा सक्रिय थिए।

अमेरिकी प्रतिबन्धको डरले भारत पछाडि हटेपछि अहिले इरानी तेलको प्रमुख खरिदकर्ता देश चीन बनेको छ। चीनले अहिले आफूले किन्नेमध्ये झन्डै ८० प्रतिशत पेट्रोलियम पदार्थ इरानबाट किनिरहेको छ। प्रतिबन्धका कारण अन्य खरिदकर्ता नभएकाले चीनले ठुलो छुटसमेत पाउन सफल छ। अझ पेइचिङले चलाखीपूर्वक ती तेल 'स्वतन्त्र' प्रशोधनकर्ता किन्दै आफ्ना सरकारी कम्पनीलाई यस व्यापारबाट टाढा राखेको छ।

पेट्रोलियम पदार्थ र बजारबाहेक, इरानले भारतलाई अर्को भूराजनीतिक फाइदा प्रदान गर्छ। चाबहार र बन्दर अब्बासजस्ता बन्दरगाहबाट भारतले पाकिस्तानलाई बाइपास गरेर युरोपसम्म पुग्न सक्छ। खासमा, चाबहार बन्दरगाह निर्माणको मूल उद्देश्य नै भारतलाई अफगानिस्तानसम्म पुग्ने मार्गको रूपमा विकास गर्नु थियो। यदि चाबहार-जहेदान-मसाद रेलमार्गजस्तो परियोजना साँच्चै विकास भयो भने भारतले पाकिस्तानलाई नछोई सीधै मध्य-एसियासम्म पहुँच पाउनेछ।

चाबहार-जहेदान-मसाद रेलमार्गअघि चर्चामा थियो 'इन्टरनेसनल नर्थ साउथ ट्रान्सपोर्टेसन कोरिडोर (आइएनएसटिसी)'। त्यसले मुम्बई र कान्डलाजस्ता पश्चिम भारतीय बन्दरगाहलाई इरानको बन्दर अब्बाससँग जोड्छ। त्यहाँबाट भारतीय कार्गो अजरबैजान हुँदै रुससम्म पुर्‍याउने योजना थियो। सन् २००२ मा प्रस्ताव गरिएको यस योजनामा टर्की, मध्य एसियाली गणतन्त्र, आर्मेनिया, ओमान, युक्रेन र सिरिया समावेश गरिएका थिए। तर, इरानमाथिको पश्चिमी प्रतिबन्धले यो पनि योजनामै सीमित छ।

चाबहार इरानको एक मात्र गहिरो सागरमा अवस्थित बन्दरगाह हो। तर, यसको विकासको मुख्य लाभग्राहीमा भारत पनि हुने थियो। यसले पाकिस्तानलाई बाइपास गरेर भारतलाई अफगानिस्तान र मध्य-एसियासम्म व्यापार र रणनीतिक सम्बन्ध कायम राख्ने अवसर दिने थियो। खासमा आइएनएसटिसी र यस परियोजनालाई युरेसिया क्षेत्रमा सम्पर्क सञ्जाल विस्तार गर्ने चिनियाँ योजनाको जवाफका रूपमा हेरिन्थ्यो। अहिले इरानमाथिको कठोर पश्चिमी प्रतिबन्धका कारण भारतले अमेरिकी नेतृत्वको 'भारत-मध्य पूर्व आर्थिक करिडोर (आइएमइसी)' जस्ता विकल्प खोज्न बाध्य भएको छ। आइएमइजीले भारतीय बन्दरगाहलाई इजरायली बन्दरगाह हाइफा र त्यहाँबाट युरोपसँग जोड्ने लक्ष्य लिएको छ।

इरानमाथि अमेरिकी प्रतिबन्ध र रुसी तेल खरिद अन्त्य गर्न भारतमाथि परेको अमेरिकी दबाब भारतीय हितविरुद्ध छ। त्यति मात्र होइन, भारत-इरान सम्बन्धको विकासमा अवरोध आउँदा भारतले आफ्नो ठुलो आर्थिक र भूराजनीतिक प्रभाव गुमाउँछ। तर, भारतलाई अमेरिकासँग सम्बन्ध कायम राख्न यति धेरै मूल्य तिर्न लगाइँदै छ। अमेरिकाले यस भेगमा आफ्नो प्रभुत्ववादी स्वार्थ कायम राख्न जुनसुकै उपकरण प्रयोगमा ल्याउन हिचकिचाउने गरेको छैन। तर, उसले भारतको राष्ट्रिय हितलाई भने बेवास्ता गर्ने गरेको छ। यस अवस्थाबाट बाहिरिने बाटो कुनै छ त ? अहिलेसम्म हेर्दा भारत अमेरिकी दबाबसामु चुपचाप झुक्ने गरेको छ, जबकि बदलामा उसले केही पाउने गरेको छैन। यस्तोमा भारतले आफूले रणनीतिक स्वायत्तताको नीति अपनाएको दाबी गर्नुअघि धेरै गृहकार्य गर्न आवश्यक छ।

*(जोशी नयाँदिल्लीस्थित 'अब्जर्भर रिसर्च फाउन्डेसन' का विशिष्ट फेलो हुन्।)*

- द वायरबाट

# स्वस्थ जीवन बाँच्न ८.३ करोड वर्ष पर्खिनुपर्ने !

✍ जेसिका कोर्बेट

जनवरी २७ गते विश्वविख्यात स्वास्थ्य जर्नल 'ल्यान्सेट' मा एक अध्ययन प्रकाशित भयो। अध्ययनले प्लास्टिकविरुद्ध मानव जातिको लडाइँ उजागर गर्‍यो। प्लास्टिक मूलतः पृथ्वीलाई तातो बनाउने जीवाश्म इन्धनबाट उत्पादन गरिन्छ। अबको दश-बीस वर्षमै प्लास्टिकले पृथ्वीवासीहरूको स्वास्थ्यमा धेरै हानि गर्ने सो अध्ययनले देखाएको छ।

अध्ययनले भन्छ, "प्लास्टिकले हरितगृह ग्यास लगायत अनेकौँ ग्यास र प्रदूषक तत्त्व उत्सर्जन गर्छ। यी ग्यास र प्रदूषकका कारण पृथ्वीभरि जनस्वास्थ्यमा अनेक रोग बढ्दै जानेछ; वायु प्रदूषकले श्वासप्रश्वासका समस्या ल्याउनेछ; विभिन्न हानिकारक रसायनका कारण क्यान्सरलगायत नसर्ने रोगहरू आइलाग्नेछन्।"

अध्ययन थप भन्छ, "प्लास्टिकको मूल्य शृङ्खलाका सबै चरणमा यस्तो उत्सर्जन भइरहन्छ। तेल र ग्यासको उत्खनन गर्दा, पोलिमर उत्पादन, माल उत्पादन, विश्व यातायात, पुनःप्रशोधन गर्दा, औपचारिक-अनौपचारिक फोहर अ/व्यवस्थापन गर्दा, वातावरणमा प्लास्टिक सढ्दै जाँदा यस्तो उत्सर्जन हुने गर्छ।" *(इन्धन उत्खननले प्लास्टिक उत्पादनका लागि कच्चा सामग्री उपलब्ध गराउँछ, प्लास्टिकका लागि ९० प्रतिशत कच्चा सामग्री यहीबाट आउँछ।)*

यो अध्ययनका लागि अनुसन्धाताहरूले सन् २०१६-४० बिच हुने प्लास्टिक उत्पादन, उपभोग र विसर्जनलाई दर्शाउने मोडल तयार पारेका थिए। यसमा 'लन्डन स्कूल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन' (लन्डन स्कूल), बेलायतको एक्सेटर विश्वविद्यालय र फ्रान्सको तुलुइ विश्वविद्यालयका अध्येताहरू सहभागी थिए।

लन्डन स्कूलको वक्तव्य भन्छ, "विश्वस्तरमा प्लास्टिकका कारण हरितगृह ग्यास, वायु प्रदूषक र विषालु केमिकलले खोसेको 'स्वस्थ जीवन वर्ष' केलाउने यो पहिलो अध्ययन हो।" यो हानिलाई मापन गर्न उक्त 'स्कूल' ले एउटा मानक बनायो - DALYs। यसको अर्थ हुन्छ - अक्षमता-समायोजित जीवन वर्ष। *(अर्थात्, प्रदूषणसामू निरूपाय हुनुपर्ने वर्षहरू।)*

विश्वको प्लास्टिक नीति र आचरण नबदले वार्षिक स्वास्थ्यमा असर पर्नेछ। सन् २०१६ मा वार्षिक DALYs २१ लाख वर्ष थियो भने सन् २०४० मा ४५ लाख वर्ष पुग्नेछ। यसरी 'ल्यान्सेट' को अध्ययन अवधि (सन् २०१६-२०४०) भित्र मानव जातिले ८.३ करोड 'स्वस्थ जीवन वर्ष' गुमाउनुपर्नेछ। स्थिति यस्तै रहिरह्यो भने स्वास्थ्यमा पुग्ने ४० हानि तापक्रम वृद्धिले गर्दा हुनेछ, एकतिहाइ (३३ प्रतिशत) हानि वायु प्रदूषणले गर्दा र एकचौथाइ (२५ प्रतिशत) हानि विषालु रसायनले गर्दा हुनेछ।

खासगरी प्लास्टिक र रसायन प्रयोगका विभिन्न चरणको तथ्याङ्क थोरै मात्र छ। तैपनि, लन्डन स्कूलकी मेगान डिनेले एक पत्रिकासँग भनिन्, "यो निश्चय नै मानव स्वास्थ्यमा पर्ने समग्र असरप्रति चरम बेवास्ता हो।" डिने प्रतिवेदनकी मूल लेखिका पनि हुन्।

यो अध्ययनमा विज्ञहरूले निश्चित उत्पादन र प्रविधिले वातावरणमा पारेको छापलाई मूल्याङ्कन गर्ने उद्देश्यमूलक मोडलिङ विधि अपनाएका थिए। त्यही भएर उनीहरूले समस्याको चुरो पक्रिन सके।

यसबारे एक्सेटर विश्वविद्यालयका प्रोफेसर स्याओयु यानले भने, "दिगोपनको प्रश्नलाई व्यापक स्तरमा हल गर्नका निम्ति यी मोडलहरू अति महत्त्वपूर्ण साधन हुन्।"

उनले भने, "हाम्रो अध्ययनले के देखाउँछ भने प्लास्टिकले आजीवन मानव स्वास्थ्यमा पार्ने अघोर प्रभाव उजागर गर्न यो विधिले टेवा दिएको छ। प्लास्टिकले वातावरण र अन्ततः मानव स्वास्थ्यमा पार्ने असरलाई घटाउन हामीले तत्काल पाइला चाल्न आवश्यक छ।"

यस्तो पाइला खालि उपभोक्तामा मात्र सीमित गर्न नमिल्नेमा डिनेले जोड दिइन्। उनले भनिन्, "हाम्रो अध्ययनले के देखाउँछ भने प्लास्टिकजन्य स्वास्थ्य समस्या खालि प्लास्टिकजन्य उत्पादन खरिद नगर्दैमा वा तिनलाई फोहर फाल्ने भाँडोमा राख्दैमा टुङ्गिन्न बरु त्योभन्दा पर जान्छ।"

संरा अमेरिकाको सरकारी तथ्याङ्कअनुसार केवल ५ प्रतिशत प्लास्टिकजन्य फोहरलाई मात्र बर्सेनि पुनः प्रशोधन गरिन्छ। गत महिना अभियन्ता समूह 'ग्रिनपिस' ले प्रकाशित गरेको रिपोर्टले यही भन्छ। उक्त रिपोर्टअनुसार सामान्यतया प्रयोग गरिने ८८ लाख टन प्लास्टिकको पाँच भागको एक भाग मात्र पुनः प्रशोधन गरिन्छ।

डिनेले भनिन्, "प्लास्टिकको समस्या हल गर्ने भारजति प्रायः उपाभोक्ताको टाउकोमा थोपर्ने चलन छ। निश्चय नै प्लास्टिकको प्रयोग घटाउन सबैको अहम् भूमिका हुन्छ। तर, हाम्रो विश्लेषणले के देखाउँछ भने प्लास्टिक उत्पादन, उपयोग र विसर्जनको अर्थात् प्लास्टिकको 'कोक्रादेखि चिहानसम्म' बदलाव ल्याउन व्यवस्था नै बदल्नुपर्छ।"



"यो बढ्दो विश्वव्यापी जनस्वास्थ्य सङ्कटबाट पार पाउनका निम्ति सरकार र उद्योगतन्त्रले अति महत्त्वाकाङ्क्षी र पारदर्शी पाइला चाल्न आवश्यक छ।"

डिनेले 'अनावश्यक' प्लास्टिकको उत्पादन बन्द गर्नु नै सबैभन्दा प्रभावकारी उपाय हुनेमा जोड दिइन्। यस्ता विषयको अध्ययनलाई तथ्याङ्कको अभावले मात्र रोक्न नसक्ने तर्क गर्दै उनले भनिन्, "प्लास्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग बन्द भएको छैन। ती सामग्रीको रासायनिक बनोटबारे जथाभावी वक्तव्यबाजी भइरहन्छ। यस्ता कार्यले जीवन सञ्चालन गर्ने मानवीय क्षमतामा झन्झन् ह्रास आउँदै छ; मानव जीवन, पारिस्थितिक प्रणाली र वातावरणको रक्षार्थ प्रभावकारी नीति बनाउनमा रोकावट हाल्दै छ।"

गएको अगस्ट महिनामा प्लास्टिकसम्बन्धी विश्वव्यापी सम्झौता हुन नसकेको स्थितिमा 'ल्यान्सेट' मा यो अध्ययन सार्वजनिक भएको हो। सम्झौता हुन नसक्नुलाई वातावरण अभियन्ताहरूले 'दुःखद असफलता' भनेका थिए। यसको दोष उनीहरूले अमेरिकाको ट्रम्प सरकार, साउदी अरबजस्ता सरकारहरूलाई दिएका थिए। ती सरकारले नै प्लास्टिक उत्पादन घटाउनु हुँदैन भनेर सम्झौता गर्नबाट विश्वलाई रोकेका थिए।

'ग्रिनपिस अमेरिका' का सदस्य ग्राहम फोर्ब्सले भने, "जेनिभामा भएको बैठकमा कुनै सहमतिमा पुग्न नसक्नु वास्तवमा विश्वलाई एउटा चेतावनी हो - प्लास्टिक प्रदूषण अन्त्य गर्नुको अर्थ जीवाश्म इन्धनका हर्ताकर्ताहरूसँग मुठभेडमा उत्रिनु हो।"

उनले भने, "संसारका धेरै सरकारहरू एउटा बलियो सम्झौता गर्न चाहन्छन्। तर, मुठ्ठीभर दुष्ट खेलाडीहरूलाई यो प्रक्रियाको बाटो मोड्न दिएर संसारका बहुमत सरकारको आकाङ्क्षालाई माटोमा मिलाइयो।"

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : गणेश***

# नेमकिपाका उम्मेदवारहरू जनतासँगको भेटघाटमा

भक्तपुर। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा पार्टीका सचिव प्रेम सुवालले दुवाकोट बेसी टोलका जनतासँग भेटघाट गर्नुभयो ।

भेटमा सचिव सुवालले नेपाल मजदुर किसान पार्टी आदर्श समाज निर्माणको लागि ५२ वर्षअघि अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले स्थापना गर्नुभएको उल्लेख गर्दै जनतालाई राजनीतिकरूपमा शिक्षित र सचेत बनाएर मात्र पार्टी सदस्य बनाउने नेमकिपाको नीति भएको बताउनुभयो ।

नेमकिपाले देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको उल्लेख गर्दै सांसद सुवालले पैतीस वर्षयता सरकारमा गएका दलहरूले सार्वजनिक संस्थान निजीकरण गरी देशलाई वार्षिक १५ खर्ब रूपैयाँ व्यापार घाटा पारेको र २८ खर्बभन्दा बढी ऋणमा देशलाई डुबाएको बताउनुभयो ।

सचिव सुवालले स्पष्टसँग राख्नुभयो, "उमेरले नयाँ पुस्ता भएर पुग्दैन नयाँ विचार पनि हुनु आवश्यक छ। पुँजीवादी विचार बोक्नेहरू उमेरले नयाँ पुस्ता भएर समाधान निस्किँदैन। नयाँ पुस्तासँग वैज्ञानिक समाजवादी विचार भएमात्र समाधान निस्किनेछ।"

नेमकिपा भक्तपुरका उपाध्यक्ष एवं चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोंजुले नेमकिपाको स्थापना कामदारवर्गका जनतालाई शासकवर्गमा पुऱ्याउने उद्देश्यले भएको बताउनुभयो ।

मा.वि.तहसम्म नि:शुल्क र अनिवार्य शिक्षा, विश्वविद्यालय तहसम्म नि:शुल्क शिक्षा तथा स्वास्थ्य उपचार नि:शुल्क गर्ने व्यवस्थाको लागि प्रतिनिधिसभामा नेमकिपाको उपस्थिति अनिवार्य रहेको उहाँले बताउनुभयो ।

त्यस्तै नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा शुक्रबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपाको स्थापना जनताको प्रजातन्त्र, समाजवाद हुँदै साम्यवादी व्यवस्था स्थापना गर्ने लक्ष्यले भएको बताउनुभयो ।

उहाँले समाजमा व्याप्त भ्रष्टाचार, अन्धविश्वास, कुरीति, कुसंस्कार, बहुविवाह, बालविवाहको विरूद्धमा जनतालाई सचेत, सङ्गठित र सङ्घर्षशील बनाउनु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा आयोजक समितिका अध्यक्ष एलएन लिगल र सचिव एस. दुलालले पनि बोल्नुभएको थियो ।

त्यस्तै नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा चाँगुनारायण ५, छालिङ एकाइ समितिले माघ २० गते नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालको स्थानीयसँग भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न गऱ्यो ।

सचिव सुवालले जनताको उच्च सांस्कृतिक स्तर भएको आदर्श समाज स्थापना गर्ने उद्देश्यले राजनीतिक दल स्थापना हुनुपर्ने आवश्यकता औँल्याउँदै नेपाल मजदुर किसान पार्टी समाजवाद हुँदै साम्यवादसम्म पुग्ने दीर्घकालीन लक्ष्य प्राप्तिको निम्ति स्थापना भएको बताउनुभयो ।

उहाँले बहुदलपछि नेका नेतृत्वमा बनेको सरकारले नेपालको ६००० नदीनाला भारतको साझा बनाएको उल्लेख गर्दै शासक दलहरूले नेपालको बिजुली बाल्ने र निभाउने स्वीच भारतको दिल्लीमा राख्ने गरी सार्क ग्रीड सम्झौता गरेको देशघात नै भएको बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "पटक -पटक सरकार चलाएका नेका, एमाले, माओवादी, राप्रपा, रास्वपालगायतका शासक दलहरूले देशलाई २८ खर्ब



ऋण बोकाए, वैदेशिक रोजगारीको नाउँमा नेपाली युवालाई विदेशमा पशुजस्तै बेचबिखन गरे, कृषिप्रधान देश नेपालमा दाल, चामल, तरकारी, फलफूलसमेत विदेशबाट खर्बौंको आयात गर्नुपर्ने अवस्थामा पुऱ्याए। नेपाली जनताले देशघात गर्ने शासक दलहरूलाई निर्वाचनमा ठेगान लगाउनु जरुरी छ।"

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन गर्न नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रत्नबहादुर ह्यौंमिखाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा मिनबहादुर बाटाले पनि बोल्नुभयो। भेलाले रत्नबहादुर ह्यौंमिखाको संयोजकत्वमा चाँगुनारायण नपा ५, छालिङस्तरीय निर्वाचन परिचालन समिति पनि गठन गऱ्यो।

यसरी नै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रेम सुवालले चाँगुनारायण नगरपालिका वडा नं ६, नगरकोट बेसी टोलका स्थानीय जनतासँग भेटघाट गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "शासकहरूका पार्टी र नेता फरक भए पनि उनीहरूको आर्थिक र वैदेशिक मामिला फरक छैन। साम्राज्यवाद र विस्तारवादको विरोध र तत्काललाई वैज्ञानिक समाजवादको प्रचार गरी देश र जनताको नि:स्वार्थ सेवा गर्ने नेमकिपाको नीति नै नयाँ हो।"

"उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण हुने, योग्यताअनुसारको काम र कामअनुसार पारिश्रमिकको व्यवस्था हुने, शिक्षा-स्वास्थ्य नि:शुल्क हुने र युवालाई स्वदेशमै रोजगारीको बन्दोबस्त हुने व्यवस्था समाजवाद हो।" उहाँले भन्नुभयो।

पैसा, सामान, भोजभतेरमा मत किन्ने शासक दल र तिनका उम्मेदवार जनविरोधी हुने उल्लेख गर्दै उहाँले नेमकिपाले चुनावलाई बृहत् राजनीतिक कक्षाको रूपमा अघि बढाउँछ र प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दछ भन्नुभयो।

नेमकिपा चाँगुका अध्यक्ष न्हुछेभक्त फोजू, वाग्मती प्रदेशसभाका सदस्य गीता काफ्लेलगायतको टोलीले स्थानीय कार्यकर्ता शंखबहादुर थिङको कान्छो छोरा थिङ्कु थिङको असामयिक निधनमा समवेदना प्रकट गऱ्यो।

**राजनीतिक दल आदर्श समाज निर्माण गर्न गठन हुने**

काभ्रे। नेपाल मजदुर किसान पार्टी काभ्रेको आयोजनामा बिहीबार काभ्रे जिल्लाको पनौतीमा कार्यकर्ता भेला सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले राजनीतिक दल आदर्श समाज निर्माणको लागि गठन र स्थापना हुने उल्लेख गर्दै नेमकिपा सबैलाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवाससहितको शोषण नहुने आदर्श समाज निर्माणको लागि स्थापना भएको स्पष्ट पार्नुभयो।

उहाँले राजनीति देश र जनताको नि:स्वार्थ सेवाको लागि हुनुपर्ने चर्चा गर्दै पार्टीले जनतालाई देश र बाँकी संसारबारे सचेत र शिक्षित पार्ने काम गरिरहेको बताउनुभयो ।

पटक-पटक निर्वाचन जितेर सरकारमा पुगेका शासक दलहरूले जनताको पक्षमा काम नगरेको उल्लेख गर्दै उहाँले सडक र सदनमा देश र जनताको हितका विषयमा आवाज उठाउने नेमकिपा नै नयाँ भएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले निर्वाचन पनि वर्गसङ्घर्ष तथा घोषणापत्रको लडाइँ भएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सृजना सैंजूले देश र जनताको सेवाबाहेक नेमकिपाको अरु केही स्वार्थ नरहेको स्पष्ट पार्दै नेपाल मजदुर किसान पार्टीको अहिलेको लडाइँ देशलाई नवउपनिवेश बनाउने एमसीसीवादीहरूविरुद्ध रहेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट काभ्रे जिल्ला क्षेत्र नं १ का उम्मेदवार राजु तामाङले निर्वाचनलाई उपयोग गरेर पार्टीले देश र जनताको नि:स्वार्थ सेवा गर्ने बताउनुभयो।

यसैबिच भक्तपुर क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवार प्रेम सुवालले बिहीबार चाँगुनाराण नगरपालिका वडा नं ५, छालिङ खड्का गाउँका स्थानीय जनतासँग भेट गर्नुभयो।

स्थानीय जनतासँगको भेटमा सचिव सुवालले भन्नुभयो, "शासक दलहरूले जनतालाई सार्वजनिक ऋण २८ खर्ब बोकाए; युवालाई वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बनाए। युवा बेच्ने र कृषिप्रधान देश नेपाललाई चाहिने खाद्यान्नसमेत विदेशबाट किन्नुपर्ने स्थितिमा पुऱ्याउने सरकारहरू जनताका होइनन्।"

पटक-पटक सरकारमा गएका शासक दलहरूले देशको सन्तुलित विकास गर्न नसकेको र जिल्ला जिल्लाबाट सांसद जितेका शासक दलका नेताहरूले काठमाडौँमा घरजम गरी बसेको हुँदा देशको सन्तुलित विकास नभएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टी राति उज्यालो दिने चन्द्रमा र समुद्रमा जहाजलाई बाटो देखाउने 'प्रकाशस्तम्भ' जस्तै हो। नेपाल मजदुर किसान पार्टीका निर्वाचित प्रतिनिधिहरूले संसद्मा पुगेर नेपालको राजनीतिलाई सही बाटो देखाउनेछन्।"

सचिव सुवालसमेत नेपाल मजदुर किसान पार्टीका साथीहरूको टोली पार्टीका शुभचिन्तक चानपा ५, छालिङका राजन खड्काकी ममतामयी आमा धनकुमारी खड्का र कमलबहादुर खड्काको बुहारी तथा रामहरि खड्काकी पत्नी द्रौपदा खड्काको असामयिक निधनमा श्रद्धाञ्जली प्रकट गर्न सम्बन्धित परिवारजनको घरमा पुग्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजू, नेमकिपा चाँगुका अध्यक्ष न्हुछेभक्त फोजू, वाग्मती प्रदेशसभाका सदस्य गीता काफ्ले, नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटा र नेमकिपाका कृष्णबहादुर खड्कालगायत टोलीमा संलग्न हुनुहुन्थ्यो।

# सङ्ख्याले कुनै दल सही र राम्रो नहुने

भक्तपुर। "सत्तामा पुग्ने, मन्त्री बन्ने र अथाहा पैसा कमाउनेजस्ता अन्य दलहरूको साझा उद्देश्यभन्दा पृथक रहेर गरिब, कामदार जनताको आवाज संसद्मा राख्ने, देश र जनताको हितमा ऐन कानुन बनाउने तथा देशघाती सन्धि, सम्झौता, विधेयकको विरोध गर्ने र जनतालाई सुसूचित गर्ने उद्देश्य बोकेर नेमकिपाले निर्वाचनमा भाग लिँदै आएको हो।"

उक्त विचार नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा सूर्यविनायक ८ वडा पार्टी समितिको आयोजनामा भएको प्रवचन कार्यक्रममा व्यक्त गर्नुभएको हो।

उहाँले सङ्ख्याले ठुलो हुँदैमा राम्रो र सही पार्टी नहुने बरु विचार, सिद्धान्त र व्यवहारको कसीमा पार्टीहरूलाई तौलिनुपर्ने आवश्यकता औँल्याउँदै स्पष्ट विचार, दर्शन र सिद्धान्त नभएका पार्टीहरू खहरे खोलामा परिणत हुने तथ्य विगतका निर्वाचनमा साबित भइसकेको बताउनुभयो।

फलामलाई लामो समय पिटेपछि मात्र स्पाट बनेजस्तै नयाँ पुस्तालाई सानो उमेरदेखि सही विचारले लेस गर्दै लग्न सकेमात्र योग्य, देशभक्त र सक्षम नागरिक तयार पार्न सकिने भएकोले यसतर्फ राजनीतिक कार्यकर्ता अझ क्रियाशील हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा प्रतिनिधिसभा क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यले राजनीतिलाई पेसाको रूपमा लिन नहुने बरु देश र जनताको नि:स्वार्थ सेवा गर्ने माध्यम बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले राजनीतिलाई पेसा बनाएकै कारण देशमा भ्रष्टाचार, अनियमितता र कालाबजारी मौलाएको हो भन्नुभयो।

देशका नयाँ पुस्ता तथा बौद्धिक वर्गलाई कसरी स्वदेशमै देशहितका लागि सदुपयोग गर्ने भन्ने विषय चुनौतीको रूपमा रहेको र त्यसको समाधानको निम्ति पार्टीको धारणाअनुसारको स्पष्ट नीति निर्माण गर्न आफ्नो उम्मेदवारी रहेको उहाँले प्रस्ट पार्नुभयो।

सत्तामा गएका दलहरूले विदेशीको दलाली गरेकै कारण आज देशले यो दूर्दशा भोग्नुपरेको तीतो यथार्थलाई सबै जनताले मनन गरेर पुराना र नयाँ दलको खोल ओढेर आएका विदेशी दलालहरूलाई जनताले चुनावको माध्यमबाट लखेट्नेमा आफू विश्वस्त रहेको विचार उहाँले व्यक्त गर्नुभयो।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले निर्वाचन घोषणापत्रको लडाइँ हो भन्नुभयो। उहाँले जनता झुक्याउन र मत चोर्न प्रतिक्रियावादीहरू विविध षड्यन्त्रका साथ घरदैलोमा आइरहेकोमा जनता सचेत हुनुपर्ने उल्लेख गर्नुभयो।

वडा पार्टी इन्चार्ज श्यामसुन्दर सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पार्टी नगर सचिव महेन्द्र बखुन्छेँ तथा समितिका रोशन मचामसीले पनि बोल्नुभएको थियो।

# कैलालीमा नेमकिपाको स्थापना दिवस

कैलाली। कैलाली लम्की चुहा नपा २ गणेशपुर टोलमा नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस मनाइयो।

कार्यक्रममा रमेशकुमार रावलले नेमकिपाले कामगरी खाने वर्गको हितमा काम गरिरहेको उल्लेख गर्दै उत्पादनका मुख्य-मुख्य स्रोत-साधन राष्ट्रियकरण गरी उद्योग-कलकारखाना खोली युवाहरूलाई स्वदेशमै रोजगारको बन्दोबस्त गर्नुपर्छ भन्नुभयो।

गगन थापामगरले सिद्धान्त र विचारको राजनीति नगर्ने पार्टीहरूले देशमा मार्ग निर्देशन नगर्ने उल्लेख गर्दै नेमकिपा नि:स्वार्थ रूपमा काम गर्ने देशभक्त पार्टी भन्नुभयो।

ज्योति बडुवालले नेपालको कम्युनिस्ट पार्टीले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा छोडी पुँजीपतिकै हितमा लागेको कारण नेमकिपा २०३१ माघ १० गते स्थापना भएको बताउनुभयो।

क्षेत्र नं. २ का उम्मेदवार लक्ष्मी पुन, क्षेत्र नं ४ का उम्मेदवार अमृता भुललगायतले सही उम्मेदवार छान्न आग्रह गर्नुभयो।

त्यस्तै कैलाली लम्कीचुहा नपा ४ अमरपुर टोलमा नेमकिपाको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवस मनाइयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेपालमा जतिसुकै दलहरू भए तापनि बसिखाने वर्गको हितमा काम गर्ने दल र काम गरी खाने वर्गको हितमा काम गर्ने दलको लडाइँ भएको हुनाले राजनीतिमा सचेत र सङ्गठित भई लाग्न अनुरोध गर्नुभयो।

गगन थापामगरले आम जनताको हितमा कानुन बनाउन र राजनीति अध्ययन गरी सच्चा दल छुट्याउन सक्ने कार्यकर्ता बन्न नेमकिपाले २०३१ माघ १० गते स्थापना भएको जानकारी दिनुभयो।

जानकी शाहीले नेमकिपाले उठाएको एजेन्डा स्पष्ट र काम गरिखाने वर्गको राज्य स्थापना गर्न पार्टी स्थापना भएको विचार व्यक्त गर्नुभयो।

# शैक्षिक आन्दोलनको कारण भक्तपुर शिक्षाको केन्द्र

भक्तपुर, २४ माघ। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा शनिबार भनपा वडा नं ७ चोर्चा क्षेत्रका कार्यकर्ता भेला भयो। भेलाले कृष्णगोविन्द खाइजूको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेमकिपाको आन्दोलनले भक्तपुरका किसानहरूलाई भूदासबाट मुक्त गरेको धारणा राख्नुभयो। भक्तपुरमा भूमिसुधारको ऐनअनुसार किसानलाई मोहियानी हक भएपछि किसानको आर्थिक स्तर वृद्धि भएको उहाँले स्पष्ट पार्नुभयो।

उहाँले नेमकिपाको शैक्षिक आन्दोलनको परिणामस्वरुप भक्तपुर शिक्षाको केन्द्र भएको चर्चा गर्नुभयो। उहाँले २०२८ मा भक्तपुरको साक्षरता २७ प्रतिशत थियो भने २०४८ सम्ममा ७४ प्रतिशत पुगको भन्दै अहिले ८७ प्रतिशत साक्षर हुनुमा पार्टीको अगुवाइमा भएका साक्षरता कक्षा, रात्रि कक्षाको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका सदस्य नारायणप्रसाद त्वानाबासु, नेमकिपा, चोर्चा समितिका अध्यक्ष कृष्णगोविन्द खाइजू, उपाध्यक्ष विष्णुराम दुमरू, सहसचिव रुद्रनारायण लाखा, चन्द्रप्रसाद दुमरुलगायतले मन्तव्य राख्नुभएको थियो।

# युवालाई देशभित्रै रोजगारीको बन्दोबस्त गर्नुपर्ने

भक्तपुर। नेपाल मजदुर किसान पार्टीको स्थापना दिवस माघ १९ गते सूर्यविनायक नपा ४ दधिकोटमा सम्पन्न भयो।

उक्त कार्यक्रममा नेमकिपा भक्तपुरका जिल्ला सदस्य रमेश वैद्यले पार्टीले देश र जनताको नि:स्वार्थ सेवा गर्न नेता तथा कार्यकर्तालाई उत्प्रेरित गरिरहेको चर्चा गर्दै साम्राज्यवादी र विस्तारवादी शक्तिबाट परिचालित शक्तिको उदयले देशै नरहनेतर्फ सबै सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

देशलाई आत्मनिर्भर बनाउन कृषि उत्पादन, उद्योग सञ्चालनमा जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले युवालाई देशभित्रै रोजगारीको बन्दोबस्त गर्नुपर्ने बताउनुभयो।

नेमकिपा सूर्यविनायकका महेन्द्र बखुन्छेँले नेपालको कम्युनिस्ट पार्टीभित्र देखिएको सैद्धान्तिक र विचलन र संशोधनवादी नीतिकै कारण पार्टी स्थापना भएको उल्लेख गर्दै नेमकिपा सिद्धान्तमा अडिग छ; पद र कुर्सीमा भुलेको छैन भन्नुभयो।

सत्ता भागबन्डाको राजनीतिले देशमा अस्थिरता निम्तिरहेको चर्चा गर्दै उहाँले नेमकिपा समाजवादी प्रचार अभियानमा रहेको बताउनुभयो।

नेक्राकिसङ्घ भजिसका राजेन्द्र बखुन्छेँले विगतमा भएको किसान आन्दोलनबारे प्रकाश पार्नुभयो।

कार्यक्रममा गंगालाल हाकजु, सुरेन्द्र था श्रेष्ठ र महेश श्रेष्ठलगायतले बोल्नुभएको थियो।

# पद र पैसाको राजनीति गर्नेलाई मत दिन नहुने




भक्तपुर। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा भनपा १० वडा समितिको आयोजनामा नगरव्यापी प्रगतिशील गीत प्रतियोगिता शनिबार सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले किसानहरूको हितको लागि गरेको भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन, मोहियानी हक आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलनबारे जानकारी दिनुभयो।

सुस्ता बचाउ आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलनहरूमा सहभागी हुने र सङ्घर्ष गर्ने मजदुर किसान कार्यकर्ताहरू यसै स्थानमा भएकाले यस्ता दुःख र पुराना सङ्घर्षका कुराहरू बिर्सन नहुने उल्लेख गर्दै उहाँले नेमकिपाको स्थापना दिवस मनाउनुको औचित्यताबारे चर्चा गर्नुभयो।

उहाँले भन्नुभयो, “भक्तपुरका पाटीपाटीमा पुस्तकालय, वाचनालय र विद्यालयहरू सञ्चालन गरी जनतालाई शिक्षा दिएर त्यस्ता पाटीमा पढेका विद्यार्थीहरू नै आज शिक्षक भइरहेका छन्।”

नेपालभरिका जनतालाई नेमकिपाको सिद्धान्त, विचार र सङ्घर्षबारे बताउनुपर्ने उल्लेख गर्दै केन्द्रीय सदस्य गोसाईले सहकारी ठगी गरेर जेल परेका र मुद्दा परेका नयाँ पार्टीका नेताहरू नायक बनाउन लायक नभएको स्पष्ट पार्नुभयो।

पद र पैसाको निम्ति राजनीति गर्ने पार्टीहरूको पछाडि नलाग्न जनतालाई अनुरोध गर्दै उहाँले देश र जनताको निःस्वार्थ सेवा गर्ने नेमकिपालाई निर्वाचनमा विजय गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले नेमकिपाको राजनीति कामदार जनताको पक्षमा हुने बताउनुभयो।

उहाँले भन्नुभयो, “पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भन्नुभएको छ – ‘देश र जनताको सेवाबाहेक हाम्रो कुनै स्वार्थ छैन। हामी अन्तिम दमसम्म इमानदारीपूर्वक देशको निम्ति लड्छौँ।’ यो केवल भनाइ होइन, पार्टीको व्यवहार हो, आदर्श हो।”

नेपाली भूमि सुस्तामा भारतले सीमा अतिक्रमण गर्दा पहिलो पटक ‘भारतीय विस्तारवाद मुर्दावाद, सुस्ता हाम्रै हो’ भनी आवाज उठाउने पार्टी नेमकिपा भएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, “आज पनि दक्षिणी सिमानामा अतिक्रमण उस्तै छ। देशको अर्थतन्त्र, सम्पत्ति, खोलानाला, कलकारखाना भारतलाई सुम्पने शासक दलसँग पनि हामीले लामो सङ्घर्ष गर्‍यौँ।”

उहाँले भन्नुभयो, “नेमकिपाको इतिहास साम्राज्यवादविरोधी सङ्घर्षको इतिहास पनि हो। आज साम्राज्यवादी शक्तिले नेपालमा पनि उपद्रो गर्दै छ। एमसीसीको र एसपीपी सम्झौता देशघाती भएकोले नेमकिपाले यसको विरोध गरेको हो। भदौ २३-२४ को विध्वंश भएको पुष्टि हुँदै छ।”

उहाँले भन्नुभयो, “नेमकिपा संसारको कुनै पनि कुनामा भएको अन्याय, युद्ध, हमलाको विरोध गर्छ। नेपाललाई नेपाली लेण्डुप दोर्जे र जेलेन्स्कीहरूबाट जोगाउन नेमकिपा लडिरहन्छ।”

नेमकिपाको परिचय नै सिद्धान्तनिष्ठता, राजनीतिक संस्कार, राजनीतिक नैतिकता, देशभक्तिको भावना र इमानदारी रहेको उहाँले बताउनुभयो।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि गंगाराम ज्याख्वले नेमकिपाले किसान आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन तथा साम्राज्यवाद र विस्तारवादविरूद्ध निरन्तर सङ्घर्ष गरिरहेको उल्लेख गर्दै कामदारवर्गको शासन ल्याउन जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्नुपर्ने बताउनुभयो।

कम्युनिस्ट नामधारी दलहरूले कम्युनिस्टको सिद्धान्त र विचारविपरीत पुँजीपतिवर्गको पक्षमा काम गरेको उल्लेख गर्दै उहाँले पुँजीपतिवर्गको दबाब र अन्यायविरूद्ध एकजुत भएर आवाज उठाउनुपर्ने बताउनुभयो।

प्रतियोगिता निर्णायकमण्डलका संयोजक चन्द्रबहादुर उलकले राजामहाराजा, देवीदेवता, मायाप्रेमसम्बन्धी गीतहरू प्रगतिशील गीत नभएको उल्लेख गर्दै कामगरी खाने वर्गको वास्तविक पीडा र सङ्घर्षलाई लक्षित गरी बनाएका गीतहरू नै प्रगतिशील गीत/साहित्य भएको बताउनुभयो।

उहाँले संसारमा धनी र गरिब दुई वर्गको शासन सत्ता हुने र गरिब जनताको सेवा गर्ने शासन ल्याउन नेमकिपा सङ्घर्षरत रहेको बताउनुभयो।

चन्द्रबहादुर उलक, दामोदर सुवाल, आशाकुमार चिकंबञ्जार, पूर्णबहादुर माक, बद्रीनारायण ताम्राकार, पुरूषोत्तम सुवाल र रमेश सुवालले प्रतियोगितामा निर्णायकमण्डलको भूमिका निर्वाह गर्नुभएको थियो।

२३ वटा टोलीले भाग लिएको सो प्रतियोगितामा वागीश्वरी मा. वि. भनपा ९ प्रथम, कमिचागल्ली दिदी बहिनी समूह भनपा ९ द्वितीय, जेन्युइन सेकेन्डरी स्कूल भनपा १० तृतीय र जेँला सांस्कृतिक समाज सान्त्वना हुन सफल भएको थियो।

प्रथम पुरस्कार राशी रु. १५ हजार, द्वितीय पुरस्कार राशी रु. १० हजार, तृतीय पुरस्कार राशी रु. ५ हजार र सान्त्वना पुरस्कार राशी रु. ३ हजार प्रदान गरिएको उक्त कार्यक्रममा सहभागी टोलीहरूलाई अतिथि सुरेन्द्रराज गोसाईले प्रमाणपत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो।

नेमकिपा भनपा १० वडा समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामलक्ष्मी दुवाल, उद्धव कोण्डा र श्रीया पहिजुले पनि बोल्नुभएको थियो।

# देशमा भ्रष्टाचारमा नमुछिएको एउटै मात्र अनुशासित र इमानदार पार्टी नेमकिपा




भक्तपुर। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा सूर्यविनायक नगर समितिले बुधबार प्रवचन कार्यक्रमको आयोजना गर्‍यो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले ५२ वर्षको राजनीतिक सङ्घर्षमा नेमकिपाले देशभक्त पार्टीको रूपमा आफूलाई उभ्याउन सफल भएको धारणा राख्नुभयो। उहाँले देशमा भ्रष्टाचारमा नमुछिएको एउटै मात्र अनुशासित र इमानदार पार्टी नेमकिपा भएको चर्चा गर्दै भ्रष्टाचार गरेर र जनतालाई धोका दिएर सङ्ख्याको दम्भ देखाउने शासक दलहरूका कारण जनताले दुःख पाइरहेको बताउनुभयो।

“जनतालाई विश्वासघात नगर्ने र धोका नदिने पार्टी जहिल्यै नयाँ हुन्छ; देश र जनतालाई झूटा आश्वासन दिने र घात गर्नेहरू पुराना हुन्,” उहाँले भन्नुभयो।

सडक र सदनमा देश र जनताको हितमा सङ्घर्ष गर्दै आएको पार्टीको इतिहासबारे चर्चा गर्दै उहाँले संसद्मा सरकारमा जाने दलहरूभन्दा पनि सरकारलाई खबरदारी गर्ने बलियो प्रखर प्रतिपक्षको आवश्यकता भएको बताउनुभयो।

नेमकिपाको तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार रमेश वैद्यले स्थापनाकालदेखि नेमकिपाले सिद्धान्तमा अडिग रही देश र जनताको निःस्वार्थपूर्वक सेवा गरिरहेको बताउनुभयो।

देश जोगाउन, शिक्षा र स्वास्थ्य गरिब जनताको पहुँचमा पुर्‍याउन, स्वदेशमै युवाहरूलाई स्वरोजगारको व्यवस्था गर्न लागिपरेको स्पष्ट पार्दै उहाँले भन्नुभयो, “निर्वाचन घोषणापत्रको लडाइँ हो। पार्टीले घोषणापत्रमा वाचा गरेअनुसार काम गर्छ।”

उहाँले देशका ठुला र पटक-पटक सरकारमा पुगेका सत्तासीन दलका नेताहरूले देशलाई भ्रष्टाचारमुक्त बनाउन लाग्नुपर्नेमा उल्टो भ्रष्टाचारीहरूकै पक्षपोषणमा लागिरहेको बताउनुभयो।

नेमकिपा सूर्यविनायकका सचिव महेन्द्र बखुन्छेँले नेमकिपा स्थापनाको आधार किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, वैदेशिक हस्तक्षेप आदि रहेको उल्लेख गर्दै विदेशीसामु नझुकी देश र जनताप्रति समर्पित पार्टी नेमकिपा हो भन्नुभयो।

रामकृष्ण बखुन्छेँको सभापतित्वमा भएको सो कार्यक्रममा राजेन्द्र बखुन्छेँ, श्याम बिसुङ्के, राधेश्याम भुजु र राधा मग्रान्तीले पनि बोल्नुभएको थियो।

भेलाले रामकृष्ण बखुन्छेँको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ।

# कामदार जनताको मत जित्न नेमकिपा सफल

भक्तपुर। नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरपालिका वडा नं ३ एकाइ समितिको आयोजनामा माघ २० गते कार्यकर्ता भेला भयो।

भेलामा नेमकिपा भक्तपुर जिल्ला अध्यक्ष सुरेन्द्रराज गोसाईले देश र जनताको इमानदारीपूर्वक सेवा गरेकै कारण कामदार जनताको मन जित्न नेमकिपा सफल भएको बताउनुभयो।

नेमकिपाले देशका महत्त्वपूर्ण प्रजातान्त्रिक आन्दोलन र राजनीतिक सङ्घर्षमा बेजोड भूमिका निर्वाह गर्दै आइ
रहेको उल्लेख गर्दै उहाँले पद र पैसा कहिल्यै प्राथमिकतामा नपरेको प्रस्ट पार्नुभयो।

क्रान्तिकारी संसद्वादको नीतिबमोजिम नेमकिपाले पुँजीवादी संसद्मा गएर शासक दलहरूसँग सङ्घर्ष चालू राख्दै आइरहेको उहाँले बताउनुभयो।

भेलामा पार्टी नगर प्रतिनिधि पुरुषोत्तम तमखू, स्थानीय कार्यकर्ताहरू रामसुन्दर खाताख्व, रामकृष्ण त्वायना, राजु अवालले बोल्नुभएको थियो।

सोही भेलाले रामसुन्दर खाताख्वको अध्यक्षतामा वडा निर्वाचन परिचालन समिति गठन गर्‍यो।

# सिद्धान्त र विचारको आधारमा मतदान गर्नुपर्ने

भक्तपुर। नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस नेमकिपा भनपा ९ दत्तात्रय समितिको आयोजनामा माघ २० गते सम्पन्न भयो।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नेपाल कम्युनिस्ट पार्टीभित्र देखिएको संशोधनवाद, अवसरवाद र खोटा विचारको कारण नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउँदै सोभियत सङ्घ सामाजिक साम्राज्यवादमा पतन, भारतले मुक्ति बाहिनी पठाई बङ्गलादेश टुक्रा गरेको, किसान आन्दोलन, मुख्य शत्रु को ?, अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीविरुद्ध सङ्घर्षमा मतभेद भएपछि नेपाल मजदुर किसान पार्टी स्थापना भएको बताउनुभयो।

उहाँले मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा मार्ग निर्देशक पार्टीको सिद्धान्त भएको र तत्कालीन कार्यक्रम जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवाद पुग्ने लक्ष्य नेमकिपाको भएको बताउनुभयो। उहाँले लेनिनवादी सिद्धान्तअनुसार पार्टीले चुनाव उपयोग गरेको बताउनुभयो।

नेमकिपा भनपा ९ का अध्यक्ष कृष्णभक्त लवजुले पार्टीको घोषणापत्र, सिद्धान्त र विचारको आधारमा मत माग्नुपर्ने बताउनुभयो। उहाँले वर्गसङ्घर्षबिना आमूल परिवर्तन सम्भव नहुने बताउनुभयो।

नेमकिपा भनपा ९ दत्तात्रय समितिका अध्यक्ष नातिभाइ ह्योम्बाको सभापतित्वमा सम्पन्न कार्यक्रममा इन्द्रबहादुर प्याथ र रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो।

# न्याय र समानतामा आधारित समाज स्थापना गर्नुपर्ने

भक्तपुर। भ.न.पा.४ दुमलाचा युवा बचत समूहको आयोजनामा शनिबार देशको समसामयिक तथा आसन्न निर्वाचनबारे छलफल कार्यक्रम भयो।

नेमकिपा भजिसका उपेन्द्र सुवालले नेमकिपाले असल चरित्रवान् व्यक्तिहरूलाई आसन्न निर्वाचनमा जनताका उम्मेदवारका रूपमा जिल्ला-जिल्लामा उठाएको जानकारी गराउँदै सिद्धान्त र नीतिको कारण पार्टीले देशको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको काम गरिरहेको बताउनुभयो।

समाजवाद हुँदै साम्यवादी आदर्श समाजमा पुग्ने लक्ष्य लिएको पार्टीका अग्रज नेता कार्यकर्ताहरूले देश र जनताको निम्ति निःस्वार्थरूपमा गर्दै आइरहेको कामलाई स्मरण गर्दै उहाँले नयाँ पुस्तालाई शिक्षित पार्नुपर्ने कर्तव्य पूरा गर्न लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

समाज शोषक र शोषित दुई वर्गमा विभाजित रहेको चर्चा गर्दै उहाँले गरिब कामदारवर्गको प्रतिनिधित्व गर्ने समाजवादी व्यवस्था ल्याउन नसकुञ्जेल न्याय र समानतामा आधारित आदर्श समाज स्थापना गर्न नसकिने तर्क प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका आधारभूत आवश्यकता पूरा गर्नु राज्यको दायित्व हो भन्नुभयो।

नेमकिपा बोलाछेँका इन्चार्ज एच.एस.सुवालले शिक्षा, स्थास्थ्य, सरसफाइमा अग्रज नेता कार्यकर्ताहरूले गरेको योगदानबारे नयाँ पुस्तालाई बताउनुपर्ने आवश्यकता रहेको चर्चा गर्दै निर्वाचनमा देश र जनताको निम्ति निःस्वार्थ, इमानदार, सक्षम तथा देशभक्त उम्मेदवारहरूलाई अत्यधिक मत दिई जिताउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

संस्थापक अध्यक्ष एवं सल्लाहकार राजेन्द्र माकले सस्तो प्रचारबाजीले मात्रै चुनावमा मत लिन खोज्नु गलत प्रवृत्ति भएको बताउँदै समाज विकासमा गरेको त्याग, बलिदान र योगदानलाई बुझेर जनताका सच्चा उम्मेदवारलाई मत दिनु हरेक देशभक्त मतदाताको कर्तव्य हो भन्नुभयो।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भजिसका सचिव सुजी ह्योंगजूले नयाँ पुस्ताले सामाजिक सञ्जाल प्रयोगमा चनाखो र सजग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

व्यावहारिक संस्कार सिकाउन र पठन संस्कृतिको विकासमा पार्टीको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उहाँले भदौ २३ र २४ को जेन-जी क्रान्ति नभई अमेरिकी साम्राज्यवादी संस्था NED र IRI मार्फत गराइएको विध्वंस हो भन्नुभयो।

दुमलाचा युवा बचत समूहका अध्यक्ष राधेश्याम सैँजूको सभापतित्वमा भएको उक्त कार्यक्रममा आयोजक समितिका उपाध्यक्ष पूर्णचन्द्र जाकिबन्जार, सचिव दीपक जाकिबन्जारलगायतले बोल्नुभयो।

# पुँजीवादी विचार भएका नयाँ पुस्ताबाट समाजमा तात्त्विक परिवर्तन आउने छैन




भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा माघ २० गते नेपाल क्रान्तिकारी मजदुर सङ्घको आयोजनामा मजदुर भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेपाल मजदुर किसान पार्टी स्थापनाको पृष्ठभूमि छ; यो पृष्ठभूमि घरको जगजस्तै हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "पार्टी सङ्गठन विस्तार भए निर्वाचनमा मत प्राप्त हुनेछ । सरकारमा गएका पार्टीहरूले २०१५ सालको चुनावदेखि नै पैसा र सामान बाँडेर, भोज खुवाएर निर्वाचन जितेको पुष्टि भइरहेको छ ।"

"दस बीस वर्ष अघिदेखि नै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले राजनीतिमा नयाँ पुस्ताको चर्चा चलाएका थिए । वास्तवमा उमेरसँगै नयाँ विचार वैज्ञानिक समाजवादबारे शिक्षा जरुरी हुन्छ । पुँजीवादी विचार भएका नयाँ पुस्ताबाट समाजमा तात्त्विक परिवर्तन आउने छैन ।" उहाँले भन्नुभयो ।

उहाँले नेपालमा उपद्रव गराउन साम्राज्यवादीहरूले पैसा पठाएको सार्वजनिक भइरहेको छ भन्नुभयो ।

अध्यक्ष रोहितले भन्नुभयो, "नेमकिपाका कार्यकर्ताहरूले बेलायत, फ्रान्स, अमेरिकाको पुँजीवादी आन्दोलन र रुस, चीन, क्युवा, भियतनाम, प्रजग कोरियाको समाजवादी क्रान्तिहरूबारे अध्ययन गर्नु जरुरी छ ।"

भेलामा नेमकिपाका सचिव एवं प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले नेपाली जनताले राणा शासन र पञ्चायती शासनको विरोधमा सङ्घर्ष गरे तर बहुदल र गणतन्त्रको ३५ वर्षयता सरकारमा गएका दलहरूले देश र जनताको नि:स्वार्थ सेवा गरेनन् । शासक दलहरूले खर्बौं खर्ब ऋण ल्याएर अलिकति सडक र पुल बनाउने कामलाई नै विकास गरेको दाबी गरे तर देश ऋणमा डुबेको उच्चारण गर्दैनन् ।

उहाँले भन्नुभयो, "नेमकिपाले चुनाव र अरु बेला पनि जनतालाई देश र संसारलाई बुझाउने काम गर्दै छ । राजनीतिक रूपले जनता सचेत र सङ्गठित नभएसम्म आदर्श समाज निर्माण हुनेछैन ।"

भेलामा नेपाल क्रान्तिकारी मजदुर सङ्घका उपेन्द्र सुवाल, विष्णुराम दुमरु र विक्रम ढुकुछुले पनि बोल्नुभएको थियो ।

## कविता

# के जुकालाई मत दिन मिल्छ ?

● ममता

पालैपालो प्रधानमन्त्री हुनेहरू
शीशी उही नयाँ लेभल लाउनेहरू
सत्ता पिपासु जुकाहरू
उपप्रधानमन्त्री र मन्त्री बन्नेहरू
वाद र सिद्धान्त नबुझेकाहरू
युवा खाडीमा पठाउनेहरू
चुनावमा जबरजस्ती जित्छौं भन्नेहरू
के यसरी स्थिर सरकार बन्ला ?
के सुन्दर भविष्य होला ?
के नवयुगको सुरुआत र सुशासन होला ?
के लोकतन्त्रको जित होला ?
खुट्टा ढोग्न आउँदैमा
के जनताको मत दिन मिल्छ ?

के 'खतरा' हेलिकप्टरमा भागेकै हो ?
कि 'जेल' तोडेर निस्केको हो ?
प्रधानमन्त्री बन्छौं भन्नेहरू,
क-कसको गोटी बन्दै होलान् ?
गाउँमा मान्छे बसाल्न नसक्नेहरू
सहरमा 'गृह' प्रवेश गर्नेहरू
गणतन्त्रको माला लगाउँदै
निर्वाचित 'राजा' बन्नेहरू
यो चुनावमा जित्ने भए
परिवर्तन कसरी होला ?
भुइँ मान्छे कसरी उठ्ला ?

*२०८२ माघ २५*

# युवाहरूलाई विदेशमा दाससरह काम गर्न बाध्य पार्ने सरकारहरू यसका दोषी

भक्तपुर । "२०४६ सालको आन्दोलनपछि सरकारमा गएका पुँजीवादी पार्टीका नेताहरूको अकर्मण्यता र तिनीहरूले गरेका भ्रष्टाचार, पक्षपात र राष्ट्रघाती सन्धिहरूको कारण देशको आर्थिक अवस्था नाजुक भएको हो । युवाहरूलाई रोजगारीको अवसर सिर्जना गरी देशलाई आत्मनिर्भर बनाउनुको सट्टा युवाहरूको श्रमशक्ति देशको उत्पादन क्षेत्रमा उपयोग नगरी विदेशमा दास सरह काम गर्न बाध्य पार्ने सरकारहरू यसका दोषी हुन् ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेमकिपा २ वडा समितिद्वारा आयोजित प्रवचन कार्यक्रम तथा निर्वाचन परिचालन समिति गठन कार्यक्रममा बताउनुभएको हो ।

उहाँले देशको प्राकृतिक सम्पदाहरू विदेशीलाई सुम्पेर मतदाताहरूलाई भोजभतेर खुवाउने, सामान र पैसा बाँड्ने पार्टीहरूले जनताको सेवाको लागि नभई विदेशीको स्वार्थ र निर्देशनमा काम गर्दै आएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले प्रखर प्रतिपक्षको भूमिका निभाउँदै आएको बताउँदै उहाँले ठुला भनाउँदा पार्टीहरू मिलेर भागबन्डा गरी देशलाई भड्खालोमा पुऱ्याएको इतिहास जनतामाझ पुऱ्याउने र जनतालाई सचेत पार्ने निर्वाचन एउटा अवसर हो भन्नुभयो ।

सांसद गोसाईले एमसीसीका पक्षपातीहरूले निर्वाचनमा जित्न सबै प्रकारका कुत्सित प्रयास अपनाउने हुँदा कार्यकर्ताहरू सचेत हुनुपर्नेमा जोड दिँदै नयाँ पुस्तालाई राजनैतिक रूपले सचेत गर्न नसकेसम्म विदेशी दलालहरूले दु:ख दिइरहने बताउनुभयो ।

कार्यक्रममा जी. लासिवाले नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले इमानदारीका साथ जनताको सेवा गर्दै आएको उल्लेख गर्दै राजनीतिमा उमेरले भन्दा विचार, सङ्घर्षमा योगदान, कार्य अनुभव, जनताको सेवा गर्ने र सार्वभौमिकता रक्षा गर्ने भावना महत्त्वपूर्ण हुने बताउनुभयो ।

उहाँले जनतालाई सही राजनैतिक विचार दिन नसकेसम्म विध्वंस भइरहने हुँदा नेपालको लागि समाजवादी व्यवस्था नै जनताको हित हुने नयाँ कुरा भएको बताउनुभयो । उहाँले देशको गुह्य कुरा विदेशीको हातमा पुऱ्याउने आई. एन. जी. ओहरू देशको लागि घातक हुने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका गंगाराम ज्याख्वले नेपाल मजदुर किसान पार्टीको स्थापना कामदार जनताको हितबाहेक अरु कुनै स्वार्थ नभएको स्पष्ट पार्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय आन्दोलनहरूको इतिहासबाट सिक्नुपर्ने बताउनुभयो । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका पूर्वअध्यक्ष रवीन्द्र खर्बुजाले नेमकिपाको स्थापना समाजको आमूल परिवर्तनको लागि नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारको खण्डन, रुसी संशोधनवाद, सामाजिक साम्राज्यवादमा पतन पुस्तक प्रकाशनसँगै राजनैतिक र सैद्धान्तिक सङ्घर्षलाई आधार बनाएर समाजवादी व्यवस्था स्थापना गर्ने लक्ष्य लिएर पार्टी स्थापना भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी २ वडा समितिका अध्यक्ष रत्नकाजी नायोभारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा गणेशप्रसाद सुवाल, सूर्यनारायण फाँजु र हरिराम सुवालले निर्वाचनमा जनतालाई राजनैतिक रूपले सचेत पार्नुपर्नेबारे बताउनुभयो ।

भेलाले रवीन्द्र खर्बुजाको संयोजकत्वमा २ वडा निर्वाचन परिचालन समिति गठन गरेको छ ।

## कविता

# संसद्मा जिउँदा मानिस चाहिन्छ !

● एसआर

उसले घमण्डका साथ भन्यो -
"संसद्मा त शक्तिशाली पुग्छन्,
एक-दुईमात्र जित्ने दलको कुनै अर्थ छैन
संसद् अब हाम्रो हुनेछ,
सरकार हाम्रै हुनेछ ।
भारेभुरेहरूको त्यहाँ कुनै काम छैन ।"

मैले विनम्रतापूर्वक भनेँ -
"यतिखेर जताततै चोरको बिगबिगी छ ।
चोरी-चकारी बढ्दो छ
अपराध चुलिँदो छ
लुटपाट मौलाउँदो छ
डाँकाहरू दिउँसै बस्ती पस्दै छन् ।
कतै चोर पस्दा, अपराधी घुस्दा
चोर आयो, चोर आयो भन्न सक्ने
निडर जागरुक मानिसको जरुरत छ ।
सिंहदरबारमा डाँका लाग्दा
सिंहदरबारहरूमा लुटपाट हुँदा
सिंहदरबारहरूमा आगो झोस्दा
गुहार गुहार भन्न सक्ने
एक-दुई भएनि बहादुर मान्छे सख्त जरुरत छ ।"

मैले जोशिलो स्वरमा थपेँ-
"यो देशको संसदमा दुई-चार नै सही
अत्यन्त बहादुर पहरेदार चाहिन्छ
सिंहदरबार जल्दा कुम्भकर्ण निद्रा नसुत्ने,
देशको झन्डा ओढी सिंहदरबार जलाउनेलाई
पाता फर्काइ देश घुमाउने ।
यो देशको संसद्मा दुई-चार नै सही
जिउँदा मानिसको सख्त जरुरत छ
यमराजको ढोका ढकढक्याउन सक्ने
यमराजलाई समेत कालकोठरीमै थुन्न सक्ने ।"

मैले उसलाई हाँक दिँदै भनेँ-
"याद गर,
हामी दुई-चार हौंला तर जिउँदा हुनेछौं
विभीषण होइन संसद्मा बोल्शेभिक बनेर लड्नेछौं।
क्रान्तिकारी संसद्वादको झन्डा फहराउनेछौं।

*माघ २१ गते*

# क्रान्तिको लागि क्रान्तिकारी पार्टी आवश्यक



सुर्खेत । नेमकिपाको ५२ औं स्थापना दिवसको अवसरमा नेमकिपा वीरेन्द्रनगर नगर समितिको आयोजनामा शनिबार अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सल्लाहकार समिति सदस्य नर्मा गुरूङले क्रान्तिलाई सही मार्गमा डोऱ्याउन क्रान्तिकारी पार्टीका साथै क्रान्तिकारी कार्यकर्ता आवश्यक हुन्छ भन्नुभयो ।

पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले पुँजीवादी संसदीय व्यवस्थाबाट समाजवादी व्यवस्था नआउने स्पष्ट पार्दै नेमकिपाले लेनिनवादी सिद्धान्तअनुसार निर्वाचनलाई क्रान्तिकारी उपयोग गरिरहेको बताउनुभयो ।

नेमकिपा जिल्ला समिति सुर्खेतका अध्यक्ष एवम् नेमकिपा कर्णाली प्रदेश सदस्य हरिबहादुर बोहोराले नेपाली कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन सैद्धान्तिक सङ्घर्षको निचोड भएको बताउँदै २०३१ माघ १० गते नेमकिपाको स्थापना भएको बताउनुभयो ।

नेमकिपा जिल्ला समिति सुर्खेतका उपाध्यक्ष अकलबहादुर रानाले नेमकिपाका तर्फबाट जननिर्वाचित सांसद प्रेम सुवालले संसद्मा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरी शासक पार्टीहरूलाई सतर्क गराएको बताउनुभयो ।

शेरबहादुर शाहीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कुश्माखर खनाल, इन्द्रप्रसाद न्यौपाने, मनबहादुर वि.क., अम्बर भण्डारी, अङ्गबहादुर शाहीलगायतले बोल्नुभएको थियो ।

# पेइचिङ रिभ्यूको झ्यालबाट संरा अमेरिकाको साम्राज्यवादी गतिविधि नियाल्दा

● समा

संरा अमेरिकी विदेश नीतिको मुकुण्डो उतारिँदै छ । साम्राज्यवादको असली अनुहार विश्वमा उदाङ्गो हुँदै छ । जनवरी २१ मा सम्पन्न विश्व आर्थिक मञ्च (World Economic Forum) को वार्षिक बैठकमा ट्रम्पले हाकाहाकी संरा अमेरिकालाई विश्वको एउटै मात्र महाशक्ति दाबी गरे, घमण्ड देखाए । गत जनवरी ३ मा भेनेजुयलाका राष्ट्रपति मादुरो दम्पत्तिमाथि गरिएको अपराध या अपहरण, डेनमार्कको ग्रिनल्यान्ड आफ्नो नियन्त्रणमा लिने तिकडमलाई ट्रम्पले आफू बलशाली हुनुको प्रमाण बताए । यो अभिव्यक्तिमा ट्रम्पको साम्राज्यवादी नियत प्रस्ट छ । ट्रम्पका पछिल्ला साम्राज्यवादी चालबाजी बुझ्न सघाउने पेइचिङ रिभ्यूका जनवरी र फेब्रुअरी अङ्कहरूबारे छलफल समीचीन होला । यहाँ वर्ष २०२६ अङ्क ४ जनवरी २२, अङ्क ५ जनवरी २९ र अङ्क ६ फेब्रुअरी ५ को विचार खण्डका महत्त्वपूर्ण लेखहरूको चर्चा गर्नु सामयिक होला । विशेषगरी पछिल्लो समय ट्रम्प प्रशासनले विश्वमा गरिरहेको उपद्रोहको आन्तर्य बुझ्न यी बुलेटिन पठनीय छन् ।

अन्तर्राष्ट्रिय दबुहरूमा ट्रम्प भेनेजुयलामाथिको कब्जालाई जायज ठहऱ्याउँदै ग्रिनल्यान्ड भौगोलिक रूपमा उत्तर अमेरिकाको हिस्सा भएकाले अमेरिका कै हुनुपर्ने कुतर्क गर्दै हिँडेका छन् । दोस्रो विश्वयुद्धको समयमा अमेरिकाले डेनमार्कका लागि ग्रिनल्यान्डमा सैन्य अखडा स्थापना गरेको रहेछ । त्यही आधारमा ट्रम्पले ग्रिनल्यान्डलाई आफ्नो भन्नु मुर्खता हो । तर उल्टै उनले ग्रिनल्यान्ड डेनमार्कलाई फिर्ता दिने पुरानो प्रशासनलाई 'मूर्ख' गाली दिए । साथै अहिले चीन र रुसबाट ग्रिनल्यान्डलाई खतरा छ र त्यो जोगाउने क्षमता केवल संरा अमेरिकासँग मात्र भएको दाबी गरे । ग्रिनल्यान्डको खनिजलाई आर्थिक सम्भावनाको आधार निर्माण गर्न पनि अमेरिका नै मात्र सक्षम भएको दाबी गरे । सम्भव भए "सजिलो तरिकाले" र आवश्यक परे 'कठोर तरिकाले' ग्रिनल्यान्ड लिन्छु भन्दै छन् ट्रम्प । जनवरी १७ मा त ट्रम्पले आफ्नो प्रस्तावको विरोध गर्ने आठ युरोपेली सहयोगी राष्ट्र–डेनमार्क, नर्वे, स्विडेन, फिनल्याण्ड, फ्रान्स, जर्मनी, बेलायत र नेदरल्यान्ड्समाथि १० प्रतिशत आयात भन्सार घोषणा गरे ।

दीर्घकालीन महाशक्ति प्रतिस्पर्धामा केन्द्रित अमेरिकी राष्ट्रिय सुरक्षा संरचनाका लागि अहिलेको लक्ष्य भनेको भूमि, स्रोतसाधन र समुद्रि मार्गमाथि नियन्त्रण सुनिश्चित गर्नु या २१ औँ शताब्दीमा पनि प्रभुत्वशाली बनिरहनु हो । ग्रिनल्यान्ड उत्तर एटलान्टिक-आर्कटिक रणनीतिक सङ्गमस्थलमा अवस्थित छ । तापक्रम बढ्दै जाँदा समुद्री बरफ पग्लँदै छ र आर्कटिक समुद्री मार्गहरू विश्वव्यापी आयात निर्यातमा झन्झन् महत्त्वपूर्ण बन्दै देखिँदै छन् । सन् २०१७ मा चीनले आफ्नो 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (BRI) मा आर्कटिक मार्गहरू समावेश गर्ने प्रस्ताव गर्दै रुससँग सहकार्यमा 'ध्रुवीय रेशम मार्ग' निर्माणको लक्ष्य राख्यो । आर्कटिक हुँदै चीनको पूर्वी तटलाई उत्तरी युरोपसँग जोड्ने समुद्री मार्गले स्वेज नहर हुँदै जाने परम्परागत मार्गको तुलनामा यात्रा समय ३० प्रतिशतसम्म घटाउँछ । यसले पनि रुस र चीनलाई निषेध गर्ने अमेरिकी नियत प्रस्ट हुन्छ भनी पेइचिङ रिभ्यूले लेखेको छ ।

ट्रम्पका अभिव्यक्ति या काम खुला अन्धराष्ट्रवादी या फासीवादी छन् भनी विश्वभर आलोचना छ । अन्तर्राष्ट्रिय कानुनको खुला उल्लङ्घनलाई सामान्यझैँ प्रस्तुत गर्नु र लामो समयदेखि संसारमा बदनाम भइसकेको उन्नाइसौँ शताब्दीको साम्राज्यवादलाई पुनर्जीवित गर्ने ट्रम्पको प्रयास विश्वजगतले देखेबुझेका छन् । पछिल्ला केही महिनामा ट्रम्प प्रशासन विशेषगरी दक्षिणी गोलार्द्धमा अत्यन्त आक्रामक देखिन्छ । भेनेजुयलाका राष्ट्रपति निकोलास मादुरोको अपहरण गर्दा कम्तीमा १०० जनाको मृत्यु भयो जसमध्ये कम्तीमा २० जना मादुरोका क्युबाली सुरक्षागार्ड थिए । यस अघि क्यारिबियन क्षेत्रमा अमेरिकी नौसेनाको जमघट, भेनेजुयलाका तेल ट्याङ्करहरूको जफत र लागूऔषध तस्करीमा संलग्न भएको आरोप लगाउँदै भेनेजुयलाका माछा मार्ने डुङ्गाहरू ध्वस्त पारिएका थिए । आक्रमण गर्नुभन्दा केही महिना अघि नै ट्रम्पले भेनेजुयलामा सीआईएका गोप्य अपरेशनहरू सञ्चालन गर्न अनुमति दिएको सार्वजनिक गरे ।

ट्रम्प प्रशासन कोलम्बिया, मेक्सिको र क्युबामाथि हाकाहाकी धम्की दिँदै छ । तर, कोलम्बिया कहिल्यै ट्रम्पको ५१ औँ राज्य नबन्ने घोषणा कोलम्बियाले गऱ्यो । इतिहास लामो हस्तक्षेप र त्योविरुद्ध कोलम्बियाली प्रतिरोधको कथा पेइचिङ रिभ्यूमा पढ्न पाइन्छ । त्यतिमात्र होइन मेक्सिको र क्युवा पनि ट्रम्प प्रशासनको ज्यादतीविरुद्ध सङ्घर्ष गर्दै छ । तर, ट्रम्प रोकिएका छैनन् उसले भर्खरै अर्जेन्टिनाका अतिवादी दक्षिणपन्थी नेता जाभियर मिलेइलाई समर्थन गरे । होन्डुरसको निर्वाचनमा हस्तक्षेप गर्दै नास्री अस्फुराको पक्षमा उभिए । अस्फुरा ट्रम्पका प्रमुख दाता पिटर थियलको लगानीका लागि होन्डुरसको अर्थतन्त्र खुला गर्ने योजना बनाएका व्यक्ति हुन् । ट्रम्पले पूर्व होन्डुरस राष्ट्रपति हुवान ओरलान्डो हेर्नान्डेजलाई क्षमादानको घोषणा गरे । हेर्नान्डेज २००४ देखि २०२२ सम्म होन्डुरस हुँदै अमेरिकातर्फ ४०० टनभन्दा बढी कोकिन तस्करीमा संलग्न भएको अभियोगमा अमेरिकी सङ्घीय अदालतले ४५ वर्षको जेल सजाय सुनाएको व्यक्ति हुन् । हेर्नान्डेजलाई दिएको क्षमादानले भेनेजुयलामा हस्तक्षेप गर्नुको कारण लागूऔषध तस्करी रोक्नु हो भन्ने ट्रम्पको दाबी पूर्णत: असत्य र खोक्रो साबित हुन्छ । ट्रम्पका प्रमुख सहयोगीमध्ये एक स्टेफन मिलरले ट्रम्प प्रशासनको वास्तविक लक्ष्य भेनेजुयलाको तेल आपूर्तिमाथि नियन्त्रण जमाउनु रहेको स्पष्ट पारे । मादुरो सरकारले तेल खानीमा राष्ट्रिय नियन्त्रण कायम राख्ने प्रयास नरोक्नु नै अपहरणको कारण बताए ।

ट्रम्पको पछिल्लो रवैया या विदेश नीतिलाई कतिले 'डोन्रो डक्ट्रिन' को संज्ञा दिए । यसलाई संरा अमेरिकी पाँचौँ राष्ट्रपति जेम्स मुन्रोले प्रस्ताव गरेको विदेश नीति 'मुन्रो डक्ट्रिन' को पुनरावृत्ति बताए । यो नीतिले ल्याटिन अमेरिकामा अमेरिकी साम्राज्यवादलाई वैध ठहऱ्याउँछ । ट्रम्प रणनीतिको मुख्य उद्देश्य दक्षिण एसियामा चीनको बढ्दो प्रभावलाई रोक्नु हो भन्ने बुझ्न अब गाह्रो छैन । त्यसकारण एसिया-प्रशान्त क्षेत्रमा सैन्य गतिविधि बढाउँदै छ ।

ट्रम्प प्रशासनले चीनविरुद्ध सिनोफोबिक या चीनविरोधी भाष्य अघि बढाएको धेरै भयो । अहिले प्रशान्त प्रतिरोध पहल (Pacific Deterrence Initiative – PDI) को नाममा बजेट विस्तार गर्दै चीनसँगको द्वन्द्वलाई चर्काएको देखिन्छ । ९ अर्ब डलरको यो कार्यक्रम जो बाइडेन प्रशासनले सुरु गरेको थियो जसको उद्देश्य एसिया-प्रशान्त क्षेत्रमा अमेरिकी युद्ध क्षमता बढाउनु हो । PDI को स्वार्थ भनेको करिब ८० वर्षअघि प्रशान्त युद्धपछि प्रयोगमा नआएका तर प्रशान्त टापुहरूमा रहेका अमेरिकी सैन्य अखडाहरूलाई पुन:सक्रिय बनाउनु हो । ती अखडाहरूमा ग्वाम नजिक मरिआना द्वीपसमूहको टिनियन टापुमा रहेको विमानस्थल पनि पर्छ । यो त्यही ठाउँ हो जहाँबाट दोस्रो विश्वयुद्धको समयमा हिरोशिमामाथि परमाणु बम खसाल्ने "इनोला गे" बमवर्षक विमान उडेको थियो । ओबामाको "एसियातर्फ मोड या फर्क" नीतिअन्तर्गत २०१२ मा अमेरिकी वायुसेनाले यो सैन्य अखडा पुन: आफ्नो नियन्त्रणमा लिएको थियो । प्रशान्त वायुसेनाका अमेरिकी कमाण्डर जनरल केनिथ विल्सबाक Kenneth Wilsbach ले एउटा अन्तर्वार्तामा भने – "सन् १९४६ मा अमेरिकी वायुसेनाले छोडेपछि जङ्गल यस अखडालाई पुन:सञ्चालनमा ल्याउने काम सम्पन्न भएपछि यो "विशाल" सैन्य सुविधासम्पन्न क्षेत्र बन्नेछ ।"

नोभेम्बर २०२५ मा रक्षा सचिव पिट हेगसेथले फिलिपिन्समा अमेरिकी सैन्य उपस्थिति विस्तार गर्न सक्ने संयुक्त सैन्य कार्यदल गठनको घोषणा गरे । त्यो कदम प्रत्यक्ष रूपमा चीनविरुद्ध लक्षित थियो । ट्रम्प प्रशासनले फिलिपिन्स र जापानबीच बढ्दो सैन्य सहकार्यलाई पनि सहयोग गरेको छ । जापानकी प्रधानमन्त्री सानाइ ताकाइची एक कट्टर साम्राज्यवादी हुन् । उनी आक्रामक युद्धनीतिको वकालत गर्छिन् । टोकियोको यासुकुनी स्रिइन Yasukuni shrine मा उनी बारम्बार जाने गर्छिन् जहाँ दोस्रो विश्वयुद्धका युद्ध अपराधीहरूलाई सम्मान गरिन्छ र जापानी महादेशीय सैन्य प्रभुत्व पुन:स्थापित गर्ने आकाङ्क्षा जीवित छ । यसर्थ जापानको नयाँ नेतृत्व जोखिमपूर्ण बाटो हिँड्दै छ । जापानी युवालाई आफ्नो देशले अन्य देशमा सैन्य हमला गर्दा ज्यान गुमाएका ३० लाखभन्दा बढी जापानी सैनिक र सर्वसाधारणबारे कुनै जानकारी छैन । जापानले कब्जा गरेका भूभागहरूमा जापानी सेनाले गरेका अत्याचारबारे अनभिज्ञ छन् । १९३७-३८ को नान्चिङ नरसंहारबारे बताएकै छैन । चिनियाँ सहर नान्चिङमा साम्राज्यवादी जापानी सेनाले विभत्स हिंसा र अत्याचार गरेको थियो । धैरै–धैरै त हिरोशिमा र नागासाकीमा आणविक बम खसाल्ने सोभियत सङ्घ हो, अमेरिका होइन भन्ने भ्रममा समेत छन् । जापानको प्रचार संयन्त्रले आजको पुस्तालाई जापानले कसलाई र किन क्षति पुऱ्यायो भन्ने बताएको छैन, सत्य लुकाइएको छ । बरु जापानी युवाहरूलाई आक्रामकता र प्रतिशोधको भावना दिइरहेको छ । जापानी समाज अझै पनि उपनिवेशकालीन युगलाई रोमाञ्चक रूपमा चित्रित गर्छ । कुनै बेला ताइवान उसकै सैन्य शासनअन्तर्गत थियो । टोकियोले चीनको अविभाज्य प्रान्तमाथि प्रभाव पुन:स्थापित गर्ने सपना कहिल्यै पूर्ण रूपमा त्यागेको छैन । यदि ताइवान चिनियाँ मुख्य भूमिसँग पुन:एकीकरण भयो भने ती महत्त्वाकाङ्क्षा सधैँका लागि बन्द हुनेछन् । यही कारणले जापान एक-चीन सिद्धान्तको औपचारिक समर्थन गरे पनि व्यवहारमा अलग बनाउने शक्तिहरूलाई बल पुऱ्याउन सक्रिय देखिन्छ । उदाहरणका लागि गत नोभेम्बरमा नयाँ प्रधानमन्त्री ताकाइचीले ताइवान जलडमरुमा युद्ध सुरु भए जापान सैन्य रूपमा संलग्न हुने प्रतिज्ञा गरिन् ।

डिसेम्बर २०२५ मा ट्रम्प प्रशासनले चीनको टापु प्रान्त ताइवानलाई १० अर्ब डलरभन्दा बढी मूल्यको हतियार बिक्री प्याकेज घोषणा गऱ्यो जसमा मध्यम दूरीका क्षेप्यास्त्र, होवित्जर तोप र ड्रोनहरू समावेश छन् । यो हतियार बिक्री रणनीति बराक ओबामा र जो बाइडेन प्रशासनदेखि नै चलिआएको हो । ताइवानमा अमेरिकी उद्देश्य भनेको चीनविरुद्ध पृथकतावादी तत्त्वहरूलाई समर्थन गर्दै ताइवानलाई अत्यधिक सशस्त्र 'पोर्कुपाइन' (काँडेदार जनावर) बनाउनु र अमेरिकी महादेशीय हस्तक्षेपको आधार बनाउनु हो जसरी हिजो शीतयुद्धकालमा ताइवानलाई प्रयोग गरिएको थियो ।


युक्रेनका लागि ट्रम्पको 'शान्ति योजना' मा थप अमेरिकी सैनिक र गुप्तचर एजेन्ट पठाउने कुरा समावेश छ । रुसलाई यो अस्वीकार्य हुनु स्वाभाविक हो । यता मध्यपूर्वमा फेरि ट्रम्पको 'शान्ति बोर्ड' अर्थात् Board of Peace को योजना सार्वजनिक छ । ट्रम्प प्रशासनले मध्यपूर्वका लागि इजरायललाई हतियार आपूर्ति बढाएको छ । Board of Peace को त्यो प्रस्ताव गाजा पूर्ण रूपमा ध्वस्त बनाएपछि विकास योजनाको नाममा गाजामा विदेशी शासन थोप्ने या नयाँ उपनिवेश बनाउने उपायको रूपमा ल्याइएको बुझ्न गाऱ्हो छैन । गाजाका लागि ट्रम्पको 'शान्ति बोर्ड' मा बेलायतका पूर्व प्रधानमन्त्री टोनी ब्लेयर समेत सहभागी छन् । यतिबेला यूयन अर्थात् संयुक्त राष्ट्र सङ्घको अस्तित्वबारे प्रश्न उठ्दै छ ।

ट्रम्पले इजरायलसँग मिलेर इरानमाथि बमबारी गरे र त्यहाँ भएका विरोध प्रदर्शनहरूको बिचमा पुन: आक्रमण गर्ने धम्की दिइरहेका छन् । ती अराजक प्रदर्शनी अमेरिकी गैरसरकारी संस्था र नेसनल एन्डोमेन्ट फर डेमोक्रेसी (NED) द्वारा उक्साइएको भन्ने प्रमाण बाहिरिँदै छ । इरानमा शासन परिवर्तन गराउने प्रयासमा ट्रम्पको प्रमुख सहयोगी सिरियाली नेता मोहम्मद अल-जोलानी हुन् जसको पृष्ठभूमि अल-कायदासँग जोडिएको छ । त्यतिमात्र होइन उनले पदच्युत राष्ट्रपति बशर अल-असदलाई समर्थन गर्ने शिया अलावाइटहरूको जातीय सफायामा सहयोग गरे । आफ्नो पहिलो कार्यकालमा ट्रम्पले असदविरुद्ध अमेरिकी नेतृत्वको शासन परिवर्तन अभियानलाई समर्थन गरे र अमेरिकी बमबारी तथा सैन्य हस्तक्षेपलाई जायज ठहऱ्याउन असदविरुद्ध दुष्प्रचार गरे । सिरियामा सुरु भएको हवाई आक्रमण ट्रम्पले बमबारी गरेको कम्तीमा सात देशमध्ये एक हो । अन्य देशहरू सोमालिया, इराक, यमन, इरान, भेनेजुयला र नाइजेरिया हुन् ।

पछिल्लो एक वर्षमा मात्रै ट्रम्पले अन्य देशमा ६२० भन्दा बढी हवाई आक्रमणको आदेश दिए । टफ्ट्स विश्वविद्यालयले सार्वजनिक गरेको US Military Interventions १७७६-२०१९ (२०२१) को प्रतिवेदनअनुसार सन् १७७६ देखि २०१९ सम्म अमेरिकाले अन्य देशमा ३९२ पटक सैन्य हस्तक्षेप गऱ्यो । जसको करिब आधा १९५० पछाडि र करिब एक चौथाइ १९९१ मा शीतयुद्ध समाप्त भएपछि भएको रेकर्ड छ । ट्रम्पले हालै २०२७ आर्थिक वर्षका लागि अमेरिकी सैन्य बजेट १५ खर्ब अमेरिकी डलर पुऱ्याउने इच्छा सार्वजनिक गरे । यो भनेको हाल अनुमानित १० खर्ब डलरको तुलनामा ५० प्रतिशत बढी हो । अहिले नै विश्वव्यापी कुल सैन्य खर्चको ४० प्रतिशत अमेरिका एक्लैले वहन गरिरहेको छ ।

आठ सयभन्दा बढी विदेशी सैन्य अखडाहरू भएको अमेरिकाले धेरै वर्षदेखि आफूलाई साम्राज्यवादी शक्तिको व्यवहार गर्दै छ यद्यपि अघिल्ला धेरै राष्ट्रपतिहरूले यो तथ्य लुकाउने प्रयास गरे र अमेरिकी सैन्य हस्तक्षेपलाई मानवीय हस्तक्षेपको रूपमा चित्रण गरे । ट्रम्प भने यस परम्पराबाट अलग देखिन्छन् उनी म्याकिन्लीजस्ता उन्नाइसौँ शताब्दीका साम्राज्यवादीहरूलाई खुलेआम प्रशंसा गर्छन् र अमेरिकी विदेश नीतिको मुखौटा पूर्ण रूपमा उतारिदिन्छन् । तर ट्रम्प र उनको आन्तरिक घेराले नबुझेको कुरा के हो भने उन्नाइसौँ शताब्दीयता संसार धेरै बदलिसकेको छ र एकध्रुवीय अमेरिकी विश्व प्रभुत्वको युग अब समाप्त भइसकेको छ । अब प्रभुत्वको विकल्प संसारसँग छ । यो विचार पेइचिङ रिभ्यूको हो ।








**जनतालाई...**
विपक्षमा मत दिँदै आएको उल्लेख गर्दै उहाँले नेपालको सार्वजनिक संस्थानहरू निजीकरणको नाममा विदेशी समेतलाई बेच्ने शासक दलहरूको नेमकिपाले विरोध गर्दै आएको छ भन्नुभयो ।

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्थाको आवाज उठाउँदै आएको स्पष्ट पार्दै उहाँले नेमकिपाले देशको सन्तुलित विकास गर्नुपर्ने प्रस्ताव राख्दै आएको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "ख्वप कलेजहरू सञ्चालन गरेर देशभरिका नयाँ पुस्तालाई उच्च शिक्षाको अध्ययन, सीप तालिम एवं विदेशी भाषाको समेत प्रशिक्षण दिँदै आएको नेमकिपा नै नयाँ विचार भएको पार्टी हो ।"

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईंले भन्नुभयो, "सरकारमा जानुमात्र राजनीतिक दलको काम होइन, महत्त्वपूर्ण कुरा देशको पक्षमा लड्नु हो । जनताको पक्षमा आवाज उठाउनु हो । इमानदारीपूर्वक सेवा गर्नु हो ।"

उहाँले भन्नुभयो, "इमान, विचार र सिद्धान्तमा बाँच्न गाह्रो हुन्छ । नेमकिपाले प्रतिपक्षमा बसेर देशलाई जोगाउँछ । संसद्मा प्रखर प्रतिपक्षको खाँचो छ ।"

नेक्रामसङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले समाजवादी व्यवस्थाले मात्र महिलाहरूको हित गर्ने विचार राख्दै भन्नुभयो, "साम्राज्यवाद सिङ्गो मानव समाजको निम्ति क्रूर हुन्छ, महिलाको लागि झन् बढी क्रूर हुन्छ ।"

नेक्रामसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष सृजना सैंजूको सभापतित्वमा सम्पन्न उक्त भेलामा वाग्मती प्रदेशसभा सांसद गीता काफ्लेले पनि आफ्नो विचार राख्नुभयो ।

शुक्रबार सम्पन्न सो कार्यक्रममा जनगायिका सपना शाहीले गीत प्रस्तुत गर्नुभयो । समितिका सदस्य गङ्गा वैद्यले पनि कार्यक्रममा बोल्नुभएको थियो ।

# सिद्धान्तहीन गठबन्धन र भागबन्डाले संसद्मा प्रमुख प्रतिपक्ष प्रभावहीन

भक्तपुर । नेपाल मजदुर किसान पार्टी ताथली वडा नं. ९ समितिको आयोजनामा माघ २४ गते पार्टीको ५२ औं स्थापना दिवस मनाइयो ।

पार्टीका सचिव प्रेम सुवालको आतिथ्यमा भएको उक्त कार्यक्रममा सचिव सुवालले भन्नुभयो, "संसदीय व्यवस्थामा बलियो प्रतिपक्ष हुनुपर्ने संवैधानिक व्यवस्था हो । नेपालमा संवैधानिक परिषद्मा प्रमुख प्रतिपक्ष नेता पनि सदस्य हुने व्यवस्था छ । तर, कम्युनिस्ट दाबी गरेकाहरू समेत सिद्धान्तहीन निर्वाचन मोर्चा र सत्ता गठबन्धनमार्फत पुँजीवादी सरकारको भागबन्डामा लागेको तथा प्रमुख प्रतिपक्षको भूमिका प्रभावकारी रूपमा नगरेको प्रस्ट छ ।"

राष्ट्रिय मानव अधिकार आयोगका अनुसार सरकारमा गएका दलहरूले जनताको समस्या समयमै समाधान नगरेको र सम्भावित उपद्रवबारे पूर्वानुमान गर्न नसकेको हुँदा भदौ २३ र २४ गतेको घटना भएको उल्लेख गर्दै उहाँले अमेरिकीहरूले नै एनईडी र आईआरआईजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमार्फत पैसा पठाएर नेपालमा उपद्रव गराइएको उल्लेख गरिसकेका छन् भन्नुभयो ।" सचिव सुवालले भन्नुभयो, "संसद् नीति, कार्यक्रम, बजेट, विधेयक, सन्धिसम्झौताबारे छलफल हुने थलो हो । शासक दलहरूले सरकार भागबन्डाको थलो बनाए । नेमकिपाका उम्मेदवारहरू देशैभरि जितेको खण्डमा मात्र सुन्दर भविष्य, नयाँ युगको सुरुआत, सुशासन र प्रजातन्त्रको जित हुने ढोका खोल्नेछ ।" उहाँले अगाडि भन्नुभयो, "यसअघि प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री भएकाहरूका दलहरूले निर्वाचन जितेमा देशमा स्थिरता कायम हुनेछैन; भ्रष्टाचार यथावत रहनेछ ।"

कार्यक्रममा नेमकिपा जिल्ला समितिका सचिव पाण्डव सुवाल, चानपा वडा नं. ९ का वडाध्यक्ष गणेश त्यात, समितिका अध्यक्ष राजाराम छुकां र रवीन्द्र बासुकलाले पनि बोल्नुभएको थियो ।

**के...**
अस्पतालहरूलाई बीमा कार्यक्रम सञ्चालन गर्न सोच्नुपर्ने अवस्थामा पुऱ्याएको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको पनि २५।२६ करोडभन्दा बढी भुक्तानी बाँकी रहेको त्यहाँ कार्यरत अस्पतालका पदाधिकारीहरू बताउँछन् । छिट्टै बाँकी भुक्तानी नदिएको अवस्थामा अस्पतालका कर्मचारीहरूलाई तलब दिन, उपकरण खरिद गर्न र अन्य आवश्यक व्यवस्था गर्न कठिन हुने अस्पताल पदाधिकारीहरूको भनाइ छ ।

स्वास्थ्य बीमामा आबद्ध नागरिकहरू कतिले अनावश्यक स्वास्थ्य जाँच गराउने, कति अस्पतालहरूले वास्तविकताभन्दा बढी भुक्तानी माग्ने जस्ता कार्यहरूले पनि बीमा बोर्डलाई ठूलो आर्थिक भार पर्न गएको दाबी पनि गरिएको छ । यो सत्य हो भने स्वास्थ्य बीमाको उद्देश्य, लक्षित वर्ग, सबै नागरिक बीमामा आबद्ध हुन उत्साहित गर्ने जनचेतनामूलक कार्यक्रमहरू अगाडि बढाउनुपर्छ ।

राज्य स्वास्थ्य बीमा कार्यक्रमबाट कुनै पनि हालतमा पछि हट्नु हुँदैन । बरु थप स्रोतको लागि प्रयास गर्न जरुरी छ । सुर्तीजन्य पदार्थ, मादक पदार्थ र अन्य विलासिताका सामानहरूमा थोरै मात्र भए पनि स्वास्थ्य कर लगाइएमा अरबौँ रुपैयाँ कोषमा जम्मा हुनेछ । यसबारे सरकारले सोच्न ढिलाइ गर्नु हुन्न ।

अहिले सबै दलहरू निर्वाचन घोषणापत्र तयारीको क्रममा रहेको हुँदा पार्टीहरूले स्वास्थ्य नीति तयार गर्दा घोषणापत्रमा स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता मात्र होइन अझ प्रभावकारी बनाउने प्रतिबद्धता आउनु जरुरी छ । विशेषगरी शासक दलहरू एमाले, नेका, नेकपा र नयाँ दलहरू जो सरकारको लागि भोट मागिरहेका छन्, ती पार्टीहरूको घोषणापत्रमा स्वास्थ्यलाई प्राथमिकतामा राखेर सबै नेपालीलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने र राज्यले हरेक नागरिकलाई सहज उपचारको व्यवस्था गर्ने प्रतिबद्धता उल्लेख हुनुपर्छ ।

**नेमकिपाको...**
नेमकिपाका केन्द्रीय सदस्य एवं प्राध्यापक समाज नेपालका केन्द्रीय अध्यक्ष सरोजराज गोसाईले 'आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास' पुस्तक सरल भएर पनि गम्भीर विषय समावेश रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पञ्चायत कालमै प्रकाशित उक्त पुस्तक शासकहरूले बेलैमा अध्ययन गरी शिक्षा लिएको भए देश आजको स्थितिमा पुग्ने थिएन ।"

नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले भूमि समस्या समाधान गर्नु जरुरी भएको धारणा राख्दै केन्द्रीय सदस्य गोसाईले कृषिलाई उद्योगसँग जोड्न नसकेकै कारण देशको अर्थतन्त्र कमजोर भएको बताउनुभयो ।

वैचारिक स्पष्टताबिना अगाडि बढ्न नसक्ने स्पष्ट पार्दै उहाँले 'विचार र सिद्धान्त चाहिँदैन' भन्ने गलत भाष्य प्रचार गरी जनतालाई धुलमुलमा राख्न खोज्नेप्रति कार्यकर्ताहरू सचेत हुनु जरुरी छ भन्नुभयो ।

हरेक कुरा अर्थतन्त्रले निर्धारण गर्ने भएकोले उत्पादनका मुख्य मुख्य साधन र स्रोत राज्यको स्वामित्वमा हुनुपर्ने र समाजवादी विचारधाराले मात्र नेपालको दिगो विकास सम्भव भएको केन्द्रीय सदस्य गोसाईले बताउनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले पठन संस्कृतिलाई विकास गर्ने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

कर्मचारी समाजका सदस्यहरू जनताको असल सेवकको रूपमा पहिचान बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

शासक पार्टीहरूको गलत अर्थनीतिकै कारण कृषिप्रधान देश खाद्यान्न आयात गर्नुपर्ने स्थितिमा पुगेको केन्द्रीय अध्यक्ष लासिवाले बताउनुभयो ।

अर्थशास्त्र समाजका केन्द्रीय अध्यक्ष मुरज दिदियाले नेपालको लागि वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोतमध्ये पर्यटन क्षेत्र प्रमुख भएकोले पर्यटन व्यवसायलाई प्राथमिकता राखी नीति बनाउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा दिव्यलक्ष्मी बज्राचार्य, प्रज्ज्वल खत्री, विकास प्रजापति, विनोदबहादुर शाही र रामकृष्ण प्रजापतिले पुस्तकबारे आ-आफ्नो अध्ययन सार राख्नुभएको थियो ।

कार्यक्रममा कर्मचारी समाजका केन्द्रीय सचिव शिवराम धुख्वाले पनि बोल्नुभएको थियो ।

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरूलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरूलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौं र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

***संसदमा...***
गराउनुपर्ने आवश्यक छ ।" उहाँले भन्नुभयो ।

उहाँले निर्वाचनमा प्रतिगामी दलहरूले कहिल्यै वातावरण नदिने हुँदा कार्यकर्ताहरू सबै सतर्क र सचेत रहनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला सदस्य तथा भक्तपुर निर्वाचन क्षेत्र नं २ का उम्मेदवार रमेश वैद्यले भक्तपुर नपाभित्र भएका ख्वप इन्जिनियरिङ कलेज, ख्वप अस्पताल, आदर निकेतन, शिशुस्याहार केन्द्र आदिको उत्कृष्ट कार्य उल्लेख गर्दै शिक्षा स्वास्थ्य देशैभर सर्वसुलभ बनाउन आगामी निर्वाचनमा नेमकिपा विजयी हुनुपर्ने तर्क गर्नुभयो ।

उहाँले जनताको घर दैलोसम्म सर्वसुलभ सेवा सुविधा र पारदर्शी कार्य सञ्चालनले भक्तपुर नपा परिचित भएको हुँदा देशभरिका सङ्घ संस्थाहरूले भक्तपुर नपाको अवलोकन भ्रमण गरेका छन् भन्नुभयो ।

नेमकिपाले विजय प्राप्त गरेको स्थानमा राम्रो बन्दोबस्ती र सुविधा भएको भन्ने तर निर्वाचनका समयमा अन्य दलहरूलाई मत दिने प्रक्रिया नरोकुञ्जेल देश विकासले गति नलिने विचार व्यक्त गर्नुभयो । उहाँले नेमकिपाले कुराभन्दा कामलाई प्राथमिकता दिने हुँदा कार्यकर्ताहरू जनताको घर-घरसम्म पुगी आवश्यक सहयोग गर्नुपर्ने सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्तालाई दिग्भ्रमित तुल्याउने कथित शक्तिहरूबाट बचाउन सचेत जनता सधैं चनाखो हुनुपर्छ ।"

नेमकिपा सूर्यविनायक नगर सचिव महेन्द्र बखुन्छेँले अदृश्य तथा बाह्य शक्तिको आड भरोसामा चुनाव लड्दा मालिकको सेवा गर्न जनतालाई धोखा दिने दलहरू सच्चा राजनीतिक पार्टी नहुने तर्क राख्नुभयो । उहाँले नयाँ विकास भएका दलहरूतिर सङ्केत गर्दै विदेशी शक्तिले नयाँ घोडा चयन गरेको हुन सक्ने आशङ्का व्यक्त गर्नुभयो ।

उहाँले नेमकिपाले ४४ प्रतिशत प्रत्यक्ष महिला उम्मेदवारी दिँदा पनि खेदो खन्ने कथित ठूला दलहरूले करिब ६ प्रतिशतमात्र प्रत्यक्ष महिला उम्मेदवार उठाएको तीतो यथार्थलाई जनताले मूल्याङ्कन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

"श्रमिक, मजदुर वर्गलाई अगाडि बढाई समाजवादी व्यवस्थालाई अगाडि बढाउन नेमकिपा सधैं सङ्घर्ष गर्दछ ।" उहाँले भन्नुभयो ।

नेक्राकिसङ्घ भक्तपुर जिल्ला सदस्य राजेन्द्र बखुन्छेँले रुसी संशोधनवाद र खोटा विचारहरूको खण्डन गर्दै नेमकिपा ५२ वर्ष पहिले स्थापना भएको प्रसङ्ग उल्लेख गर्नुभयो ।

"मोहियानी हक सुरक्षा गर्न, बाली काट्ने आन्दोलन, साँढे धपाउने आन्दोलन आदि किसानको हित हुने कार्यमा नेमकिपाले अतुलनीय योगदान दिएको छ ।" उहाँले भन्नुभयो ।

कार्यक्रममा सूर्यविनायक नपा-७ का संयोजक सूर्यबहादुर पञ्च र सदस्य राजु सैंजूले नेमकिपाका देशभक्त उम्मदेवारहरूलाई विजयी गराउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**एकक्षण** | **प्रधान**

## प्रजातन्त्रमा दलको के महत्त्व ?

देशको निम्ति व्यक्तिको महत्त्व भएजस्तै जनताको पनि त्यत्तिकै महत्त्व हुन्छ । क्षेत्रफलले मात्र देश बन्दैन बस्ने जनता चाहिन्छ । जनताको सेवा गर्न 'राज्य' र 'समाज' हुन्छ र चाहिन्छ । अनि, 'राज्य'लाई जोगाउन जनता अनिवार्य हुन्छ । देशको स्वतन्त्रता र सार्वभौमिकता बचाउने शक्ति जनता हो । जनता नै सेनामा हुन्छ र सेनारूपी जनताले मात्र देशको स्वतन्त्रता र सार्वभौमिकता जोगाउन सक्छ अनि मात्र राज्यको अस्तित्वलाई सरकारले प्रतिनिधित्व गर्छ ।

देशको राज्य व्यवस्थाको निम्ति सङ्घर्षशील सारा जनता राज्यको अङ्ग हो । अनि, राजनीतिक दलहरूले पनि देश र जनताकै सेवा गर्न आ-आफ्नै विश्वासअनुसार व्याख्या, विश्लेषण र राज्यलाई बाटो देखाउन खोज्छन् - जनताको स्वीकृतिअनुसार ! यस अर्थमा सबै राजनीतिक दलहरू र तिनीहरूको सिद्धान्त-दर्शन अनि आ-आफ्ना सदस्य सामूहिक रूपले समर्पित हुन्छन् - देश र जनताको निम्ति ! निर्वाचनमा कुनै दलले बहुमत प्राप्त गर्नुको अर्थ हो - बहुमत प्राप्त दलले 'निर्वाचन घोषणापत्र' को आधारमा सेवा गर्ने प्रतिज्ञा ! आफ्नो प्रतिज्ञा पूरा नगरेमा धेरै देशहरूमा प्रत्याह्वान (जनताका प्रतिनिधिहरूलाई फिर्ता बोलाइने) परम्परा पनि छ । त्यसबेला ती पार्टीका नेताहरूले पार्टीले होइन, प्रधानमन्त्रीले मात्र घोषणापत्रको अवज्ञा गरेको र वाचा तोडेको' भन्ने होइन । बरु, पार्टीका अन्य नेताहरूको बहुमतले अविश्वासको प्रस्ताव पारित गरी नियमअनुसार 'प्रधानमन्त्री' लाई अपदस्थ गर्नसक्छ ।

'निर्वाचन घोषणापत्र'को आधारमा प्रधानमन्त्रीले कुनै स्वदेशी वा विदेशी शक्तिको दबाबमा आएर वाचाको अवज्ञा गऱ्यो भने 'प्रधानमन्त्री'ले नैतिकताको आधारमा वा संसद्मा राजीनामा गर्नु आवश्यक हुन्छ ।

हिजो प्रधानमन्त्रीले जनताको माग पूरा नगर्दा वा अरू दलसँग मिलेर बारम्बार बहुमतको शक्ति देखाए, त्यो जबरजस्ती सम्झिनेछ र त्यसको परिणाम अर्को जबरजस्तीको आह्वान गर्नु हुनेछ । आफ्नै दल वा प्रतिपक्षले काम गर्न नदिँदा प्रधानमन्त्रीले अर्को निर्वाचनको घोषणा तर्कसङ्गत र पुनः जनतामा गएर औचित्य कुन पक्षमा छ भनी परीक्षण गर्नु अनुभवसिद्ध अग्निपरीक्षा हो ।

तर, केही सत्ता शासनमा रहिरहन खोज्ने र बरोबर चिट्ठा वा म्युजिकल चेयरको शैलीबाट अकङ्टक शासन गर्ने पूर्णरूपले प्रजातन्त्रविरोधी उपाय हो । साथै, सर्वोच्च अदालतमा आफूहरू सत्तामा रहँदा आ-आफ्ना न्यायाधीशहरू मनोनीत गरी लामो समय सत्तामा बस्ने उपाय पनि निर्वाचनमा गरेको प्रतिज्ञाको उल्लङ्घन सरह नै देखियो ।

कोही 'पार्टी हेर्ने होइन व्यक्ति हेर्ने' दृष्टिकोण राख्छन् । त्यो विचार देशमा पार्टीगत प्रजातन्त्रको विरोध गर्नु र निर्दलीय प्रजातन्त्रकै इच्छा राख्नु साबित हुनेछ । पार्टीमा समावेश भएकाहरू सबैले अनुशासनमा बस्नैपर्छ, त्यसो नगर्दा शासक दलहरूले अर्का दलका सांसदहरू अपहरण गरेको र दल बदल गराएको पनि देखियो । त्यसले नेपालको प्रजातन्त्र कमजोर हुँदै गएको सबैले अनुभव गरेकै विषय हो ।

केही व्यक्तिले आफूहरू प्रधानमन्त्री हुने चाहना राख्नु उसको इच्छा हो । तिनीहरूको इच्छा सबैले मान्नुपर्छ भनी अनेक दबाब पुऱ्याउनु प्रजातन्त्रविरोधी आग्रह हुनेछ । अमेरिकाको वर्तमान राष्ट्रपति ट्रम्प त्यस्तै व्यक्ति ठहरिए । कति अमेरिकीहरू ट्रम्पलाई 'अस्थिर मन' को व्यक्ति, 'धम्की र घुर्की' ले मित्र देशहरूलाई सधैँ आतङ्कित पार्ने व्यक्ति भनी बताउँछन् । त्यसको अर्थ - उनी प्रजातन्त्र र जनताप्रति समर्पित नभएको भन्ने हो । कतिले अमेरिकामा राजतन्त्र ल्याउन खोजेको वा 'अमेरिकी गणतन्त्रको राजा' सम्म भन्न भ्याए ।

यसकारण, नेपालमा 'प्रधानमन्त्री' बन्ने व्यक्तिगत लालसा राख्नु एउटा कुरा हो तर त्यो इच्छा विदेशी शक्तिको आडमा हुने देखियो भने देशको अहितको इच्छा हुन जानेछ । नयाँ पुस्तामा धेरै धेरैको मनमा त्यही लालसा जागेमा 'व्यक्तिवादको चरम' हावाहुरी चल्न सक्छ । त्यसले नेपालको प्रजातन्त्रलाई भलो गर्दैन भनी इतिहासले बारम्बार देखाइसकेको छ । यसकारण, प्रजातन्त्रमा दलको महत्त्व व्यक्तिको भन्दा प्रबल हुनु आवश्यक छ ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३